# नगर शिक्षा योजना

## मेलौली नगरपालिका

## २०८३-२०९२

प्रकाशक

**मेलौली नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

मेलौली, बैतडी

सुदूरपश्चिम प्रदेश नेपाल

## हाम्रो भनाइ

समृद्ध, समतामूलक र सभ्य समाज निर्माणको आधारशिला शिक्षा हो । शिक्षाले नागरिकमा ज्ञान, सीप, क्षमता, नैतिक मूल्य र उत्तरदायित्वको विकास गर्दै सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणको आधार निर्माण गर्दछ । नेपालको संविधान, २०७२ ले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको संवैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८), दिगो विकास लक्ष्य (SDG-4), राष्ट्रिय शिक्षा नीति तथा मेलौली नगरपालिकाको स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकतालाई आधार मानी यो नगर शिक्षा योजना (२०८३-२०९२) तयार गरिएको हो ।

शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण, विद्यालयस्तरीय तथ्याङ्क, सरोकारवालासँगको व्यापक परामर्श, शिक्षा क्षेत्रको SWOT विश्लेषण तथा समस्या विश्लेषणले बालबालिकाको  सिकाइ उपलब्धि सुधार, समतामूलक, गुणस्तरीय तथा समावेशी शिक्षा, प्रारम्भिक बालविकास, आधारभूत शिक्षा र माध्यमिक शिक्षा, विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि, नव प्रवर्तनमा आधारित शिक्षकको पेशागत क्षमता अभिवृद्धि, विद्यालय सुशासन, विद्यालय बाहिर रहेका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चितता, शैक्षिक समानता तथा विद्यालय शिक्षामा स्रोत-साधनको प्रभावकारी व्यवस्थापन जस्ता क्षेत्रमा उल्लेखनीय सुधार आवश्यक रहेको देखाएको छ । साथै, नगरपालिका क्षेत्रको भौगोलिक विकटता, सामाजिक-आर्थिक असमानता, बसाइँसराइ तथा घट्दो जनसङ्ख्या, गरिबी, लैङ्गिक तथा सामाजिक विभेद र सीमित स्रोत-साधनजस्ता चुनौतीहरूले गुणस्तरीय शिक्षाको सुनिश्चिततामा प्रभाव पारेको छ ।

यी चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्न "समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा सीपमूलक शिक्षामार्फत सक्षम, नैतिक, उद्यमशील, प्रतिस्पर्धी र जिम्मेवार नागरिक निर्माण भएको नगरपालिका" दूरदृष्टिलाई साकार पार्ने उद्देश्यले यस योजनामा स्पष्ट ध्येय, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि तथा कार्यान्वयन ढाँचा निर्धारण गरिएको छ । यस योजनाले स्थानीय स्रोत, नवप्रवर्तन, साझेदारी र सुशासनलाई प्रवर्द्धन गर्दै प्रत्येक बालबालिकालाई गुणस्तरीय सिकाइको समान अवसर सुनिश्चित गर्ने दिशामा मार्गदर्शन गर्ने विश्वास लिइएको छ ।

यस नगर शिक्षा योजनाको सफल कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, समुदाय, निजी क्षेत्र, नागरिक समाज तथा विकास साझेदारहरूको सक्रिय सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य छ । योजनाको नियमित अनुगमन, वार्षिक समीक्षा तथा आवश्यकताअनुसार अद्यावधिक गर्दै शिक्षा क्षेत्रलाई समयसापेक्ष, उत्तरदायी र परिणाममुखी बनाइनेछ ।

अन्त्यमा, यस स्थानीय शिक्षा योजना (२०८३-२०९२) को निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने मेलौली नगर शिक्षा समिति, नगर कार्यपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालयका प्रधानाध्यापक, शिक्षक, जनप्रतिनिधि, सरोकारवाला निकाय, विज्ञहरू, शिक्षा योजना लेखन कार्यदल, लेखाजोखा समिति तथा प्राविधिक सहजीकरण र सहयोग प्रदान गर्नुहुने सामुदायिक विकास केन्द्र (CDC) डोटी/बी.टेक सर्भिस प्रा.लि. डोटी प्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । यस योजनाको प्रभावकारी कार्यान्वयनमार्फत मेलौली नगरपालिकालाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री र सिकाइ उपलब्धिमा उत्कृष्ट स्थानीय तहका रूपमा स्थापित गर्ने हाम्रो साझा प्रतिबद्धता व्यक्त गर्दछु ।

भीम बहादुर चन्द

नगर प्रमुख

## विषय सूची

**हाम्रो भनाइ** ........ **I**

**योजनाको सारांश** ........ **III**

**परिच्छेद १** ........ **1**

**परिचय** ........ **1**

१.६ शिक्षा क्षेत्रको SWOT विश्लेषण ........ 11

**परिच्छेद २** ........ **16**

**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ **16**

**परिच्छेद ३** ........ **28**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** ........ **28**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 28
३.२ आधारभतू शिक्षा ........ 32
३.३ माध्यमिक शिक्षा ........ 35
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा ........ 38
३.५ जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षा ........ 42

**परिच्छेद ४** ........ **46**

**अन्तरसम्बन्धित विषय क्षेत्रहरु** ........ **46**

**परिच्छेद ५** ........ **72**

**विद्यालय सुशासन तथा व्यवस्थापन** ........ **72**

**परिच्छेद ६** ........ **87**

**लगानी र स्रोत व्यवस्थापन** ........ **87**

**परिच्छेद ७** ........ **97**

**कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** ........ **97**

**अनुसूचीहरु** ........ **104**

## योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ । योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, विद्यालय छोड्ने दर न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### (क)विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, उद्देश्य (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीतामूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

## (ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ ।

शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले उद्देश्य (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

### (ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको हो ।

- क) नेपालको संविधान
- ख) सोह्रौँ आवधिक योजना
- ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- छ) उद्देश्य
- ज) राष्ट्रिय शिक्षा नीति २०७६,
- झ) दिगो विकास लक्ष्य
- ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
- ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
- ड) स्थानीय तहका जनप्रतिनीधिहरुको घोषणापत्र
- ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको हो ।

- क) कार्यपालिकाको बैठकको निर्णय
- ख) योजना निर्माणका लागि सेवा प्रदायक संस्था छनौट

ग) योजना निर्माण कार्यदल गठन

घ) सरोकारवालाहरुसँग प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

ङ) योजना निर्माण कार्यदलको सहभागितामा समस्या विश्लेषण कार्यशाला

च) प्रथम मस्यौदा तयारी

छ) योजनाको मस्यौदामाथि सरोकारवालाहरुको सुझाव संकलन कार्यशाला

ज) योजनाको अन्तिम रुप

झ) योजनाको मूल्याङ्कन तथा लेखाजोखा

ञ) योजनाको स्वीकृति र कार्यान्वयन

**(घ) योजनाको दस्तावेजको संरचना**

यस स्थानीय उद्देश्यलाई व्यवस्थित, कार्यान्वयनमुखी तथा नतिजामुखी बनाउन सात परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, सामाजिक तथा आर्थिक सन्दर्भ, शिक्षा क्षेत्रको विद्यमान अवस्था, प्रमुख समस्या, चुनौती तथा अवसरहरूको विश्लेषण प्रस्तुत गरिएको छ। दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतिक प्राथमिकता तथा कार्यान्वयनबाट प्राप्त हुने प्रमुख अपेक्षित उपलब्धिहरू समावेश गरिएका छन्। तेस्रो परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी लक्ष्य, रणनीति र कार्यक्रमहरूको रूपरेखा समेटिएको छ । चौथो परिच्छेदमा विद्यालय शिक्षासँग सम्बन्धित अन्तरसम्बन्धित विषयहरू, जस्तै पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा पेशागत विकास, समता तथा समावेशीकरण, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास तथा शिक्षामा सूचना एवं सञ्चार प्रविधिको प्रयोगसम्बन्धी विषयहरू समावेश गरिएको छ । पाँचौँ परिच्छेदमा विद्यालय सुशासन तथा व्यवस्थापन, संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन सम्बन्धी व्यवस्था, समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको व्यवस्था उल्लेख गरिएको छ । छैटौँ परिच्छेदमा योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक लगानी, वित्तीय स्रोत तथा स्रोत परिचालनका उपायहरू प्रस्तुत गरिएको छ। अन्तिम अर्थात् सातौँ परिच्छेदमा योजना कार्यान्वयनबाट हासिल हुने अपेक्षित समग्र नतिजा, प्रमुख उपलब्धि तथा प्रगति मापनका लागि प्रयोग हुने मुख्य कार्यसम्पादन सूचकहरू समावेश गरिएका छन्।

## परिच्छेद १
## परिचय

### १.१ भौगोलिक अवस्थिति

मेलौली नगरपालिका सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको दक्षिण–पूर्वी भागमा अवस्थित एक महत्त्वपूर्ण स्थानीय तह हो । नेपालको संविधान, २०७२ लागू भए संगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार स्थापित यस नगरपालिकामा ९ वटा वडा रहेका छन् र यसको कुल क्षेत्रफल ११९.४३ वर्ग किलोमिटर रहेको छ । भौगोलिक रूपमा यो नगरपालिका करिब २९°२४' देखि २९°२६' उत्तर अक्षांश तथा ८०°२५' देखि ८०°२८' पूर्व देशान्तर बीच अवस्थित छ । नगरपालिकाको केन्द्रबिन्दु करिब २९.२५° उत्तर अक्षांश र ८०.२४° पूर्व देशान्तर मा पर्दछ ।

साविकका मेलौली, महारुद्र, बिशालपुर, दुर्गास्थान (१, २, ३, ८ र ९ वडाहरु), सलेना, शिवनाथ (६, ७, ८ र ९ वडाहरु), रोडिदेवल (४, ५, ६ र ७ वडाहरु) गा.वि.स.हरु समाबेस गरी घोषणा गरिएको मेलौली नगरपालिकासमुद्री सतहबाट करिब ७०० मिटरदेखि २,५०० मिटर भन्दा बढी उचाइसम्म फैलिएको यस नगरपालिकाको भू-बनोट मुख्यतः मध्यपहाडी तथा उच्च पहाडी प्रकृतिको रहेको छ । यहाँ डाँडाकाँडा, भिरालो जमिन, खोला–नाला, नदी तथा साना उपत्यकाहरू रहेका छन् । उचाइगत विविधताका कारण नगरपालिकामा उपोष्णदेखि समशीतोष्ण जलवायु पाइन्छ, जसले कृषि प्रणाली, प्राकृतिक वनस्पति, जैविक विविधता तथा मानव बसोबासको स्वरूपलाई प्रभाव पारेको छ ।

नगरपालिकाको पूर्वतर्फ पाटन नगरपालिका र डडेल्धुरा जिल्लाको अजयमेरु गाउँपालिका, उत्तरतर्फ दशरथचन्द नगरपालिका, पश्चिमतर्फ पञ्चेश्वर गाउँपालिका र शिवनाथ गाउँपालिका र दक्षिणतर्फ शिवनाथ गाउँपालिका, डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका रहेका छन् । पहाडी भू-बनोटका कारण अधिकांश बस्तीहरू छरिएर रहेका छन् भने सडक सञ्जाल विस्तार भइरहे पनि केही बस्तीमा वर्षायामका बेला यातायात आवागमन प्रभावित हुने अवस्था विद्यमान छ ।

शिक्षाको दृष्टिकोणबाट नगरपालिकाको भौगोलिक बनावटले विद्यालयमा पहुँच, विद्यार्थीको नियमित उपस्थिती, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीको ढुवानी तथा विद्यालय पूर्वाधार विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । विशेषगरी दुर्गम तथा छरिएका बस्तीका विद्यार्थीले विद्यालय पुग्न लामो दूरी पैदल यात्रा गर्नुपर्ने अवस्था रहेको छ । त्यसैले स्थानीय उद्देश्य कार्यान्वयन गर्दा भौगोलिक विकटता, प्राकृतिक विपद्को जोखिम, बस्तीको छरिएको स्वरूप तथा यातायात पहुँचलाई ध्यानमा राखी विद्यालयको पहुँच विस्तार, सुरक्षित तथा समावेशी सिकाइ वातावरणको विकास, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग तथा विपद् उत्थानशील शैक्षिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिन आवश्यक देखिन्छ ।

### १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार मेलौली नगरपालिकाको कुल जनसंख्या २०,६५८ रहेको छ । यसमध्ये पुरुष जनसंख्या ९,५०१ (४६ प्रतिशत) रहेको छ भने महिला जनसंख्या ११,१५७ (५४ प्रतिशत) रहेको छ । यस तथ्याङ्कले नगरपालिकामा महिलाको जनसंख्या पुरुषको तुलनामा बढी रहेको स्पष्ट गर्दछ । प्रति १००

महिलामा पुरुषको संख्या ८५.१६ रहेको लिङ्ग अनुपातले पनि नगरपालिकामा महिलाको तुलनात्मक बाहुल्यता रहेको देखाउँछ।

नगरपालिकामा कुल ४,५३६ घरधुरी रहेका छन्। यस आधारमा प्रति घरधुरी औसत करिब ४.५५ जना सदस्य बसोबास गर्ने गरेको अनुमान गर्न सकिन्छ। यसले नगरपालिकामा मध्यम आकारका परिवारहरूको बाहुल्यता रहेको संकेत गर्दछ। घरधुरीको संख्या तथा जनसंख्याको वितरणलाई आधार मानी शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक, विद्युत्, सञ्चार तथा अन्य आधारभूत सेवाहरूको योजना तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

लिङ्गगत संरचनाको विश्लेषण गर्दा महिला जनसंख्या बढी रहेको अवस्थाले महिला सशक्तीकरण, मातृ तथा प्रजनन स्वास्थ्य, महिला उद्यमशीलता, सीप विकास, लैङ्गिक समानता तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिन्छ। त्यसैगरी, वैदेशिक रोजगारी, बसाइँसराइ तथा अन्य सामाजिक-आर्थिक कारणले कार्यशील उमेरका पुरुषहरूको संख्या तुलनात्मक रूपमा कम हुन सक्ने अवस्थालाई समेत स्थानीय योजना निर्माणमा विचार गर्नुपर्ने हुन्छ।

नगरपालिकाको जनसंख्या संरचना, घरधुरी संख्या तथा लिङ्ग अनुपात स्थानीय विकास योजनाको आधारभूत सूचकका रूपमा महत्वपूर्ण छन्। यी तथ्याङ्कका आधारमा नगरपालिकाले समावेशी, लैङ्गिक उत्तरदायी तथा आवश्यकतामा आधारित सेवा प्रवाह सुनिश्चित गर्न सक्नेछ। साथै, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सामाजिक सुरक्षा, विपद् व्यवस्थापन तथा आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा जनसंख्याको आकार, वितरण तथा घरधुरी संरचनालाई विशेष ध्यान दिनु आवश्यक हुन्छ। यसरी जनसंख्यासम्बन्धी यथार्थ अवस्थाको विश्लेषणले नगरपालिकाको दीर्घकालीन विकास योजना, आवधिक योजना तथा क्षेत्रगत योजनाहरूलाई प्रभावकारी, समावेशी र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गर्दछ।

## **१.३ सामाजिक तथा सांस्कृतिक अवस्था**

मेलौली नगरपालिका सामाजिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले ऐतिहासिक महत्त्व बोकेको क्षेत्र हो। यस नगरपालिकामा अवस्थित प्रसिद्ध मेलौली भगवती मन्दिर, ग्वाल्लेक केदारधाम तथा महारुद्रधाम लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाले यस क्षेत्रको विशिष्ट पहिचान स्थापित गरेका छन्। यी धार्मिक स्थलहरूले आन्तरिक तथा बाह्य धार्मिक पर्यटन प्रवर्द्धन गर्नुका साथै स्थानीय सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिलाई समेत टेवा पुऱ्याउँदै आएका छन्।

यस नगरपालिकामा मुख्य रूपमा ब्राह्मण, क्षेत्री, दलित लगायत विभिन्न जातजातिको बसोबास रहेको छ। धार्मिक आधारमा हेर्दा यहाँका सबै अर्थात् १०० प्रतिशत जनसंख्या हिन्दू धर्मावलम्बी रहेका छन्। भाषागत रूपमा ९४.४ प्रतिशत जनसंख्याले बैतडेली भाषा, १.०७ प्रतिशत ले डोटेली भाषा र ०.२ प्रतिशत ले नेपाली भाषा मातृभाषाका रूपमा प्रयोग गर्ने तथ्याङ्क रहेको छ।

मेलौली नगरपालिकामा धुनी पर्व, बिसु पर्व, देही जात्रा (देजाँत), ओल्के सङ्क्रान्ति, गौरा पर्व, दशैँ, तिहार, माघे सङ्क्रान्ति, श्रीपञ्चमी, फागु पर्व, शिवरात्री, लगायतका धार्मिक तथा सांस्कृतिक पर्वहरू सामूहिक रूपमा हर्षोल्लासका साथ मनाइन्छन्। यस्ता पर्व तथा उत्सवहरूले सामाजिक एकता, पारस्परिक सद्भाव, सहिष्णुता

तथा सहकार्यको भावनालाई थप सुदृढ बनाउँदै आएका छन् । पछिल्ला वर्षहरूमा शहरीकरण, वैदेशिक रोजगारी तथा आन्तरिक बसाईँसराइका कारण सामाजिक तथा सांस्कृतिक अन्तरघुलन बढ्दै गएको छ, जसले आधुनिक जीवनशैली र मौलिक परम्पराबीचको समन्वयलाई प्रतिबिम्बित गरेको छ ।

समग्रमा, मेलौली नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त, समावेशी तथा परिवर्तनशील रहेको छ । बहुजातीय सामाजिक संरचना, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा तथा ऐतिहासिक पहिचान यस क्षेत्रका प्रमुख विशेषता हुन् । तथापि, तीव्र शहरीकरण, युवा जनशक्तिको बाह्य पलायन, परम्परागत संस्कृतिको संरक्षणमा देखिएका चुनौती तथा सामाजिक-आर्थिक असमानताले सामाजिक विकासमा केही चुनौतीहरू सिर्जना गरेका छन् । त्यसैले नगर शिक्षा योजनाका उद्देश्य कार्यान्वयनका क्रममा समावेशी शिक्षा, सांस्कृतिक सम्पदाको संरक्षण, स्थानीय भाषा तथा संस्कृतिको प्रवर्द्धन, लैङ्गिक समानता, सामाजिक न्याय तथा समुदायको सक्रिय सहभागितालाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ । यसले स्थानीय पहिचानको संरक्षण गर्दै समावेशी, गुणस्तरीय र दिगो शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### १.४ आर्थिक अवस्था

मेलौली नगरपालिकाको अर्थतन्त्र मुख्यतः कृषि प्रणालीमा आधारित रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा आर्थिक गतिविधिमा संलग्न जनसंख्यामध्ये ७९.३१ प्रतिशत कृषि क्षेत्रमा आबद्ध रहेका छन् । त्यसैगरी ५.८ प्रतिशत थोक तथा खुद्रा व्यापार, ४.४ प्रतिशत निर्माण क्षेत्र तथा ३ प्रतिशत शिक्षा क्षेत्रमा संलग्न रहेका छन् भने बाँकी जनसंख्या उत्पादन, सेवा तथा अन्य विभिन्न पेशा-व्यवसायमा आबद्ध रहेको पाइन्छ । यसले नगरपालिकाको आर्थिक आधार कृषि भए पनि व्यापार, निर्माण तथा सेवा क्षेत्र क्रमशः विस्तार हुँदै गएको संकेत गर्दछ ।

आर्थिक गतिविधिमा संलग्न रहने अवधिका आधारमा हेर्दा कुल जनसंख्यामध्ये ४४.१ प्रतिशत व्यक्ति वर्षमा ६ महिनाभन्दा बढी आर्थिक गतिविधिमा संलग्न रहेका छन् भने १४.२ प्रतिशत व्यक्ति ३ देखि ६ महिना र १८.२ प्रतिशत व्यक्ति ३ महिनाभन्दा कम अवधिसम्म मात्र आर्थिक गतिविधिमा संलग्न रहने गरेका छन् । साथै २५.६ प्रतिशत जनसंख्या कुनै पनि आर्थिक गतिविधिमा संलग्न नरहेको देखिन्छ । यसले नगरपालिकामा मौसमी रोजगारी, कृषि निर्भरता तथा सीमित रोजगारीका अवसरका कारण पूर्णकालीन रोजगारको अभाव रहेको संकेत गर्दछ ।

आर्थिक गतिविधि सूचकका आधारमा हेर्दा कुल जनसंख्यामध्ये ४८.६ प्रतिशत विद्यार्थी रहेका छन्, जसले नगरपालिकामा विद्यालय उमेर समूहको जनसंख्या उल्लेख्य रहेको देखाउँछ । त्यसैगरी १६.८ प्रतिशत जनसंख्या घरेलु कार्यमा, १३.७ प्रतिशत अन्य कार्यमा, १०.६ प्रतिशत वृद्धवृद्धा, ६.७ प्रतिशत घरायसी स्याहार-सुसारमा, २.२ प्रतिशत अपाङ्गता भएका व्यक्ति, ०.७ प्रतिशत पेन्सन प्राप्त गर्ने तथा ०.२ प्रतिशत सामाजिक सेवासम्बन्धी कार्यमा संलग्न रहेका छन् । यी तथ्याङ्कहरूले नगरपालिकाको जनसांख्यिक तथा आर्थिक संरचनामा विद्यार्थी, घरेलु कार्य तथा आश्रित जनसंख्याको हिस्सा उल्लेखनीय रहेको देखाउँछन् ।

नगरपालिकामा धार्मिक तथा प्राकृतिक पर्यटनको पनि पर्याप्त सम्भावना रहेको छ । मेलौली भगवती मन्दिर, ग्वाल्लेक केदारधाम तथा महारुद्रधाम यस नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा

परिचित छन् । यसैगरी सुर्नया नदी नगरपालिकाको प्रमुख नदी हो, जसले प्राकृतिक सौन्दर्य, जलस्रोत तथा पर्यावरणीय महत्वका साथै पर्यटन विकासको सम्भावना बोकेको छ । यी धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनबाट स्थानीय आर्थिक गतिविधि, रोजगारी सिर्जना तथा उद्यमशीलता विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

उपरोक्त अवस्थालाई दृष्टिगत गर्दा नगर शिक्षा योजनाको उद्देश्यले कृषि, पर्यटन, उद्यमशीलता तथा स्थानीय स्रोत-साधनमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET), सीपमूलक शिक्षा, वित्तीय साक्षरता, सूचना तथा सञ्चार प्रविधिमा आधारित सीप तथा रोजगारमूलक सिकाइलाई प्राथमिकताका साथ समावेश गर्नु आवश्यक देखिन्छ । साथै स्थानीय आर्थिक सम्भावनासँग जोडिएका पाठ्यक्रम, जीवनोपयोगी सीप र उद्यम विकास कार्यक्रमहरूलाई विद्यालय शिक्षासँग आबद्ध गर्न सके नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।

## १.५ शैक्षिक अवस्था

शिक्षा मानव विकास, सामाजिक रूपान्तरण तथा दिगो आर्थिक विकासको प्रमुख आधार हो । स्थानीय सरकारको समग्र विकासमा गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गर्दा साक्षरता, शैक्षिक उपलब्धि, विद्यालयको पहुँच, विद्यार्थी सहभागिता, शिक्षक व्यवस्थापन तथा शैक्षिक पूर्वाधारजस्ता पक्षहरूलाई समग्र रूपमा अध्ययन गर्नु आवश्यक हुन्छ । नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण तालिका १ देखि ८  सम्म प्रस्तुत गरिएको छ ।

**तालिका १ : (क) लिङ्गअनुसार साक्षरता अवस्था**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| साक्षरता दर (%) | ९१.९ | ६८.९ | ७९.३ |

**(ख) वडागत साक्षरताको अवस्था**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| साक्षरता दर (%) | ७५.५ | ८३.८ | ७८.५ | ७८.६ | ७९.५ | ८३.४ | ७७.१ | ७४.६ | ८५.१ |

**श्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन**

उपरोक्त  तालिकाअनुसार मेलौली नगरपालिकाको समग्र साक्षरता दर ७९.३ प्रतिशत रहेको छ । लिङ्गगत रूपमा पुरुषको साक्षरता दर ९१.९ प्रतिशत रहेको छ भने महिलाको ६८.९ प्रतिशत रहेको छ । यसले पुरुष र महिलाबीच २३ प्रतिशत बिन्दुको साक्षरता अन्तर रहेको देखाउँछ, जसले महिला साक्षरता अभिवृद्धिमा थप प्रयास आवश्यक रहेको संकेत गर्दछ ।

वडागत रूपमा हेर्दा वडा नं. ९ मा सबैभन्दा बढी (८५.१ प्रतिशत) साक्षरता दर रहेको छ भने वडा नं. ८ मा सबैभन्दा कम (७४.६ प्रतिशत) रहेको छ । वडा नं. २ (८३.८ प्रतिशत) र वडा नं. ६ (८३.४ प्रतिशत) मा पनि उच्च साक्षरता दर रहेको देखिन्छ । यसले वडाबीच शैक्षिक पहुँच तथा साक्षरतामा केही असमानता रहेको

देखाएकाले कम साक्षरता भएका वडाहरूमा लक्षित साक्षरता तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

तथापी नगरपालिकालाई नेपाल सरकार (शिक्षा विकास तथा समन्वय ईकाई बैतडी) बाट वि. सं. २०७६ साल मा साक्षर नगरपालिका घोषणा गरिएको थियो।

**तालिका २: शैक्षिक योग्यताअनुसार जनसंख्या वितरण**

| **शैक्षिक तह** | प्राथमिक शिक्षा | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक (Intermediate | स्नातक | स्नातकोत्तर वा सोभन्दा माथि | प्रारम्भिक बाल विकास (ECD) | एसएलसी | कुनै तह उल्लेख नभएको | उल्लेख नभएको | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिशत (%)** | ३५.६ | २२.१ | १७.३ | १०.४ | १.७ | १.१ | ३.८ | ५.९ | १.३ | ०.१ | ०.०१ |

**स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन**

राष्ट्रिय जनगणना २०७८ अनुसार मेलौली नगरपालिकाको शैक्षिक योग्यताको विश्लेषण गर्दा प्राथमिक शिक्षा हासिल गरेका व्यक्तिहरूको प्रतिशत सबैभन्दा बढी (३५.६%) रहेको देखिन्छ। त्यसपछि निम्न माध्यमिक (२२.१%) **र** माध्यमिक तह (१७.३%) अध्ययन गरेका व्यक्तिहरूको संख्या उल्लेख्य रहेको छ। यसले नगरपालिकामा अधिकांश जनसंख्या आधारभूत शिक्षासम्म पुगेको भए पनि उच्च तहको शिक्षामा पुग्ने अनुपात क्रमशः घट्दै गएको देखाउँछ।

त्यसैगरी**,** उच्च माध्यमिक तह (१०.४%) **र** एसएलसी (५.९%) उत्तीर्ण गर्ने जनसंख्या सीमित रहेको छ भने स्नातक (१.७%) तथा स्नातकोत्तर वा सोभन्दा माथिको शिक्षा (१.१%) हासिल गर्ने जनसंख्या अत्यन्त न्यून रहेको देखिन्छ। यसले नगरपालिकामा उच्च शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच विस्तार, छात्रवृत्ति, करियर परामर्श तथा उच्च अध्ययनका अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याउँछ।

समग्रमा, तथ्याङ्कले नगरपालिकामा आधारभूत शिक्षामा पहुँच राम्रो भए पनि उच्च शिक्षा हासिल गर्ने जनसंख्याको अनुपात कम रहेको देखाउँछ। आगामी स्थानीय शिक्षा क्षेत्र योजनाले माध्यमिक तथा उच्च शिक्षामा पहुँच विस्तार, विद्यालय छोड्ने दर न्यूनीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन तथा गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिन्छ।

**तालिका ३: वडाअनुसार तहगत सामुदायिक/संस्थागत विद्यालयहरुको विवरण**

| वडा नं. | बालविकास कक्षा | तहगत सामुदायिक विद्यालयको विवरण | | | | | | | संस्थागत विद्यालय विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १-३ | १-५ | १-८ | १-१० | १-१२ | जम्मा | सा.सि. के. | १-३ | १-५ | १-८ | जम्मा |
| १ | ८ | २ | २ | ३ | १ | ० | ८ | | ० | ० | ० | ० |
| २ | ६ | १ | १ | १ | १ | २ | ६ | | ० | ० | ० | ० |
| ३ | ४ | ० | १ | २ | १ | ० | ४ | | ० | ० | ० | ० |
| ४ | २ | ० | १ | ० | ० | १ | २ | | ० | ० | ० | ० |
| ५ | ५ | २ | १ | १ | ० | १ | ५ | १ | ० | ० | ० | ० |
| ६ | ४ | ० | ३ | ० | १ | ० | ४ | | ० | ० | ० | ० |
| ७ | ५ | १ | २ | ० | १ | १ | ५ | १ | ० | २ | ० | ० |
| ८ | ३ | ० | १ | १ | १ | ० | ३ | | ० | ० | ० | ० |
| ९ | ३ | ० | १ | १ | ० | १ | ३ | १ | १ | ० | ० | ० |
| जम्मा | ४० | ६ | १३ | ९ | ६ | ६ | ४० | ३ | १ | २ | ० | ३ |

**श्रोत: मेलौली नगरपालिकाको IEMIS Report, २०८२**

तालिका ३ अनुसार नगरपालिकामा जम्मा ४० वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयमध्ये ६ वटा कक्षा १–३, १३ वटा कक्षा १–५, ९ वटा कक्षा १–८, ६ वटा कक्षा १–१० तथा ६ वटा कक्षा १–१२ तहका विद्यालय रहेका छन् । साथै, ४० वटा बालविकास कक्षा र ३ वटा सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन् ।

वडागत रूपमा हेर्दा वडा नं. १ मा सबैभन्दा बढी ८ वटा सामुदायिक विद्यालय रहेका छन् भने वडा नं. २ मा ६ वटा विद्यालय रहेका छन् । वडा नं. ४ मा सबैभन्दा कम २/२ वटा सामुदायिक विद्यालय रहेका छन् । संस्थागत

विद्यालयको संख्या न्यून रहेको देखिन्छ, जसअन्तर्गत वडा नं. २ मा १ वटा प्राथमिक तह  तथा वडा नं. ७ मा २ वटा आधारभूत तह (१-५) का संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् ।

समग्रमा, नगरपालिकामा विद्यालयको पहुँच मुख्यतः सामुदायिक विद्यालयमार्फत सुनिश्चित भएको देखिन्छ भने संस्थागत विद्यालयको उपस्थिति सीमित वडाहरूमा मात्र केन्द्रित रहेको छ । साथै, प्रत्येक वडामा बालविकास कक्षा सञ्चालनमा रहेकाले प्रारम्भिक बालशिक्षाको पहुँच पनि अपेक्षाकृत राम्रो रहेको देखिन्छ ।

**तालिका ४: नगरपालिका अन्तर्गतका  सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तहगत विवरण**

| कक्षा/ विद्यार्थी | छात्रा | छात्र | जम्मा | कैफीयत |
|---|---|---|---|---|
| बालविकास | ३०१ | ३२८ | ६२९ | |
| कक्षा १-५ | १०१७ | ८९७ | १९१४ | |
| कक्षा ६-८ | ६६१ | ६३८ | १२९९ | |
| कक्षा ९-१० | ४४० | ४१३ | ८५३ | |
| कक्षा ११-१२ | १५६ | १७० | ३२६ | |
| जम्मा | २५७५ | २४४६ | ५०२१ | |

**श्रोत: मेलौली नगरपालिकाको IEMIS Report, २०८२**

नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको कुल संख्या ५,०२१ रहेको छ । यसमध्ये २,५७५ (५१.२८%) छात्रा र २,४४६ (४८.७२%) छात्र रहेका छन्, जसले छात्राको सहभागिता छात्रको तुलनामा केही बढी रहेको देखाउँछ ।

तहगत रूपमा हेर्दा कक्षा १-५ मा सबैभन्दा बढी १,९१४ (३८.१२%) विद्यार्थी अध्ययनरत छन् । त्यसपछि कक्षा ६-८ मा १,२९९ (२५.८७%), कक्षा ९-१० मा ८५३ (१६.९९%), बालविकासमा ६२९ (१२.५३%) तथा कक्षा ११-१२ मा सबैभन्दा कम ३२६ (६.४९%) विद्यार्थी रहेका छन् ।

समग्रमा, माथिल्लो तहतर्फ जाँदै गर्दा विद्यार्थी संख्या क्रमशः घट्दै गएको देखिन्छ । यसले माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यार्थीको निरन्तरता बढाउन, विद्यालय छोड्ने दर न्यूनीकरण गर्न तथा गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखाउँछ ।

**तालिका ५: नगरपालिका अन्तर्गतका  सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षागत तथा लिङ्गगत विद्यार्थीहरुको विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बालविकास | ३०१ | ३२८ | ६२९ |
| १ | २६९ | २०२ | ४७१ |
| २ | १६९ | १८६ | ३५५ |

| | | | |
|---|---|---|---|
| ३ | १७८ | १९० | ३६८ |
| ४ | २२६ | १५६ | ३८२ |
| ५ | १७५ | १६३ | ३३८ |
| ६ | २३२ | २१५ | ४४७ |
| ७ | २०० | १९५ | ३९५ |
| ८ | २२९ | २२८ | ४५७ |
| ९ | १९७ | २०६ | ४०३ |
| १० | २४३ | २०७ | ४५० |
| ११ | ३४ | ३३ | ६७ |
| १२ | १२२ | १३७ | २५९ |
| **जम्मा** | **२५७५** | **२४४६** | **५०२१** |

**श्रोत: मेलौली नगरपालिकाको IEMIS Report, २०८२**

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०८२ अनुसार कुल ५,०२१ जना विद्यार्थी अध्ययनरत रहेका छन्, जसमा २,५७५ जना छात्रा (५१.३%) र २,४४६ जना छात्र (४८.७%) रहेका छन्। यसले विद्यालयमा छात्राको सहभागिता छात्रको तुलनामा केही बढी रहेको देखाउँछ।

कक्षागत रूपमा हेर्दा बालविकासमा ६२९ जना विद्यार्थी अध्ययनरत रहेका छन्, जुन सबैभन्दा बढी संख्या हो। आधारभूत तह (कक्षा १–८) मा विद्यार्थीहरूको उपस्थिति सन्तोषजनक देखिए पनि कक्षा बढ्दै जाँदा विशेष गरी माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यार्थी संख्या क्रमशः घट्दै गएको देखिन्छ। कक्षा ११ मा सबैभन्दा कम ६७ जना विद्यार्थी अध्ययनरत छन् भने कक्षा १२ मा २५९ जना विद्यार्थी रहेका छन्।

समग्रमा, प्रारम्भिक तथा आधारभूत तहमा विद्यार्थीको पहुँच राम्रो देखिए पनि माध्यमिक र उच्च माध्यमिक तहमा विद्यार्थी टिकाइ र निरन्तरतामा चुनौती रहेको संकेत गर्दछ। त्यसैले उच्च कक्षामा विद्यार्थीको निरन्तरता सुनिश्चित गर्न गुणस्तरीय शिक्षण, परामर्श, छात्रवृत्ति तथा विद्यालयमा टिकाइ बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

**तालिका ६: नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत तहगत शिक्षकहरुको विवरण**

| तह/पद | स्थायी /करार | राहत | नगर शिक्षक | नीजि श्रोत | शिक्षण सिकाइ अनुदान | बालविकास सहजकर्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|
| बालविकास केन्द्र | | ० | १९ | | | ३० | ४९ |
| आधारभूत (कक्षा १-५) | ८४ | ३२ | २२ | १० | | | १४८ |
| आधारभूत (कक्षा ६-८) | २४ | १६ | २१ | ७ | १० | | ७८ |
| माध्यमिक (कक्षा ९-१०) | १७ | ८ | ११ | १ | १८ | | ५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| माध्यमिक (कक्षा ११-१२) | ६ | १२ | ६ | ४ | ० | | २८ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | ६ | ० | ० | | | | ६ |
| जम्मा | १३७ | ६८ | ७९ | २२ | २८ | ३० | **३६४** |

**श्रोत: शिक्षा, युवा तथा खेलकुद शाखा, मेलौली बैतडीको शिक्षक विवरण, २०८२**

तालिका ६ अनुसार नगरपालिकाका सामुदायिक विद्यालयहरूमा जम्मा ३६४ जना शिक्षण तथा बालविकास जनशक्ति कार्यरत रहेका छन् । यसमध्ये १३७ जना स्थायी/करार, ६८ जना राहत, ७९ जना नगर शिक्षक, २२ जना निजी स्रोतका शिक्षक, २८ जना शिक्षण-सिकाइ अनुदानमा कार्यरत शिक्षक तथा ४९ जना बालविकास सहजकर्ता रहेका छन् ।

तहगत रूपमा हेर्दा आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा बढी १४८ जना शिक्षक कार्यरत रहेका छन्, त्यसपछि आधारभूत तह (कक्षा ६-८) मा ७८ जना, माध्यमिक तह (कक्षा ९-१०) मा ५५ जना र माध्यमिक तह (कक्षा ११-१२) मा २८ जना शिक्षक रहेका छन् । साथै, ४९ जना बालविकास सहजकर्ता प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत छन् भने प्राविधिक तथा व्यावसायिक शिक्षामा ६ जना प्रशिक्षकहरु रहेका छन् ।

समग्रमा, नगरपालिकाको विद्यालय प्रणालीमा स्थायी तथा राहत शिक्षकसँगै नगर शिक्षक, निजी स्रोत र शिक्षण-सिकाइ अनुदानमार्फत नियुक्त जनशक्तिको उल्लेखनीय योगदान रहेको देखिन्छ । यसले शिक्षक व्यवस्थापनमा स्थानीय तहको सक्रिय भूमिका रहेको संकेत गरे पनि अस्थायी प्रकृतिका शिक्षकहरूको उल्लेखनीय हिस्सा भएकाले दीर्घकालीन रूपमा दक्ष, पर्याप्त र दिगो शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ ।

**तालिका ७: सबै प्रकारकाअपाङ्ता भएका विद्यार्थीहरुको विवरण**

| कक्षाहरु | | १ | २ | ३ | ४ | ५ | १-५ | ६ | ७ | ८ | ६-८ | ९ | १० | ९-१० | ११ | १२ | ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | छात्रा | १ | - | - | - | - | १ | १ | १ | २ | ४ | २ | १ | ३ | ३ | - | ३ | ११ |
| | छात्र | - | १ | - | - | ३ | ४ | २ | - | ४ | ६ | १ | १ | २ | १ | - | १ | २४ |
| | जम्मा | १ | १ | - | - | ३ | ५ | ३ | १ | ६ | १० | ३ | २ | ५ | ४ | - | ४ | ३५ |

**श्रोत: शैक्षिक वर्ष, २०८१ को CHERD को सबै प्रकारका अपाङ्गता भएका विद्यार्थीहरुको विवरण**

तालिका २.७ अनुसार शैक्षिक वर्ष २०८१ मा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा सबै प्रकारका अपाङ्गता भएका जम्मा ३५ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यसमध्ये ११ जना छात्रा र २४ जना छात्र रहेका छन्, जसले अपाङ्गता भएका विद्यार्थीमध्ये छात्रहरूको संख्या तुलनात्मक रूपमा बढी रहेको देखाउँछ ।

तहगत रूपमा हेर्दा कक्षा १-५ मा ५ जना, कक्षा ६-८ मा १० जना, कक्षा ९-१० मा ५ जना तथा कक्षा ११-१२ मा ४ जना अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन् । कक्षा ८ मा सबैभन्दा बढी ६ जना विद्यार्थी रहेका छन् भने कक्षा ३, ४ र १२ मा अपाङ्गता भएका विद्यार्थीको अभिलेख छैन ।

समग्रमा, नगरपालिकामा अपाङ्गता भएका विद्यार्थीहरूको संख्या कम भए पनि उनीहरूको शिक्षामा समान पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्न समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ । यसका लागि विद्यालयमा आवश्यक भौतिक पहुँच, सहायक शिक्षण सामग्री, आवश्यकतामा आधारित सहयोग, शिक्षकको क्षमता अभिवृद्धि तथा अभिभावक र समुदायसँगको समन्वयलाई नगर शिक्षा योजनामा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

**तालिका ८: प्रमुख सूचकहरुको सारांश**

| सि.नं. | सूचक | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय संख्या | ४० | |
| २ | विद्यार्थी संख्या | ५०२१ | |
| ३ | कुल शिक्षक | ३६४ | |
| ४ | विद्यार्थी-शिक्षक अनुपात | १४:१ | |
| ५ | कुल बालविकास केन्द्र | ४१ | |
| ६ | माध्यमिक विद्यालय | १२ | |
| ७ | कुल साक्षरता दर | ७९.३ | |
| ८ | बालविकास कक्षाको कुल भर्नादर | १००.७ | |
| ९ | बालविकास कक्षाको खुद भर्नादर | ७०.७ | |
| १० | कक्षा १-५ को कुल भर्ना दर | ११४.५ | |
| ११ | कक्षा १-५ को खुद भर्ना दर | ९५.९ | |
| १२ | कक्षा ६-८ को कुल भर्ना दर | ११७.१ | |
| १३ | कक्षा ६-८ को खुद भर्ना दर | ९४.३ | |
| १४ | कक्षा १-८ को कुल भर्ना दर | ११५.६ | |
| १५ | कक्षा १-८ को खुद भर्ना दर | ९५.२ | |
| १६ | कक्षा ९-१० को कुल भर्ना दर | ९१.७ | |
| १७ | कक्षा ९-१० को खुद भर्ना दर | ८०.५ | |
| १८ | कक्षा ११-१२ को कुल भर्ना दर | ३२.९ | |
| १९ | कक्षा ११-१२ को खुद भर्ना दर | १९.९ | |
| २० | कक्षा ९-१२ को कुल भर्ना दर | ५८.६ | |
| २१ | कक्षा ९-१२ को खुद भर्ना दर | ४६.४ | |
| २२ | कक्षा ५ सम्मको टिकाउ दर | ८८.१ | |
| २३ | कक्षा ८ सम्मको टिकाउ दर | ८५.८ | |
| २४ | विद्यालयबाहिर रहेका ५–१२ वर्ष उमेर समूहका बालबालिका | १८६ जना | |

| | | | |
|---|---|---|---|
| २५ | कक्षा १० को टिकाउ दर | ६९.४ | |

**श्रोत: शैक्षिक वर्ष, २०८१/०८२ को CHERD को शैक्षिक सूचक विवरण र EMIS तथ्याङ्क विश्लेषण**

तालिका ८ अनुसार नगरपालिकामा ४२ वटा सामुदायिक विद्यालय, ४१ वटा बालविकास केन्द्र, ५,०२१ जना विद्यार्थी तथा ३५६ जना शिक्षक रहेका छन् । विद्यार्थी-शिक्षक अनुपात १४:१ रहेकोले समग्र रूपमा शिक्षक उपलब्धताको अवस्था सन्तोषजनक देखिन्छ । नगरपालिकाको कुल साक्षरता दर ७९.३ प्रतिशत रहेको छ ।

भर्ना सूचकहरू हेर्दा आधारभूत तहसम्म कुल भर्ना दर (GER) १०० प्रतिशतभन्दा माथि रहेको छ भने खुद भर्ना दर (NER) पनि ९४-९६ प्रतिशत को हाराहारीमा रहेको देखिन्छ । यसले आधारभूत तहमा शिक्षाको पहुँच राम्रो रहेको संकेत गर्दछ । तर माध्यमिक तथा विशेषगरी कक्षा ११-१२ मा कुल भर्ना दर ३२.९ प्रतिशत र खुद भर्ना दर १९.९ प्रतिशत मात्र रहेकाले उच्च माध्यमिक तहमा विद्यार्थीको पहुँच तथा निरन्तरतामा चुनौती रहेको देखिन्छ ।

टिकाउ दरका सूचकहरू अनुसार कक्षा ५ सम्म ८८.१ प्रतिशत, कक्षा ८ सम्म ८५.८ प्रतिशत र कक्षा १० सम्म ६९.४ प्रतिशत विद्यार्थी मात्र अध्ययनलाई निरन्तरता दिन सफल भएका छन् । यसले माथिल्लो कक्षातर्फ जाँदा विद्यार्थीको विद्यालय छोड्ने प्रवृत्ति बढ्दै गएको संकेत गर्दछ । साथै, ५-१२ वर्ष उमेर समूहका १८६ जना बालबालिका अझै विद्यालयबाहिर रहेका छन्, जसलाई शिक्षाको पहुँचमा ल्याउन विशेष कार्यक्रम आवश्यक देखिन्छ ।

समग्रमा, नगरपालिकाले आधारभूत तहमा शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि माध्यमिक तथा उच्च माध्यमिक तहमा भर्ना, टिकाउ दर वृद्धि तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षामा समेट्ने विषय नगर शिक्षा योजनाको प्रमुख प्राथमिकता हुनुपर्ने देखिन्छ ।

## १.६ शिक्षा क्षेत्रको SWOT विश्लेषण

नगर शिक्षा योजनाको प्रभावकारी तर्जुमा तथा कार्यान्वयनका लागि नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको समग्र विश्लेषण आवश्यक हुन्छ । यसका लागि जनसांख्यिक अवस्था, विद्यालय तथा विद्यार्थीको अवस्था, शैक्षिक सूचकहरू, शिक्षक व्यवस्थापन, समावेशी शिक्षा, विद्यालय पूर्वाधार, सिकाइ उपलब्धि, स्थानीय स्रोत–साधन, सरोकारवालासँगको परामर्श तथा राष्ट्रिय शिक्षा नीति र उद्देश्य (SESP) का प्राथमिकताहरूलाई आधार बनाई शिक्षा क्षेत्रको SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण गरिएको छ । यस विश्लेषणले नगर शिक्षा योजनाका उद्देश्य, रणनीति, कार्यक्रम तथा लगानीका प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ९ : शिक्षा क्षेत्रको SWOT विश्लेषण**

| सबल पक्ष (Strengths) | समस्या/कमजोरी (Weaknesses) |
|---|---|
| नगरपालिकाका सबै वडामा सामुदायिक विद्यालय तथा बालविकास केन्द्रको पहुँच विस्तार भएको । | माध्यमिक तथा उच्च माध्यमिक तहमा भर्ना दर, खुद भर्ना दर तथा टिकाउ दर न्यून रहेको । |

| | |
|---|---|
| आधारभूत तहमा कुल तथा खुद भर्ना दर उच्च रहेको। | ५-१२ वर्ष उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाको संख्या अझै उल्लेखनीय रहेको। |
| विद्यार्थी-शिक्षक अनुपात सन्तोषजनक (१:१४) रहेको। | महिला साक्षरता दर पुरुषको तुलनामा कम तथा वडागत साक्षरतामा असमानता रहेको। |
| ४० वटा बालविकास केन्द्र सञ्चालनको लागि ४९ जना बालविकास सहजकर्ताबाट प्रारम्भिक बालशिक्षाको पहुँच विस्तार भएको। | दुर्गम तथा छरिएका बस्तीका कारण विद्यालय पहुँच, नियमित उपस्थिती तथा सिकाइमा कठिनाइ रहेको। |
| छात्राको विद्यालय सहभागिता उत्साहजनक रहेको। | ICT, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आधुनिक सिकाइ सामग्रीको अभाव रहेको। |
| नगरपालिकाले नगर शिक्षक, शिक्षण-सिकाइ अनुदान तथा विद्यालय सुधारमा लगानी गर्दै आएको। | अपाङ्गतामैत्री पूर्वाधार, समावेशी सिकाइ सामग्री तथा विशेष आवश्यकता भएका विद्यार्थीका लागि सहयोगी सेवाको कमी। |
| विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको विद्यालयप्रति सकारात्मक सहभागिता रहेको। | राहत, नगर शिक्षक, शिक्षण सिकाइ अनुदान, निजी स्रोत तथा अस्थायी शिक्षकमा निर्भरता अपेक्षाकृत बढी रहेको। |
| EMIS/IEMIS प्रणालीमार्फत शैक्षिक तथ्याङ्क व्यवस्थापनको अभ्यास विकसित भएको। | सिकाइ उपलब्धि, विषयगत दक्षता तथा प्रविधिमैत्री शिक्षण अभ्यासमा थप सुधार आवश्यक रहेको। |
| कक्षा ८, १० र १२ उत्कृष्ट विद्यार्थी प्रोत्साहन र उत्कृष्ट खेलाडी सम्मान कार्यक्रम सञ्चानमा रहेको | विद्यालय पूर्वाधार, सुरक्षित सिकाइ वातावरण तथा गुणस्तरीय शिक्षामा विद्यालयबीच असमानता रहेको। |
| **अवसर (Opportunities)** | **चुनौतीहरू (Threats/Challenges)** |
| संविधानले स्थानीय सरकारलाई विद्यालय शिक्षा व्यवस्थापनको अधिकार प्रदान गरेको। | गरिबी, बेरोजगारी, वैदेशिक रोजगारी तथा बसाइँसराइका कारण विद्यार्थीको निरन्तरतामा असर पर्नु। |
| विद्यालय शिक्षा क्षेत्र योजनाको उद्देश्य, दिगो विकास लक्ष्य तथा राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयनबाट शिक्षा सुधार गर्ने। | जन्मदर घट्दै जानु तथा बसाइँसराइका कारण केही विद्यालयमा विद्यार्थी संख्या निरन्तर घट्दै जानु। |
| सङ्घ, प्रदेश, विकास साझेदार तथा गैरसरकारी | पहाडी भूगोल, प्राकृतिक विपद् तथा जलवायु परिवर्तनले |

| | |
|---|---|
| संस्थाबाट स्रोत परिचालनको गर्ने । | विद्यालय सञ्चालनमा प्रभाव पार्नु । |
| सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ विस्तार गर्ने । | विद्यालय पूर्वाधार तथा प्रविधिमा पर्याप्त लगानी गर्नु । |
| स्थानीय पाठ्यक्रम, सीपमूलक तथा प्राविधिक शिक्षा विस्तार गर्ने । | दक्ष तथा विषयगत शिक्षकको दीगो व्यवस्थापन गर्नु । |
| कृषि, पर्यटन, उद्यमशीलता तथा स्थानीय उत्पादनसँग जोडिएको जीवनोपयोगी शिक्षा विकास गर्ने । | माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यालय छोड्ने दर न्यूनीकरण गर्नु । |
| समुदाय, अभिभावक तथा निजी क्षेत्रसँग सहकार्य गरी विद्यालय सुधार कार्यक्रम विस्तार गर्न सकिने । | डिजिटल प्रविधिको तीव्र विकासअनुसार शिक्षक तथा विद्यालयलाई अद्यावधिक गर्न आवश्यक लगानी नहुनु । |
| समावेशी, बालमैत्री तथा वातावरणमैत्री विद्यालय विकास गर्ने । | समावेशी शिक्षा, गुणस्तरीय सिकाइ उपलब्धि तथा विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने लक्ष्य हासिल गर्नु । |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छात्रवृत्ति, नवप्रवर्तन तथा डिजिटल सिकाइ कार्यक्रमबाट लाभ लिन सकिने । | बदलिँदो शिक्षा नीति, पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई स्थानीय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु । |

उपरोक्त SWOT विश्लेषणबाट मेलौली नगरपालिकाले आधारभूत शिक्षाको पहुँच विस्तार, पर्याप्त विद्यालय सञ्जाल, अनुकूल विद्यार्थी-शिक्षक अनुपात, बालविकास सेवाको विस्तार तथा स्थानीय सरकारको सक्रिय लगानीजस्ता महत्वपूर्ण उपलब्धि हासिल गरेको देखिन्छ । तथापि माध्यमिक तथा उच्च माध्यमिक तहमा न्यून भर्ना र टिकाउ दर, विद्यालयबाहिर रहेका बालबालिका, महिला साक्षरतामा रहेको अन्तर, समावेशी शिक्षा तथा सूचना प्रविधिमा आधारित शिक्षणको सीमितता जस्ता विषयहरू अझै सुधारका प्रमुख क्षेत्रका रूपमा रहेका छन् । संविधानले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार, उद्देश्य (SESP), दिगो विकास लक्ष्य, डिजिटल प्रविधिको विस्तार तथा विकास साझेदारसँगको सहकार्यले शिक्षा क्षेत्र सुधारका महत्वपूर्ण अवसर प्रदान गरेका छन् । त्यसैले नगर शिक्षा योजनाले यी सबल पक्ष र अवसरहरूको अधिकतम उपयोग गर्दै पहिचान गरिएका समस्या तथा चुनौतीहरूको समाधानमा केन्द्रित रणनीति, कार्यक्रम र लगानीलाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

## १.७ मुख्य समस्याको विश्लेषण

नगरपालिकाले आधारभूत शिक्षाको पहुँच विस्तार, बालविकास केन्द्र सञ्चालन, विद्यार्थी-शिक्षक अनुपात सुधार तथा स्थानीय तहबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि जस्ता क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको भए पनि गुणस्तरीय, समावेशी तथा दिगो शिक्षा सुनिश्चित गर्ने क्रममा अझै केही संरचनागत तथा व्यवस्थापकीय समस्याहरू विद्यमान छन् । नगरपालिकाको वर्तमान अवस्था विश्लेषण, SWOT विश्लेषण तथा समस्या विश्लेषणका आधारमा निम्न प्रमुख समस्याहरू पहिचान भएका छन् ।

**तालिका १०: समस्याको विश्लेषण**

| मुख्य समस्या | प्रत्यक्ष कारण | मूल कारण | प्रभाव |
|---|---|---|---|
| **१. माध्यमिक तथा उच्च माध्यमिक तहमा न्यून भर्ना तथा टिकाउ दर** | कक्षा बढ्दै जाँदा विद्यालय छोड्ने, आर्थिक समस्या, विद्यालय टाढा हुनु, रोजगारमुखी शिक्षा अभाव | गरिबी, बसाइँसराइ, रोजगारीका लागि पलायन, कमजोर करियर परामर्श, माध्यमिक तहमा सीमित शैक्षिक अवसर, न्यून जन्मदर, | शिक्षित जनशक्ति कमी, बेरोजगारी वृद्धि, मानव पूँजी विकासमा असर |
| **२. विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या उच्च हुनु** | विद्यालयमा नियमित भर्ना नहुनु, अनियमित उपस्थिति, बालश्रम, अपाङ्गता | गरिबी, अभिभावकमा शिक्षा सम्बन्धी चेतनाको कमी, दुर्गम बस्ती, सामाजिक विभेद, कमजोर अनुगमन | संविधानले सुनिश्चित गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा चुनौती, निरक्षरता कायम |
| **३. सिकाइ उपलब्धी तथा शिक्षाको गुणस्तर अपेक्षित नहुनु** | कमजोर सिकाइ उपलब्धि, ICT को सीमित प्रयोग, प्रयोगशाला तथा पुस्तकालय अभाव | शिक्षकको पेशागत विकास अपर्याप्त, आधुनिक शिक्षण विधिको सीमित प्रयोग, सिकाइ मूल्याङ्कन प्रणाली कमजोर, शैक्षिक स्रोतको अभाव | विद्यार्थीको प्रतिस्पर्धात्मक क्षमता कमजोर, उच्च शिक्षा तथा रोजगारीमा कठिनाइ |
| **४. शिक्षक व्यवस्थापन तथा पेशागत** | विषयगत शिक्षक अभाव, अस्थायी शिक्षकमा निर्भरता, | दीर्घकालीन शिक्षक व्यवस्थापन नीति कमजोर, सीमित बजेट, शिक्षक | शिक्षण सिकाइको गुणस्तर कमजोर, शिक्षकको उत्प्रेरणा |

| | | | |
|---|---|---|---|
| **विकासमा समस्या** | तालिमको कमी | विकास योजनाको अभाव | घट्ने |
| **५. समावेशी तथा लैङ्गिक उत्तरदायी शिक्षा कमजोर हुनु** | अपाङ्गतामैत्री संरचना अभाव, लक्षित कार्यक्रम सीमित, महिला साक्षरता न्यून | सीमित स्रोत, समावेशी शिक्षा सम्बन्धी क्षमता अभाव, सामाजिक असमानता | शिक्षा पहुँचमा असमानता, सिकाइ उपलब्धिमा विभेद |
| **६. विद्यालय पूर्वाधार तथा प्रविधिमैत्री वातावरण कमजोर हुनु** | ICT, इन्टरनेट, स्मार्ट कक्षा, विज्ञान प्रयोगशाला, पुस्तकालयको कमी | सीमित वित्तीय स्रोत, दुर्गम भूगोल, पूर्वाधार लगानी अपर्याप्त | गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षा विकासमा अवरोध |
| **७. दुर्गम भूगोल तथा बसाइँसराइको प्रभाव हुनु** | नियमित उपस्थितिमा समस्या, विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु | कठिन भूगोल, सडक तथा यातायातको अभाव, वैदेशिक रोजगार, जन्मदर घट्नु | विद्यालय समायोजनको आवश्यकता, स्रोतको प्रभावकारिता घट्नु |
| **८. विद्यालय सुशासन, योजना कार्यान्वयन तथा श्रोत व्यवस्थापन कमजोर हुनु** | योजना प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, अनुगमन कमजोर, साझेदारी न्यून | संस्थागत क्षमता कमजोर, तथ्यमा आधारित योजना निर्माणको कमी, सीमित बजेट, समन्वय कमजोर | योजनाको अपेक्षित नतिजा प्राप्त नहुनु, सार्वजनिक स्रोतको कम प्रभावकारी उपयोग |

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

"समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा सीपमूलक शिक्षामार्फत सक्षम, नैतिक, उद्यमशील, प्रतिस्पर्धी र जिम्मेवार नागरिक निर्माण भएको नगरपालिका।"

### २.२ लक्ष्य

सबैका लागि समावेशी, समतामूलक, गुणस्तरीय, सुरक्षित, सीपमूलक तथा जीवनोपयोगी शिक्षा सुनिश्चित गर्नु।

### २.३ उद्देश्य

१. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुको अनिवार्य र निःशुल्क विद्यालय शिक्षामा शतप्रतिशत पहुँच, नियमित सहभागिता तथा कम्तीमा ९६ प्रतिशत टिकाउ दर सुनिश्चित गरी विद्यालयबाहिर रहेका बालबालिकाको संख्या शून्यमा झार्नु,

२. सबै विद्यालयमा समतामूलक, गुणस्तरीय, प्रविधिमैत्री तथा विद्यार्थीकेन्द्रित शिक्षण-सिकाइ प्रणाली विकास गरी बालबालिकाहरुको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार गर्नु,

३. सबै माध्यमिक विद्यालयमा स्थानीय पाठ्यक्रम, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी शिक्षा कार्यक्रम मार्फत विद्यार्थीको रोजगार तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्नु,

४. सबै विद्यालयलाई सक्षमतामा आधारित सुरक्षित, समावेशी, बालमैत्री, विपद् उत्थानशील तथा प्रविधिमैत्री सबै बालबालिकाका लागि समान सिकाइ वातावरण सुनिश्चित गर्नु,

५. सबै विद्यालयमा पारदर्शी वित्तीय व्यवस्थापन, नतिजामुखी विद्यालय सुशासन, नियमित अनुगमन, तथ्यमा आधारित योजना निर्माण तथा विद्यार्थी, अभिभावक, समुदाय र शिक्षक को प्रभावकारी सहभागिता संस्थागत गर्नु,

६. शिक्षा क्षेत्रमा आवश्यक पर्ने लगानी सुनिश्चित गर्न स्थानीय, प्रदेश, संघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र आदिबाट स्रोत परिचालन तथा साझेदारी मार्फत दिगो वित्तीय व्यवस्थापन प्रणाली विकास गर्नु,

७. नगरपालिका क्षेत्रमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई सुदृढ गरी निरन्तर शिक्षा, प्रौढ तथा डिजिटल साक्षरता, आजीवन तथा निरन्तर सिकाइ र सीपमूलक तथा जीवनोपयोगी शिक्षा विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु।

### २.४ रणनीतिहरु

१. विद्यालय उमेर समूहका सबै बालबालिकाको पहिचान गरी विद्यालय भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने।

२. जोखिममा रहेका, विशेष आवश्यकता भएका तथा विद्यालय बाहिर रहेका बालबालिकालाई लक्षित गरि विभिन्न कार्यक्रम सञ्चालन गर्ने।

३. विद्यार्थी टिकाइ अभिवृद्धिका लागि छात्रवृत्ति, दिवाखाजा, परामर्श तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने।
४. दुर्गम तथा विपन्न समुदायका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न आवश्यक सहयोग तथा वैकल्पिक सिकाइ व्यवस्था गर्ने।
५. शिक्षकको निरन्तर पेशागत विकास तथा विषयगत क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
६. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार गर्ने।
७. विद्यालयमा विद्यार्थीकेन्द्रित, समावेशी तथा नवप्रवर्तनात्मक शिक्षण विधि प्रवर्द्धन गर्ने।
८. सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन, प्रतिपुष्टि तथा सुधार प्रणाली विकास गर्ने।
९. स्थानीय आवश्यकता, संस्कृति, कृषि, पर्यटन तथा उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने।
१०. विद्यालयमा जीवनोपयोगी, वित्तीय, डिजिटल तथा उद्यमशीलता सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
११.प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्ने।
१२.निजी क्षेत्र तथा उद्योग व्यवसायसँग सहकार्य गरी सीपमूलक सिकाइका अवसर सिर्जना गर्ने।
१३.विद्यालयहरूलाई न्यूनतम मापदण्डअनुसार सुरक्षित तथा समावेशी पूर्वाधारयुक्त बनाउने।
१४.लैङ्गिक समानता, बाल संरक्षण तथा समावेशी शिक्षालाई विद्यालय व्यवस्थापनमा संस्थागत गर्ने।
१५.अपाङ्गतामैत्री पूर्वाधार, सिकाइ सामग्री तथा सहयोगी सेवा विस्तार गर्ने।
१६.विद्यालयलाई विपद्-उत्थानशील, हरित तथा स्वास्थ्य मैत्री बनाउने।
१७.विद्यालय सुधार योजना तथा तथ्यमा आधारित योजना निर्माण र कार्यान्वयन सुदृढ गर्ने।
१८.विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने।
१९.विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको क्षमता अभिवृद्धि गर्ने।
२०.पारदर्शी वित्तीय व्यवस्थापन तथा सामाजिक परीक्षणलाई संस्थागत गर्ने।
२१.शिक्षा क्षेत्रमा आवश्यक स्रोतको यथार्थ आकलन तथा दीर्घकालीन वित्तीय योजना तयार गर्ने।
२२.संघ, प्रदेश, विकास साझेदार, निजी क्षेत्र तथा समुदायसँग साझेदारी विस्तार गर्ने।
२३.स्थानीय स्रोत परिचालन तथा वैकल्पिक वित्तीय स्रोतको विकास गर्ने।
२४.शिक्षा क्षेत्रमा विनियोजित स्रोतको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्ने।
२५.आवश्यकताअनुसार सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत तथा व्यवस्थापकीय सुदृढीकरण गर्ने।
२६.प्रौढ साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम विस्तार गर्ने।
२७.डिजिटल साक्षरता तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
२८.सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय आर्थिक तथा सामाजिक विकाससँग आबद्ध गर्ने।
२९. संस्थागत विद्यालयहरुको नियमन गर्ने।

### २.५ कार्यनीतिहरु

१. विद्यालय उमेरका सबै बालबालिकाको अद्यावधिक शैक्षिक विवरण व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. विद्यालय भर्ना तथा पुनःभर्नालाई स्थानीय तहको प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा संस्थागत गरिनेछ ।

३. विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षामा आबद्ध गर्ने समन्वयात्मक प्रणाली सुदृढ गरिनेछ ।

४. समतामूलक तथा समावेशी शिक्षाको सिद्धान्तअनुसार लक्षित सहयोग प्रणाली विकास गरिनेछ ।

५. विशेष आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ ।

६. आवश्यकतामा आधारित सहयोग तथा संरक्षण प्रणालीलाई संस्थागत गरिनेछ ।

७. विद्यार्थी टिकाइ अभिवृद्धिका लागि लक्षित सहयोग कार्यक्रमलाई आवश्यकता र समताका आधारमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. अभिभावकको उत्तरदायित्व तथा सहभागिता अभिवृद्धि गरिनेछ ।

९. विद्यालय छोड्ने जोखिम न्यूनीकरण गर्ने प्रणाली विकास गरिनेछ ।

१०. भौगोलिक, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकालाई प्राथमिकताका आधारमा शैक्षिक अवसर उपलब्ध गराइनेछ ।

११. वैकल्पिक तथा लचिलो सिकाइ प्रणालीलाई स्थानीय आवश्यकता अनुरूप विकास गरिनेछ ।

१२. शैक्षिक पहुँचमा विद्यमान असमानता न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. शिक्षकको पेशागत विकासलाई निरन्तर सिकाइ प्रणालीका रूपमा संस्थागत गरिनेछ ।

१४. विषयगत दक्षता, शिक्षण सीप तथा व्यावसायिक उत्तरदायित्व अभिवृद्धिलाई प्राथमिकता दिइनेछ ।

१५. कार्यसम्पादनमा आधारित पेशागत विकास प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

१६. शिक्षण-सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी एकीकरण गरिनेछ ।

१७. डिजिटल सिकाइ स्रोत तथा प्रविधिमैत्री शिक्षण वातावरण विकासलाई प्राथमिकता दिइनेछ ।

१८. डिजिटल रूपान्तरणलाई शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गरिनेछ ।

१९. विद्यार्थीकेन्द्रित, समावेशी तथा सहभागितामूलक शिक्षण पद्धतिलाई संस्थागत गरिनेछ ।

२०. नवप्रवर्तनमा आधारित शिक्षण अभ्यासलाई प्रोत्साहित गरिनेछ ।

२१. सिकाइ प्रक्रियामा विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

२२. निरन्तर तथा नतिजामुखी मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।

२३. मूल्याङ्कनका नतिजालाई शिक्षण सुधार तथा योजना निर्माणसँग आबद्ध गरिनेछ ।

२४. प्रमाणमा आधारित शैक्षिक निर्णय प्रणाली संस्थागत गरिनेछ ।

२५. स्थानीय ज्ञान, सीप, भाषा, संस्कृति तथा आर्थिक सम्भावनालाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गरिनेछ ।

२६. स्थानीय पाठ्यक्रमलाई स्थानीय विकासका प्राथमिकतासँग आबद्ध गरिनेछ ।

२७. स्थानीय पाठ्यक्रमको नियमित पुनरावलोकन तथा परिमार्जन गरिनेछ ।

२८. जीवनोपयोगी, डिजिटल, वित्तीय तथा उद्यमशीलता सीपलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरिनेछ ।

२९.सीपमा आधारित सिकाइलाई प्रवर्द्धन गरिनेछ।
३०.विद्यार्थीको आत्मनिर्भरता तथा रोजगारयोग्यता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।
३१.स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरिनेछ।
३२.समतामूलक पहुँच सुनिश्चित गरिनेछ।
३३.सीप विकासलाई स्थानीय आर्थिक विकाससँग आबद्ध गरिनेछ।
३४.शिक्षा, उद्योग तथा निजी क्षेत्रबीचको साझेदारीलाई संस्थागत गरिनेछ।
३५.कार्यस्थलमा आधारित सिकाइ तथा अनुभवात्मक शिक्षालाई प्रोत्साहित गरिनेछ।
३६.स्थानीय उत्पादन तथा उद्यमसँग विद्यालय शिक्षाको सम्बन्ध सुदृढ गरिनेछ।
३७.विद्यालय पूर्वाधार विकासमा राष्ट्रिय न्यूनतम मापदण्डको पूर्ण पालना गरिनेछ।
३८. सुरक्षित, समावेशी तथा बालमैत्री विद्यालय वातावरण सुनिश्चित गरिनेछ।
३९. पूर्वाधारको दिगोपन तथा नियमित मर्मतसम्भारलाई संस्थागत गरिनेछ।
४०.विद्यालय व्यवस्थापनका सबै पक्षमा लैङ्गिक समानता, सामाजिक समावेशिता तथा बाल संरक्षणका सिद्धान्तलाई मूलप्रवाहीकरण गरिनेछ।
४१.विभेद, हिंसा तथा दुर्व्यवहारमुक्त विद्यालय वातावरण सुनिश्चित गरिनेछ।
४२. बाल अधिकारमैत्री विद्यालय व्यवस्थापन प्रणाली विकास गरिनेछ।
४३.अपाङ्गतामैत्री विद्यालय वातावरण तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
४४. आवश्यक सहयोगी सामग्री तथा सेवामा समान पहुँच सुनिश्चित गरिनेछ।
४५. समावेशी शिक्षाका मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ।
४६.विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण तथा स्वास्थ्य प्रवर्द्धनलाई विद्यालय व्यवस्थापनमा एकीकृत गरिनेछ।
४७. हरित विद्यालय अवधारणालाई संस्थागत गरिनेछ।
४८. सुरक्षित तथा उत्थानशील विद्यालय प्रणाली विकास गरिनेछ।
४९. प्रमाण, तथ्य तथा सूचनामा आधारित योजना निर्माण प्रणाली अवलम्बन गरिनेछ।
५०. विद्यालय सुधार योजनालाई स्थानीय शिक्षा योजनासँग एकीकृत गरिनेछ।
५१. योजना कार्यान्वयनको नियमित समीक्षा तथा सुधार प्रणाली विकास गरिनेछ।
५२. सहजीकरणमुखी तथा नतिजामुखी अनुगमन प्रणाली संस्थागत गरिनेछ।
५३. कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुगत सूचकका आधारमा सञ्चालन गरिनेछ।
५४. अनुगमनका निष्कर्षलाई सुधारात्मक व्यवस्थापनसँग आबद्ध गरिनेछ।
५५. विद्यालय व्यवस्थापनमा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
५६. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको संस्थागत क्षमता सुदृढ गरिनेछ। सामाजिक उत्तरदायित्व तथा साझेदारीलाई प्रवर्द्धन गरिनेछ।
५७.वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता तथा मितव्ययिता सुनिश्चित गरिनेछ।
५८. सामाजिक परीक्षण तथा सार्वजनिक उत्तरदायित्वका अभ्यासलाई संस्थागत गरिनेछ।
५९. वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ।
६०.आवश्यकतामा आधारित स्रोत आकलन तथा दीर्घकालीन वित्तीय योजना प्रणाली विकास गरिनेछ।
६१. शिक्षा क्षेत्रमा दिगो वित्तीय व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

६२. स्रोत परिचालनलाई योजनाको प्राथमिकतासँग आबद्ध गरिनेछ ।
६३. बहुपक्षीय साझेदारीलाई शिक्षा विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ ।
६४. स्रोत, प्रविधि तथा प्राविधिक सहयोगको समन्वित परिचालन गरिनेछ ।
६५.साझेदारीलाई पारस्परिक उत्तरदायित्व र नतिजामा आधारित बनाइनेछ ।
६६. स्थानीय स्रोत परिचालनलाई शिक्षा वित्तीय व्यवस्थापनको अभिन्न अङ्ग बनाइनेछ ।
६७. वैकल्पिक वित्तीय स्रोतको विकास तथा उपयोगलाई प्रोत्साहित गरिनेछ ।
६८. समुदाय तथा निजी क्षेत्रको योगदानलाई संस्थागत गरिनेछ ।
६९.विनियोजित स्रोतको उपयोगलाई कार्यसम्पादन तथा नतिजासँग आबद्ध गरिनेछ ।
७०. वित्तीय पारदर्शिता तथा उत्तरदायित्वलाई संस्थागत गरिनेछ ।
७१.स्रोत उपयोगको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
७२. सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइको प्रभावकारी संस्थाका रूपमा विकास गरिनेछ ।
७३.संस्थागत तथा व्यवस्थापकीय क्षमता सुदृढ गरिनेछ ।
७४. स्थानीय आवश्यकता अनुरूप कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
७५.आजीवन सिकाइ तथा निरन्तर शिक्षाको अवधारणालाई संस्थागत गरिनेछ ।
७६.कार्यमूलक साक्षरता तथा निरन्तर शिक्षालाई स्थानीय विकाससँग आबद्ध गरिनेछ ।
७७. सबै नागरिकका लागि सिकाइ अवसर विस्तार गरिनेछ ।
७८.डिजिटल साक्षरता तथा जीवनोपयोगी सीप विकासलाई सबै उमेर समूहका लागि विस्तार गरिनेछ । प्रविधिमा आधारित सिकाइ तथा सीप विकासलाई प्रोत्साहित गरिनेछ ।
७९.सबैका लागि डिजिटल साक्षरता नीति अवलम्बन गरिनेछ ।
८०.सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय आर्थिक, सामाजिक तथा उद्यम विकाससँग एकीकृत गरिनेछ ।
८१.स्थानीय आवश्यकता र सम्भावनामा आधारित सिकाइ प्रणाली विकास गरिनेछ ।
८२.सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय विकासको साझेदार संस्थाका रूपमा स्थापित गरिनेछ ।
८३.संस्थागत विद्यालयहरुको नियमनका लागि मापदण्ड तयार गरि सेवामूलक बनाइनेछ ।

## २.६ अपेक्षित उपलब्धि

१. विद्यालय उमेरका सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच, सहभागिता र टिकाउ सुनिश्चित भई विद्यालयबाहिर रहेका बालबालिकाको संख्या शून्यमा पुगेको हुनेछ तथा समतामूलक र समावेशी शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुनेछ ।
२. सबै सामुदायिक विद्यालयमा गुणस्तरीय, प्रविधिमैत्री, विद्यार्थीकेन्द्रित तथा समावेशी शिक्षण सिकाइ प्रणाली संस्थागत भएको हुनेछ । शिक्षकको पेशागत क्षमता सुदृढ भई सिकाइ उपलब्धि, विद्यार्थीको शैक्षिक उपलब्धि तथा विद्यालयको समग्र शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ ।
३. सबै माध्यमिक विद्यालयमा स्थानीय पाठ्यक्रम तथा जीवनोपयोगी, सीपमूलक, प्राविधिक, व्यावसायिक, डिजिटल, वित्तीय र उद्यमशीलतामा आधारित शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ । विद्यार्थीको रोजगार, स्वरोजगार तथा उद्यमशीलता क्षमता अभिवृद्धि भई स्थानीय आर्थिक विकासमा योगदान पुग्ने जनशक्ति उत्पादन भएको हुनेछ ।

४. सबै विद्यालय सुरक्षित, समावेशी, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री तथा विपद्-उत्थानशील न्यूनतम मापदण्डअनुसार विकास भएका हुनेछन् । सबै बालबालिकाले विभेदरहित, सुरक्षित, स्वस्थ र अनुकूल सिकाइ वातावरण प्राप्त गरेका हुनेछन् ।

५. विद्यालयमा नतिजामुखी सुशासन, पारदर्शी वित्तीय व्यवस्थापन, तथ्यमा आधारित योजना निर्माण, प्रभावकारी अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली संस्थागत भएको हुनेछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको अर्थपूर्ण सहभागिता र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

६. शिक्षा क्षेत्रमा आवश्यक स्रोत तथा लगानीको दिगो व्यवस्था सुनिश्चित भएको हुनेछ । संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबीच प्रभावकारी साझेदारी र स्रोत परिचालन प्रणाली विकास भई उपलब्ध स्रोतको प्रभावकारी, पारदर्शी, मितव्ययी तथा नतिजामुखी उपयोग सुनिश्चित भएको हुनेछ ।

७. सामुदायिक सिकाइ केन्द्रहरू संस्थागत रूपमा सुदृढ भई आजीवन सिकाइका प्रभावकारी केन्द्रका रूपमा स्थापित भएका हुनेछन् । प्रौढ साक्षरता, निरन्तर शिक्षा, डिजिटल साक्षरता, जीवनोपयोगी सीप तथा उद्यमशीलता विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई नागरिकको ज्ञान, सीप, उत्पादकत्व तथा सामाजिक-आर्थिक सशक्तीकरणमा उल्लेखनीय वृद्धि भएको हुनेछ ।

### २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष<br>२०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १००.७ | १०२ | १०३ | १०४ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ७०.७ | ८० | ९० | १०० |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८५ | ९० | ९५ | १०० |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १-८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | ९३.३ | ९५ | ९८ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९०.९ | ९५ | १०० | १०५ |
| २.३ | आधारभूत तह कक्षा १-५ मा खुद भर्ना दर (%) | ९५.९ | ९६ | ९८ | १०० |
| २.४ | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दर (%) | ११४.५ | ११५ | ११६ | ११७ |
| २.५ | आधारभूत तह कक्षा १-५ को खुद प्रवेश दर (%) | ९५.९ | ९७ | ९९ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%) | ८५.१४ | ९० | ९५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | ८८.१ | ९३ | ९७ | १०० |
| २.८ | आधारभूत तह कक्षा ५ पूरा गर्ने दर (%) | ८३.१ | ८८ | ९५ | १०० |
| २.९ | आधारभूत तह कक्षा ५ भर्ना भएका ९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | १६.९४ | १२ | ८ | ५ |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०४ | १.०३ | १.०२ | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९५.२ | ९७ | ९८ | ९९ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | ११५.६ | ११३ | १११ | १०९ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८५.८ | ८८ | ९१ | ९५ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | ६४.९ | ७० | ७५ | ८० |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०३ | १.०२ | १.०१ | १ |
| २.१६ | आधारभूत तह (कक्षा ६-८) को विद्यालय छोड्ने दर (%) | ४ | ३ | २ | १ |
| २.१७ | आधारभूत तह (कक्षा १-५) मा कक्षा दोहरिने दर (%) | १७.१ | १२ | ७ | १ |
| २.१८ | आधारभूत तह (कक्षा ६-८) को कक्षा दोहरिने दर (%) | २२.७ | १६ | ८ | १ |
| २.१९ | आधारभूत तह (कक्षा १-५) मा उत्तीर्ण दर (%) | ७४ | ८४ | ९४ | १०० |
| २.२० | आधारभूत तह (कक्षा ६-८) मा उत्तीर्ण दर (%) | ७३.३ | ७८ | ८४ | ९५ |
| २.२१ | विद्यालय वाहिर रहेका बालबालिका (%) | ५.२७ | ३ | २ | ० |
| २.२२ | आधारभूत तह ( कक्षा १-८) अध्यापनरत कूल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या (%) | | | | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ४६.४ | ५६ | ६६ | ७७ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ५८.६ | ६८ | ७९ | ९० |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ८०.५ | ८५ | ९० | ९५ |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९१.७ | ९६ | ९८ | १०० |
| ३.५ | माध्यमिक तह ( कक्षा ९-१२) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ | ०.९५ | ०.९९ | १ |
| ३.६ | माध्यमिक तह ( कक्षा ९-१०) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९७ | ०.९८ | ०.९९ | १ |
| ३.७ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | | | | |
| ३.८ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६९.४ | ७५ | ८० | ८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.९ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | | | |
| ३.१० | SEE उत्तीर्ण दर % | ९४.६ | ९६ | ९७ | ९८ |
| ३.११ | माध्यमिक तह (कक्षा ९-१०) मा कक्षा दोहरिने दर (%) | ५.३ | ४ | ३ | १ |
| ३.१२ | माध्यमिक तह (कक्षा ९-१०) मा कक्षा छोड्ने दर (%) | ६.७ | ४ | ३ | १ |
| ३.१३ | माध्यमिक तह (कक्षा ९-१२) कार्यरत कूल शिक्षक मध्ये महिला शिक्षक सङ्ख्या (%) | | | | |
| **४. प्राविधिक तथा व्यावसायिक शिक्षा** | | | | | |
| ४.१ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | | | | |
| ४.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | २ | ३ | ४ |
| ४.३ | वार्षिक तालिम प्राप्त युवा को संख्या | | | | |
| ४.४ | वार्षिक स्वरोजगारमा संलग्न % | | | | |
| ४.५ | वार्षिक रोजगार प्राप्त % | | | | |
| **५. जिवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षा** | | | | | |
| ५.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७३.२९ | ७७ | ८८ | ९५ |
| ५.२ | साक्षरता दर (६वर्ष भन्दा माथि) (%) | ७९.१६ | ८५ | ९२ | ९७ |
| ५.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९८.३९ | ९९ | १०० | १०० |
| ५.४ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) मा लैङ्गिक समता | ०.२६ | ०.३७ | ०.४७ | ०.५७ |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | |
| ६.१ | सामुदायिक विद्यालय आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात | १:१३ | १:१५ | १:१७ | १:२० |
| ६.२ | सामुदायिक विद्यालय आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात | १:१७ | १:१९ | १:२१ | १:२३ |
| ६.३ | सामुदायिक विद्यालय आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात | १:१६ | १:१८ | १:२० | १:२२ |
| ६.४ | सामुदायिक विद्यालय आधारभूत तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात | १:१६ | १:१८ | १:२० | १:२२ |
| ६.५ | सामुदायिक विद्यालय आधारभूत तह (कक्षा ११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १:१२ | १:१५ | १:२० | १:२५ |
| ६.६ | समयमै सामाजिक परिक्षण गर्ने विद्यालय (%) | ९१ | ९५ | ९९ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.७ | विद्यालय सुधार योजना भएका/अद्यावधिक गरेका विद्यालय (%) | ८५ | ९० | ९५ | १०० |
| ६.८ | EMIS समयमै अद्यावधिक गर्ने विद्यालय (%) | ८० | ८८ | ९६ | १०० |
| ६.९ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको नियमित बैठक बस्ने गरेको विद्यालय (%) | ८० | ८७ | ९५ | १०० |
| ६.१० | उजुरी व्यवस्थापन संयन्त्र भएका विद्यालय (%) | ६० | ७० | ८० | ९० |
| **७. विद्यालयको भौतिक पूर्वाधार** | | | | | |
| ७.१ | पक्की भवन भएका विद्यालय (%) | | | | |
| ७.२ | पुस्तकालय भएका विद्यालय (%) | ३९.१३ | ४५ | ५० | ५० |
| ७.३ | विज्ञान प्रयोगशाला भएका विद्यालय (%) | ३९.१३ | ४५ | ५५ | ६५ |
| ७.४ | कम्प्युटर प्रयोगशाला भएका विद्यालय (%) | ४१ | ४६ | ५१ | ५६ |
| ७.५ | इन्टरनेट सुविधा भएका विद्यालय (%) | १७ | ३७ | ५७ | ७७ |
| ७.६ | बिजुली पुगेका विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ७.७ | खानेपानी सुविधा भएका विद्यालय (%) | ९० | ९३ | ९६ | १०० |
| ७.८ | छात्र-छात्राका छुट्टाछुट्टै शौचालय भएका विद्यालय (%) | ८८ | ९२ | ९६ | १०० |
| ७.९ | अपाङ्गमैत्री शौचालय भएका विद्यालय (%) | १९ | ३० | ४१ | ५२ |
| ७.१० | खेलमैदान भएका विद्यालय (%) | ६६ | ७४ | ८२ | ९० |
| ७.११ | प्राथमिक उपचार सुविधा भएको विद्यालय % | ९ | २८ | ४७ | ६७ |
| **८ सिकाइ उपलब्धी (राष्ट्रिय विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन)** | | | | | |
| ८.१ | कक्षा ३ | | | | |
| ८.२ | कक्षा ५ | | | | |
| ८.३ | कक्षा ८ | | | | |
| **९. वित्तीय व्यवस्थापन** | | | | | |
| ९.१ | प्रति विद्यार्थी खर्च | | | | |
| ९.२ | शिक्षा क्षेत्रमा कुल बजेट (%) | | | | |
| ९.३ | पुँजीगत बजेट | | | | |
| ९.४ | चालु बजेट | | | | |
| ९.५ | विद्यालय अनुदान | | | | |
| ९.६ | शिक्षक तलब अनुपात | | | | |
| ९.७ | शिक्षा बजेट कार्यान्वयन प्रतिशत | | | | |
| **१०. अन्य विविध क्षेत्र** | | | | | |
| १०.१ | प्रविधिमैत्री (%) कक्षाकोठा भएका विद्यालय (स्मार्ट) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०.२ | ICT प्रयोग गर्ने शिक्षक % | ४५ | ७० | ९० | १०० |
| १०.३ | कम्प्युटर प्रयोग गर्ने विद्यार्थी % | | | | |
| १०.४ | डिजिटल सिकाइ सामाग्री भएका विद्यालय सङ्ख्या | २१ | ३० | ३५ | ४० |
| १०.५ | बाल संरक्षण नीति भएका विद्यालय %) | | | | |
| १०.६ | वृक्षारोपण कार्यक्रम भएका विद्यालय | १ | २० | ३० | ६० |
| १०.७ | जलवायुमैत्री विद्यालय (%) | | | | |
| १०.८ | हरित विद्यालय (%) | १ | २० | ३० | ६० |
| १०.९ | अपाङ्गता भएका विद्यार्थीको भर्ना दर (%) | | | | |
| १०.१ | दलित विद्यार्थीको सहभागिता (%) | | | | |

**तालिका २.८ : परिवर्तनको सिद्धान्त (Theory of Change)**

| लगानी | क्रियाकलाप | प्रतिफल | परिणाम | प्रभाव |
|---|---|---|---|---|
| तिनै तहका सरकारको बजेट, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको बजेट, शिक्षक, विद्यालय, ICT, समुदाय, नीतिगत व्यवस्था | विद्यालय भर्ना अभियान, शिक्षक क्षमता विकास, ICT विस्तार, उपचारात्मक शिक्षण, स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालय पूर्वाधार सुधार, समावेशी शिक्षा, विद्यालय सुशासन, अनुगमन, स्रोत परिचालन | पहुँच विस्तार, प्रशिक्षित शिक्षक, ICT प्रयोग, सुरक्षित विद्यालय, स्थानीय पाठ्यक्रम सञ्चालन, सुधारिएको विद्यालय व्यवस्थापन, नियमित अनुगमन | बालबालिकको सिकाइ उपलब्धिमा सुधार, टिकाउ दरमा वृद्धि, विद्यालय बाहिर रहेका बालबालिका न्यून, समतामूलक, समावेशी तथा गुणस्तरीय शिक्षा, उद्यमशीलतामा आधारित रोजगारमुखी सीप विकास, नतीजामुखी विद्यालय सुशासन | समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामार्फत सिजनशील, उद्यमशील, सक्षम, प्रतिस्पर्धी तथा जिम्मेवार नागरिक उत्पादन भई मेलौली नगरपालिकाको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान पुग्ने। |

**तालिका २.९ : उद्देश्यको Logical Framework (Logframe Matrix)**

| तह | विवरण | प्रमुख सूचक | प्रमाणीकरणका | प्रमुख |
|---|---|---|---|---|

| | | | स्रोत | पूर्वधारणा |
|---|---|---|---|---|
| **प्रभाव** | समतामूलक, समावेशी, गुणस्तरीय, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षामार्फत नैतिक, उद्यमशील, सिर्जनशील, सक्षम तथा प्रतिस्पर्धी नागरिक विकास | रोजगार तथा स्वरोजगारमा वृद्धि, साक्षरता दर वृद्धि, मानव विकास सूचकमा सुधार | राष्ट्रिय जनगणना, नगरपालिका प्रतिवेदन | लगानीमा निरन्तरता तथा पर्याप्ता, राजनीतिक स्थायित्व |
| **दीर्घकालीन परिणाम** | सबै बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता, समता, समावेशीता, गुणस्तर तथा सिकाइ उपलब्धिमा क्रमिक सुधार | विद्यालयबाहिर रहेका बालबालिका शून्य, विद्यालयमा टिकाउ दर ९५% भन्दा माथि, नतिजा सुधार, ICT को प्रयोगमा उल्लेखनीय वृद्धि | EMIS, IEMIS, NAS, SEE, विद्यालय प्रतिवेदन | नियमित विद्यालय सञ्चालन, वियषयगत शिक्षकहरुको उपलब्धता |
| **प्रतिफल** | तालिमप्राप्त शिक्षक, समावेशी विद्यालय, ICT सुविधा, स्थानीय पाठ्यक्रम, प्रभावकारी विद्यालय व्यवस्थापन | तालिम प्राप्त शिक्षक शतप्रतिशत, ICT भएका विद्यालय ७७ %, समावेशी विद्यालय १०० %, स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय १००% | तालिम प्रतिवेदन, विद्यालय अभिलेख, अनुगमन तथा सुपरीवैक्षण प्रतिवेदन | विद्यालय शिक्षा क्षेत्रमा पर्याप्त स्रोत तथा लगानी र लगानीको प्रभावकारी कार्यान्वयन |
| **क्रियाकलाप** | विद्यालय भर्ना अभियान, शिक्षक तालिम, पूर्वाधार विकास, ICT विस्तार, स्थानीय पाठ्यक्रम, विद्यालय सुशासन, स्रोत | वार्षिक कार्ययोजना अनुसार कार्यक्रम सम्पन्न | वार्षिक प्रगति प्रतिवेदन | समयमै बजेट निकासा तथा समन्वय |

| | | | | |
|---|---|---|---|---|
| | परिचालन, अनुगमन | | | |
| **लगानी** | बजेट, जनशक्ति, नीति, प्रविधि, साझेदारी, सामग्री | वार्षिक बजेट तथा स्रोत परिचालन | बजेट पुस्तिका, MTEF, नगरपालिका अभिलेख | संघ, प्रदेश तथा स्थानीय तहबाट पर्याप्त स्रोत उपलब्ध हुनु |

**तालिका २.१०: उद्देश्यअनुसार परिवर्तन मार्ग**

| उद्देश्य | प्रमुख रणनीति | अपेक्षित प्रतिफल | अपेक्षित परिणाम |
|---|---|---|---|
| १सबै बालबालिकाको . पहुँच सुनिश्चित गर्ने | विद्यालय भर्ना अभियान, विद्यालयबाहिर बालबालिका पुनःभर्ना | १००भर्ना % | विद्यालयबाहिर बालबालिका शून्य |
| २गुणस्तरीय शिक्षण . सिकाइ | शिक्षक क्षमता विकास, ICT, सिकाइ मूल्याङ्कन | दक्ष शिक्षक | सिकाइ उपलब्धिमा सुधार |
| ३सीपमूलक तथा . रोजगारमुखी शिक्षा | स्थानीय पाठ्यक्रम, TVET, उद्यमशीलता | सीपयुक्त विद्यार्थी | रोजगार तथा स्वरोजगार क्षमता वृद्धि |
| ४समावेशी विद्यालय . विकास | GESI, अपाङ्गतामैत्री पूर्वाधार | समावेशी विद्यालय | समान सिकाइ अवसर |
| ५विद्यालय सुशासन . | नेतृत्व विकास, EMIS, सामाजिक परीक्षण | उत्तरदायी विद्यालय व्यवस्थापन | प्रभावकारी सेवा प्रवाह |
| ६ वित्तीय .व्यवस्थापन | स्रोत परिचालन, साझेदारी | लगानी वृद्धि | योजनाको दिगोपन |
| ७आजीवन सिकाइ . | सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण | प्रौढ तथा डिजिटल साक्षरता | सिक्ने समाजको विकास |

## परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा (ECDE) बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, भावनात्मक तथा भाषिक विकासको आधारशिला हो । जीवनको पहिलो आठ वर्षलाई सिकाइ तथा व्यक्तित्व विकासको सबैभन्दा महत्वपूर्ण अवधि मानिन्छ । यस अवधिमा प्रदान गरिने गुणस्तरीय प्रारम्भिक शिक्षा, पोषण, स्वास्थ्य सेवा, संरक्षण तथा मनोसामाजिक सहयोगले बालबालिकाको विद्यालय तयारी, सिकाइ उपलब्धि र भविष्यको जीवन सफल बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको संविधान, २०७२, उद्देश्य (SESP 2022-2032), राष्ट्रिय शिक्षा नीति, २०७६ तथा दिगो विकास लक्ष्य (SDG-4) ले सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास सेवामा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएका छन् । यसै अनुरूप मेलौली नगरपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको आधारभूत क्षेत्रका रूपमा प्राथमिकतामा राखेको छ ।

##### ३.१.२ वर्तमान अवस्था

मेलौली नगरपालिकामा हाल ४० वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । शैक्षिक वर्ष २०८२ अनुसार बालविकासमा ६२९ जना बालबालिका अध्ययनरत छन्, जसमा ३०१ जना छात्रा र ३२८ जना छात्र रहेका छन् । नगरपालिकाको प्रारम्भिक बालविकासको कुल भर्ना दर (GER) १००.७ प्रतिशत रहेको छ भने खुद भर्ना दर (NER) ७०.७ प्रतिशत रहेको छ । यसले लक्षित उमेर समूहका सबै बालबालिकासम्म सेवा अझै पूर्ण रूपमा पुग्न नसकेको संकेत गर्दछ।

नगरपालिकामा ४९ जना बालविकास सहजकर्ता कार्यरत छन् । अधिकांश केन्द्रहरू विद्यालयसँग आबद्ध भए पनि सबै केन्द्रमा आवश्यक सिकाइ सामग्री, बालमैत्री कक्षाकोठा, खेल सामग्री, सुरक्षित वातावरण तथा सहजकर्ताको निरन्तर पेशागत विकास पर्याप्त रूपमा उपलब्ध हुन सकेको छैन । केही केन्द्रहरूमा पोषण, स्वास्थ्य परीक्षण, अभिभावक शिक्षा तथा विद्यालय तयारी कार्यक्रम अपेक्षित रूपमा प्रभावकारी छैनन् ।

दुर्गम भौगोलिक अवस्था, बसाइँसराइ, आर्थिक विपन्नता तथा अभिभावकमा प्रारम्भिक शिक्षाप्रतिको सीमित चेतनाका कारण केही बालबालिका अझै प्रारम्भिक बालविकास सेवाबाट वञ्चित रहेका छन् । त्यसैले आगामी योजनाले प्रारम्भिक बालविकासको पहुँचसँगै गुणस्तर सुधारलाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

#### ३.१.३ उद्देश्य

१. ३-५ वर्ष उमेरका सबै बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर, बालमैत्री सिकाइ वातावरण तथा विद्यालय तयारी कार्यक्रम सुदृढ गर्नु ।

३. बालविकास सहजकर्ताको पेशागत क्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षण-सिकाइ सुनिश्चित गर्नु ।
४. स्वास्थ्य, पोषण, संरक्षण तथा अभिभावक सहभागितासहित एकीकृत प्रारम्भिक बालविकास सेवा विस्तार गर्नु ।

### ३.१.४ रणनीतिहरू

१. प्रारम्भिक बालविकास सेवाको पहुँच विस्तार गर्ने ।
२. सबै बालविकास केन्द्रलाई न्यूनतम गुणस्तर मापदण्डअनुसार सञ्चालन गर्ने ।
३. सहजकर्ताको नियमित क्षमता विकास गर्ने ।
४. खेलमा आधारित तथा बालकेन्द्रित सिकाइ प्रणाली लागू गर्ने ।
५. स्वास्थ्य, पोषण र शिक्षाको एकीकृत सेवा प्रवाह गर्ने ।
६. अभिभावक शिक्षा तथा समुदायको सहभागिता बढाउने ।
७. बालविकास केन्द्रलाई विद्यालय तयारी कार्यक्रमसँग प्रभावकारी रूपमा आबद्ध गर्ने ।
८. बालमैत्री, सुरक्षित तथा समावेशी सिकाइ वातावरण विकास गर्ने ।
९. विद्यालय वडा र नगर स्तरमा बाल संरक्षण समिति गठन गर्ने

### ३.१.५ कार्यनीतिहरू

१. सबै योग्य उमेरका बालबालिकाको भर्ना अभियान सञ्चालन गरिनेछ ।
२. बालविकास केन्द्रहरूमा आवश्यक सिकाइ सामग्री तथा खेल सामग्री उपलब्ध गराइनेछ ।
३. सहजकर्तालाई नियमित तालिम, मेन्टोरिङ तथा पेशागत सहयोग प्रदान गरिनेछ ।
४. स्वास्थ्य संस्थासँग समन्वय गरी नियमित स्वास्थ्य परीक्षण, पोषण तथा वृद्धि अनुगमन गरिनेछ ।
५. अभिभावक अभिमुखीकरण तथा घर-विद्यालय सहकार्य कार्यक्रम सञ्चालन गरिनेछ ।
६. विद्यालय तयारी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
७. सबै केन्द्रमा बालमैत्री, सुरक्षित तथा समावेशी सिकाइ वातावरण सुनिश्चित गरिनेछ ।
८. बालविकास केन्द्रहरूको नियमित अनुगमन तथा गुणस्तर मूल्याङ्कन गरिनेछ ।
९. बालवालिकाको हकहितका लागी बाल संरक्षण समिति गठन गरी विद्यालयमा शान्त वातावरण सृजना गर्ने ।

### ३.१.६ अपेक्षित उपलब्धि

१. ३-५ वर्ष उमेरका सबै बालबालिकाको प्रारम्भिक बालविकास सेवामा पहुँच सुनिश्चित भएको हुनेछ ।
२. प्रारम्भिक बालविकासको खुद भर्ना दरमा उल्लेखनीय वृद्धि भएको हुनेछ ।
३. सबै केन्द्र न्यूनतम गुणस्तर मापदण्डअनुसार सञ्चालन भएका हुनेछन् ।
४. बालविकास सहजकर्ताको पेशागत दक्षतामा उल्लेखनीय सुधार भएको हुनेछ ।
५. विद्यालय तयारी कार्यक्रम प्रभावकारी भई कक्षा १ मा सिकाइ उपलब्धि सुधार भएको हुनेछ ।
६. स्वास्थ्य, पोषण र प्रारम्भिक शिक्षाको एकीकृत सेवा प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।
७. अभिभावक तथा समुदायको सहभागिता वृद्धि भएको हुनेछ ।

### ३.१.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासको कुल भर्ना दर (%) | १००.७ | १०२ | १०३ | १०४ |
| २ | प्रारम्भिक बालविकासको खुद भर्ना दर (%) | ७०.७ | ८० | ९० | १०० |
| ३ | ECDE अनुभव लिएर कक्षा १ मा भर्ना हुने (%) | ८५ | ९० | ९५ | १०० |
| ४ | न्यूनतम मापदण्ड पूरा गरेका ECDE केन्द्र (%) | ४५ | ६५ | ८५ | १०० |
| ५ | तालिम प्राप्त बालविकास सहजकर्ता (%) | ६० | ८० | ९५ | १०० |
| ६ | बालमैत्री सिकाइ सामग्री भएका केन्द्र (%) | ५० | ७० | ९० | १०० |
| ७ | नियमित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने केन्द्र (%) | ४० | ६० | ८० | १०० |
| ८ | वार्षिक स्वास्थ्य तथा पोषण परीक्षण हुने केन्द्र (%) | ५० | ७५ | ९० | १०० |

### ३.१.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रको गुणस्तर सुधार तथा न्यूनतम मापदण्ड कार्यान्वयन | ६ | ६ | ६ | ६ | ६ | १० | ४० |
| २ | बालमैत्री फर्निचर, खेल तथा सिकाइ सामग्री व्यवस्थापन | ५ | ५ | ५ | ५ | ५ | ५ | ३० |
| ३ | बालविकास सहजकर्ताको तालिम तथा क्षमता विकास | १० | १० | १० | १० | ४ | ५ | ४१ |
| ४ | विद्यालय तयारी कार्यक्रम | २ | २ | २ | २ | २ | ५ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | अभिभावक शिक्षा तथा समुदाय सचेतना कार्यक्रम | १५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| ६ | स्वास्थ्य, पोषण तथा वृद्धि अनुगमन कार्यक्रम | २ | २ | २ | २ | २ | ५ | १५ |
| ७ | बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार सुधार | ८ | ८ | ८ | ८ | ८ | १० | |
| ८ | नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर मूल्याङ्कन | २ | २ | २ | २ | २ | ५ | १५ |
| ९ | प्रारम्भिक सिकाई तथा विकास मापदण्ड सम्बन्धि तालिम | १५ | १० | १० | ५ | | ४० | ४० |
| १० | सिकाइ आदान प्रदानको लागी नमुना बालविकास भ्रमण | २ | २ | २ | २ | २ | १० | १५ |
| ११ | प्रारम्भिक बालविकास बालवालिकाको स्वास्थ्य तथा सरसफाइको लागि एक जना सुसारे राख्ने | १५ | १५ | १० | | | ४० | ४० |
| **जम्मा** | | **३०.५** | **३०.५** | **३०.५** | **३०५.** | **३०.५** | **४५** | **२००** |

## ३.२ आधारभत् शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा प्रत्येक नागरिकको मौलिक अधिकार तथा जीवनोपयोगी ज्ञान, सीप, मूल्य र व्यवहार विकास गर्ने शिक्षाको आधारभूत चरण हो। नेपालको संविधान, २०७२ ले आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। उद्देश्य (SESP 2022-2032), राष्ट्रिय शिक्षा नीति, २०७६ तथा दिगो विकास लक्ष्य (SDG-4) ले सबै बालबालिकालाई समतामूलक, समावेशी, गुणस्तरीय तथा जीवनोपयोगी आधारभूत शिक्षा प्रदान गर्ने लक्ष्य लिएका छन्।

आधारभूत शिक्षाले बालबालिकामा भाषा, गणित, विज्ञान, सामाजिक अध्ययन, सिर्जनशीलता, आलोचनात्मक सोच, डिजिटल साक्षरता, जीवनोपयोगी सीप, नैतिक मूल्य तथा नागरिक चेतनाको विकास गर्दछ। त्यसैले मेलौली नगरपालिकाले आधारभूत शिक्षाको पहुँचसँगै गुणस्तर, समावेशिता, सिकाइ उपलब्धि तथा विद्यालयमा टिकाइ वृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेको छ।

### ३.२.२ वर्तमान अवस्था

मेलौली नगरपालिकामा शैक्षिक वर्ष २०८२ अनुसार आधारभूत तह सञ्चालन गर्ने २८ वटा सामुदायिक विद्यालय रहेका छन्। आधारभूत तह (कक्षा १-८) मा जम्मा ३,२१३ जना विद्यार्थी अध्ययनरत छन्, जसमा १,६७८ जना छात्रा **र** १,५३५ जना छात्र रहेका छन्।

नगरपालिकामा कक्षा १-५ को कुल भर्ना दर ११४.५ प्रतिशत तथा खुद भर्ना दर ९५.९ प्रतिशत रहेको छ भने कक्षा १-८ को कुल भर्ना दर ११५.६ प्रतिशत र खुद भर्ना दर ९५.२ प्रतिशत रहेको छ। यसले आधारभूत शिक्षामा पहुँच राम्रो भए पनि उमेरअनुसारको भर्ना तथा समयमै विद्यालय प्रवेशमा अझै सुधार गर्नुपर्ने देखिन्छ।

कक्षा ५ सम्म टिकाउ दर ८८.१ प्रतिशत तथा कक्षा ८ सम्म ८५.८ प्रतिशत रहेको छ। यसले आधारभूत तहमै केही विद्यार्थी विद्यालय छोड्ने अवस्था रहेको देखाउँछ। नगरपालिकामा अझै १८६ जना विद्यालयबाहिर रहेका ५-१२ वर्ष उमेर समूहका बालबालिका रहेका छन्।

आधारभूत तहमा २२४ जना शिक्षक कार्यरत रहेका छन्। विद्यार्थी-शिक्षक अनुपात समग्रमा सन्तोषजनक भए पनि विषयगत शिक्षक व्यवस्थापन, ICT प्रयोग, पुस्तकालय, विज्ञान प्रयोगशाला, सिकाइ सामग्री, समावेशी तथा अपाङ्गतामैत्री पूर्वाधार सबै विद्यालयमा समान रूपमा उपलब्ध छैनन्। सिकाइ उपलब्धि, कक्षा दोहोरिने दर तथा आधारभूत तहबाट माध्यमिक तहमा संक्रमण दरमा समेत सुधार आवश्यक देखिन्छ।

### ३.२.३ उद्देश्य

१. सबै विद्यालय उमेरका बालबालिकाको आधारभूत शिक्षामा समतामूलक पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्नु।
२. आधारभूत तहको शिक्षण-सिकाइको गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।
३. विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षामा समेटी टिकाउ दर अभिवृद्धि गर्नु।

४. सुरक्षित, समावेशी, बालमैत्री तथा प्रविधिमैत्री आधारभूत शिक्षा प्रणाली विकास गर्नु ।

### ३.२.४ रणनीतिहरू

१. आधारभूत शिक्षामा शतप्रतिशत पहुँच सुनिश्चित गर्ने ।
२. विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने .
३. विद्यार्थी टिकाउ दर तथा सिकाइ उपलब्धि अभिवृद्धि गर्ने ।
४. विद्यार्थीकेन्द्रित, समावेशी तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली विकास गर्ने ।
५. शिक्षकको पेशागत क्षमता तथा विषयगत दक्षता अभिवृद्धि गर्ने ।
६. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ गर्ने ।
७. विद्यालय, अभिभावक तथा समुदायको साझेदारी सुदृढ गर्ने ।
८. नियमित अनुगमन तथा सिकाइ उपलब्धिमा आधारित व्यवस्थापन प्रणाली विकास गर्ने।

### ३.२.५ कार्यनीतिहरू

१. विद्यालय भर्ना तथा पुनःभर्ना अभियान नियमित सञ्चालन गरिनेछ ।
२. विद्यालयबाहिर रहेका बालबालिकाको खोजी गरी विद्यालयमा ल्याइनेछ ।
३. दिवा खाजा, छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रम प्रभावकारी बनाइनेछ ।
४. आधारभूत तहका शिक्षकलाई विषयगत तथा ICT सम्बन्धी नियमित तालिम प्रदान गरिनेछ ।
५. प्रत्येक विद्यालयमा पुस्तकालय, विज्ञान सामग्री तथा ICT आधारित सिकाइ विस्तार गरिनेछ ।
६. विद्यार्थी सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन तथा उपचारात्मक शिक्षण सञ्चालन गरिनेछ ।
७. विद्यालयहरूमा बालमैत्री, सुरक्षित तथा समावेशी वातावरण विकास गरिनेछ ।
८. विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण तथा मेन्टोरिङ प्रणाली कार्यान्वयन गरिनेछ ।
९. नगरपालिका भित्र नमुना विद्यालयको अवधारणा लागु गरीने ।

### ३.२.६ अपेक्षित उपलब्धि

१. आधारभूत तहमा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. आधारभूत तहको खुद भर्ना दर ९८ प्रतिशतभन्दा माथि पुगेको हुनेछ .
३. विद्यालयबाहिर रहेका बालबालिका न्यूनतम अवस्थामा झरेका हुनेछन् ।
४. कक्षा ५ तथा कक्षा ८ सम्मको टिकाउ दर उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ ।
५. विद्यार्थीको सिकाइ उपलब्धि तथा आधारभूत सीपमा सुधार भएको हुनेछ ।
६. सबै विद्यालयमा सुरक्षित, बालमैत्री तथा समावेशी सिकाइ वातावरण विकास भएको हुनेछ ।
७. शिक्षकको पेशागत क्षमता तथा प्रविधिमैत्री शिक्षण अभ्यासमा उल्लेखनीय सुधार भएको हुनेछ ।
८. नगरपालिकामा नमुना विद्यालयहरु सन्चालनमा रहेका हुनेछन् ।

### ३.२.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कक्षा १-५ खुद भर्ना दर (%) | ९५.९ | ९६ | ९८ | १०० |
| २ | कक्षा १-८ खुद भर्ना दर (%) | ९५.२ | ९७ | ९८ | ९९ |
| ३ | कक्षा ५ सम्म टिकाउ दर (%) | ८८.१ | ९३ | ९७ | १०० |
| ४ | कक्षा ८ सम्म टिकाउ दर (%) | ८५.८ | ८८ | ९१ | ९५ |
| ५ | विद्यालयबाहिर रहेका बालबालिका (%) | ५.२७ | ३ | २ | ० |
| ६ | आधारभूत तह (१-५) उत्तीर्ण दर (%) | ७४ | ८४ | ९४ | १०० |

**३.२.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष)** (रकम रु. लाखमा)

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** | **बाँकी ५ वर्ष (एकमुष्ट)** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयबाहिर रहेका बालबालिका भर्ना तथा टिकाइ कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ | २० |
| २ | आधारभूत तहको सिकाइ गुणस्तर सुधार कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० |
| ३ | शिक्षक क्षमता विकास तथा ICT तालिम | ५ | ५ | ५ | ५ | ५ | १० | ३५ |
| ४ | पुस्तकालय, विज्ञान तथा ICT सामग्री व्यवस्थापन | ६ | ६ | ६ | ६ | ६ | १५ | ४५ |
| ५ | बालमैत्री तथा समावेशी पूर्वाधार विकास | ८ | ८ | ८ | ८ | ८ | २० | ६० |
| ६ | दिवा खाजा, स्वास्थ्य तथा विद्यार्थी सहयोग कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ७ | अभिभावक सहभागिता तथा विद्यालय–समुदाय | २ | २ | २ | २ | २ | ५ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहकार्य | | | | | | | |
| ८ | अनुगमन, सुपरिवेक्षण तथा सिकाइ उपलब्धि मूल्याङ्कन | २ | २ | २ | २ | २ | ९ | १९ |
| **जम्मा** | | **३७** | **३७** | **३७** | **३७** | **३७** | ९४ | २७९ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता तथा जिम्मेवार नागरिक जीवनका लागि सक्षम बनाउने महत्वपूर्ण तह हो । यस तहले विषयगत ज्ञानसँगै आलोचनात्मक सोच, सिर्जनशीलता, नेतृत्व क्षमता, डिजिटल साक्षरता, अनुसन्धान, नवप्रवर्तन तथा जीवनोपयोगी सीपको विकास गर्दछ।

नेपालको संविधान, २०७२ ले माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क बनाउने व्यवस्था गरेको छ । उद्देश्य (SESP 2022–2032), राष्ट्रिय शिक्षा नीति, २०७६ तथा दिगो विकास लक्ष्य (SDG-4) ले गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा रोजगारमुखी माध्यमिक शिक्षा सुनिश्चित गर्ने लक्ष्य लिएका छन्।

मेलौली नगरपालिकाले माध्यमिक शिक्षामा विद्यार्थीको पहुँच विस्तार, विद्यालयमा टिकाइ, सिकाइ उपलब्धि सुधार, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, करियर परामर्श, जीवनोपयोगी सीप तथा स्थानीय आवश्यकता अनुरूपको शिक्षा विकासलाई प्राथमिकतामा राखेको छ।

### ३.३.२ वर्तमान अवस्था

मेलौली नगरपालिकामा हाल १२ वटा माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्, जसमा ६ वटा कक्षा ९-१० तथा ६ वटा कक्षा ११-१२ सञ्चालन भएका विद्यालय रहेका छन्।

शैक्षिक वर्ष २०८२ अनुसार कक्षा ९-१० मा ८५३ जना विद्यार्थी अध्ययनरत छन्, जसमा ४४० जना छात्रा र ४१३ जना छात्र रहेका छन्। कक्षा ११-१२ मा ३२६ जना विद्यार्थी अध्ययनरत छन्, जसमा १५६ जना छात्रा र १७० जना छात्र रहेका छन्।

नगरपालिकाको माध्यमिक तह (कक्षा ९-१०) को कुल भर्ना दर ९१.७ प्रतिशत तथा खुद भर्ना दर ८०.५ प्रतिशत रहेको छ। कक्षा ९-१२ को कुल भर्ना दर ५८.६ प्रतिशत तथा खुद भर्ना दर ४६.४ प्रतिशत मात्र रहेको छ, जसले आधारभूत तहपछि विद्यार्थीको निरन्तरतामा उल्लेखनीय चुनौती रहेको देखाउँछ।

कक्षा १० सम्मको टिकाउ दर ६९.४ प्रतिशत रहेको छ भने SEE उत्तीर्ण दर ९४.६ प्रतिशत रहेको छ। यसले परीक्षा नतिजा सन्तोषजनक भए पनि माध्यमिक तहमा विद्यार्थी टिकाइ तथा कक्षा ११-१२ मा भर्ना वृद्धि गर्न थप प्रयास आवश्यक रहेको संकेत गर्दछ।

नगरपालिकामा माध्यमिक तहमा ८३ जना शिक्षक कार्यरत छन् भने प्राविधिक तथा व्यावसायिक शिक्षामा ६ जना प्रशिक्षकहरु कार्यरत छन्। केही विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, इन्टरनेट तथा स्मार्ट कक्षाकोठाको व्यवस्था भए पनि सबै विद्यालयमा समान रूपमा उपलब्ध छैन। करियर परामर्श, जीवनोपयोगी सीप, STEM शिक्षा, डिजिटल सिकाइ तथा स्थानीय आर्थिक सम्भावनासँग जोडिएको शिक्षाको विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ३.३.३ उद्देश्य

१. माध्यमिक शिक्षामा सबै योग्य विद्यार्थीको समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा SEE नतिजामा सुधार गर्नु,
३. विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक शिक्षा, रोजगारी तथा उद्यमशीलताका लागि सक्षम बनाउनु,
४. प्रविधिमैत्री, सुरक्षित, समावेशी तथा जीवनोपयोगी माध्यमिक शिक्षा प्रणाली विकास गर्नु,

### ३.३.४ रणनीतिहरू

१. माध्यमिक तहमा भर्ना तथा टिकाउ दर अभिवृद्धि गर्ने।
२. विद्यालय छोड्ने दर न्यूनीकरण गर्ने।
३. गुणस्तरीय, विद्यार्थीकेन्द्रित तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली विकास गर्ने।
४. शिक्षकको विषयगत तथा पेशागत क्षमता विकास गर्ने।
५. विज्ञान, गणित, भाषा तथा सूचना प्रविधिमा आधारित सिकाइ सुदृढ गर्ने।
६. करियर परामर्श, जीवनोपयोगी सीप तथा उद्यमशीलता शिक्षा प्रवर्द्धन गर्ने।
७. विद्यालयको भौतिक, शैक्षिक तथा ICT पूर्वाधार सुदृढ गर्ने।
८. विद्यालय, अभिभावक तथा समुदायको साझेदारी अभिवृद्धि गर्ने।

### ३.३.५ कार्यनीतिहरू

१. माध्यमिक तहमा विद्यार्थी भर्ना तथा टिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।
२. जोखिममा रहेका तथा विद्यालय छोड्ने सम्भावना भएका विद्यार्थीका लागि लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
३. विषयगत शिक्षकको क्षमता विकास तथा ICT आधारित शिक्षण तालिम नियमित सञ्चालन गरिनेछ।
४. विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालय तथा स्मार्ट कक्षाकोठा विस्तार गरिनेछ।
५. करियर परामर्श, जीवनोपयोगी सीप तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
६. SEE तयारी तथा अतिरिक्त सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
७. विद्यालयहरूमा सुरक्षित, समावेशी तथा लैङ्गिकमैत्री वातावरण सुनिश्चित गरिनेछ।
८. नियमित अनुगमन, सिकाइ मूल्याङ्कन तथा विद्यालय कार्यसम्पादन समीक्षा गरिनेछ।

### ३.३.६ अपेक्षित उपलब्धि

१. माध्यमिक तहमा भर्ना तथा टिकाउ दरमा उल्लेखनीय वृद्धि भएको हुनेछ ।
२. कक्षा ९-१२ को खुद भर्ना दरमा उल्लेखनीय सुधार भएको हुनेछ ।
३. विद्यालय छोड्ने दर न्यून भएको हुनेछ ।
४. SEE तथा कक्षा १२ को सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।
५. विद्यार्थीमा डिजिटल साक्षरता, जीवनोपयोगी सीप तथा उद्यमशीलता क्षमता विकास भएको हुनेछ ।
६. सबै माध्यमिक विद्यालयमा गुणस्तरीय, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण विकास भएको हुनेछ ।
७. शिक्षकको विषयगत तथा प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धि भएको हुनेछ।

### ३.३.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (९-१०) खुद भर्ना दर (%) | ८०.५ | ८५ | ९० | ९५ |
| २ | माध्यमिक तह (९-१२) खुद भर्ना दर (%) | ४६.४ | ५६ | ६६ | ७७ |
| ३ | माध्यमिक तह (९-१२) कुल भर्ना दर (%) | ५८.६ | ६८ | ७९ | ९० |
| ४ | कक्षा १० सम्म टिकाउ दर (%) | ६९.४ | ७५ | ८० | ८५ |
| ५ | SEE उत्तीर्ण दर (%) | ९४.६ | ९६ | ९७ | ९८ |
| ६ | विज्ञान तथा कम्प्युटर प्रयोगशाला भएका विद्यालय (%) | ३९.३१ | ४५ | ५५ | ६५ |

### ३.३.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहमा भर्ना तथा टिकाइ अभिवृद्धि कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | ५ | २० |
| २ | विज्ञान, गणित तथा भाषा | ६ | ६ | ६ | ६ | ६ | १५ | ४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षाको गुणस्तर सुधार कार्यक्रम | | | | | | | |
| ३ | शिक्षक क्षमता विकास तथा ICT तालिम | ५ | ५ | ५ | ५ | ५ | १० | ३५ |
| ४ | विज्ञान, कम्प्युटर प्रयोगशाला तथा स्मार्ट कक्षा विकास | ८ | ८ | ८ | ८ | ८ | २० | ६० |
| ५ | SEE तयारी, अतिरिक्त कक्षा तथा सिकाइ सहयोग कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ६ | करियर परामर्श, जीवनोपयोगी सीप तथा उद्यमशीलता कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | छात्रवृत्ति, समावेशी शिक्षा तथा विद्यार्थी सहयोग कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ८ | अनुगमन, सुपरिवेक्षण तथा सिकाइ उपलब्धि मूल्याङ्कन | २ | २ | २ | २ | २ | १० | २० |
| **जम्मा** | | **३२** | **३२** | **३२** | **३२** | **३२** | **९०** | **२५०** |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा (Technical and Vocational Education and Training -TVET) ले व्यक्तिलाई ज्ञानसँगै व्यावहारिक सीप, उद्यमशीलता तथा रोजगारीका लागि आवश्यक दक्षता विकास गर्न सहयोग गर्दछ । यस प्रकारको शिक्षाले स्थानीय उत्पादन, कृषि, पर्यटन, निर्माण, सूचना प्रविधि, स्वास्थ्य, उद्योग तथा सेवा क्षेत्रका लागि दक्ष जनशक्ति उत्पादन गरी स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, उद्देश्य (SESP 2022–2032), राष्ट्रिय योग्यता प्रारूप (National Vocational Qualifications Framework-NVQF) तथा दिगो विकास लक्ष्य (SDG-4) ले प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी रोजगारमुखी तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएका छन्।

मेलौली नगरपालिकामा कृषि, पशुपालन, जडीबुटी, पर्यटन, निर्माण, सूचना प्रविधि तथा लघु उद्यमको पर्याप्त सम्भावना रहेकाले स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार आवश्यक देखिन्छ।

### ३.४.२ वर्तमान अवस्था

मेलौली नगरपालिकामा हाल १ वटा विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भइरहेको छ। नगरपालिकामा कृषि, पशुपालन, निर्माण, होटल तथा पर्यटन, सूचना प्रविधि, विद्युत्, प्लम्बिङ, सिलाइ-कटाइ लगायतका क्षेत्रमा सीपयुक्त जनशक्तिको माग बढ्दै गएको छ। तर अधिकांश युवाले औपचारिक प्राविधिक शिक्षा वा सीपमूलक तालिम प्राप्त गर्ने अवसर पर्याप्त रूपमा पाएका छैनन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको ७९.३१ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आबद्ध रहेको छ भने व्यापार, निर्माण तथा सेवा क्षेत्र क्रमशः विस्तार हुँदै गएका छन्। स्थानीय आर्थिक सम्भावनासँग जोडिएको प्राविधिक शिक्षा तथा सीप विकास कार्यक्रम सीमित भएकाले धेरै युवा रोजगारीका लागि बाहिर जान बाध्य भएका छन्।

नगरपालिकामा प्राविधिक शिक्षाका लागि आवश्यक प्रयोगशाला, उपकरण, दक्ष प्रशिक्षक, उद्योग तथा व्यवसायसँगको सहकार्य र रोजगारीसँग जोडिएका कार्यक्रमहरू अझै पर्याप्त छैनन्। त्यसैले स्थानीय स्रोत-साधन, श्रम बजार तथा उद्यमशीलताको सम्भावनालाई आधार बनाई प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न आवश्यक देखिन्छ।

### ३.४.३ उद्देश्य

१. स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु,
२. युवामा रोजगारमुखी, उद्यमशील तथा जीवनोपयोगी सीप विकास गर्नु,
३. कृषि, पर्यटन, सूचना प्रविधि तथा स्थानीय उत्पादनसँग जोडिएको सीपमूलक शिक्षा प्रवर्द्धन गर्नु,
४. प्राविधिक शिक्षामार्फत स्वरोजगार तथा रोजगारीका अवसर अभिवृद्धि गर्नु।

### ३.४.४ रणनीतिहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्ने।
२. स्थानीय आर्थिक सम्भावनामा आधारित सीपमूलक कार्यक्रम सञ्चालन गर्ने।
३. विद्यालय, उद्योग, व्यवसाय तथा रोजगारदाताबीच सहकार्य विस्तार गर्ने।
४. प्राविधिक शिक्षाको गुणस्तर तथा प्रयोगात्मक सिकाइ सुदृढ गर्ने।
५. उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन गर्ने।

६. महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न युवाको सहभागिता अभिवृद्धि गर्ने ।
७. सङ्घ, प्रदेश, CTEVT तथा विकास साझेदारसँग साझेदारी विस्तार गर्ने ।

### ३.४.५ कार्यनीतिहरू

१. माध्यमिक विद्यालयमा आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक कार्यक्रम विस्तार गरिनेछ ।
२. कृषि, पशुपालन, पर्यटन, सूचना प्रविधि, निर्माण तथा स्थानीय उद्योगसँग सम्बन्धित छोटो अवधिका सीपमूलक तालिम सञ्चालन गरिनेछ ।
३. विद्यालय तथा तालिम प्रदायक संस्थाहरूलाई आवश्यक उपकरण तथा प्रयोगशाला उपलब्ध गराइनेछ ।
४. प्रशिक्षक तथा शिक्षकको नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
५. उद्योग, व्यवसाय, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी इन्टर्नसिप तथा कार्यस्थलमा आधारित सिकाइ सञ्चालन गरिनेछ ।
६. उद्यमशीलता, वित्तीय साक्षरता तथा व्यवसाय व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
७. तालिम प्राप्त युवालाई स्वरोजगार तथा रोजगारसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
८. प्राविधिक शिक्षा तथा तालिम कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

### ३.४.६ अपेक्षित उपलब्धि

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी तथा युवाको सहभागिता वृद्धि भएको हुनेछ ।
२. स्थानीय आवश्यकता अनुरूप दक्ष जनशक्ति उत्पादन भएको हुनेछ ।
३. तालिम प्राप्त युवामध्ये उल्लेखनीय संख्या स्वरोजगार तथा रोजगारीमा आबद्ध भएका हुनेछन् ।
४. विद्यालय तथा तालिम केन्द्रमा गुणस्तरीय प्रयोगात्मक सिकाइ वातावरण विकास भएको हुनेछ ।
५. कृषि, पर्यटन, सूचना प्रविधि तथा स्थानीय उद्योगसँग जोडिएको सीप विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।
६. प्राविधिक शिक्षामा महिला तथा सीमान्तकृत समुदायको सहभागिता वृद्धि भएको हुनेछ ।
७. प्राविधिक शिक्षामार्फत स्थानीय आर्थिक विकास तथा उद्यमशीलतामा योगदान पुगेको हुनेछ ।

### ३.४.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय (संख्या) | १ | १ | २ | ३ |
| २ | वार्षिक प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थी (संख्या) | २८ | ४० | ६० | २५० |
| ३ | वार्षिक सीपमूलक तालिम प्राप्त युवा (संख्या) | १०० | २०० | ४०० | ६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | तालिमपछि स्वरोजगारमा आबद्ध हुने (%) | ३० | ४५ | ६० | ७५ |
| ५ | तालिमपछि रोजगारी प्राप्त गर्ने (%) | ३५ | ५० | ६५ | ८० |
| ६ | उद्यमशीलता तालिम सञ्चालन गर्ने विद्यालय केन्द्र/ (%) | ० | १० | २० | ३० |
| ७ | महिला तथा सीमान्तकृत समूहको सहभागिता (%) | ३५ | ४५ | ५० | ५० |
| ८ | उद्योग निजी क्षेत्रसँग सहकार्य भएका कार्यक्रम/ (संख्या) | ० | ३ | ५ | ८ |

**३.४.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार कार्यक्रम | ६ | ६ | ६ | ६ | ६ | २० | ५० |
| २ | प्रयोगशाला, उपकरण तथा कार्यशाला व्यवस्थापन | ८ | ८ | ८ | ८ | ८ | २५ | ६५ |
| ३ | सीपमूलक तथा छोटो अवधिका तालिम सञ्चालन | ५ | ५ | ५ | ५ | ५ | २० | ४५ |
| ४ | प्रशिक्षक तथा शिक्षक क्षमता विकास | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ५ | उद्यमशीलता, वित्तीय साक्षरता तथा व्यवसाय विकास कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ६ | इन्टर्नसिप तथा उद्योग–विद्यालय सहकार्य कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | स्वरोजगार तथा रोजगार प्रवर्द्धन कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ८ | अनुगमन, सुपरिवेक्षण तथा कार्यक्रम मूल्याङ्कन | २ | २ | २ | २ | २ | १० | २० |
| **जम्मा** | | **३२** | **३२** | **३२** | **३२** | **३२** | **११५** | **२७५** |

## ३.५ जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षा

### ३.५.१ परिचय

जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षा (Lifelong Learning and Non-formal Education) ले व्यक्तिलाई जीवनभर आवश्यक पर्ने ज्ञान, सीप, व्यवहार तथा दक्षता विकास गर्ने अवसर प्रदान गर्दछ । औपचारिक विद्यालय शिक्षाबाट वञ्चित भएका, विद्यालय छोडेका, निरक्षर, सीप अभिवृद्धि गर्न चाहने तथा विभिन्न उमेर समूहका नागरिकका लागि अनौपचारिक शिक्षा महत्वपूर्ण माध्यम हो । यसले साक्षरता, निरन्तर शिक्षा, डिजिटल साक्षरता, वित्तीय साक्षरता, उद्यमशीलता, जीवनोपयोगी सीप तथा सामाजिक सहभागिता अभिवृद्धि गर्न सहयोग गर्दछ ।

नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, उद्देश्य (SESP 2022-2032) तथा दिगो विकास लक्ष्य (SDG-4) ले सबै नागरिकका लागि आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने लक्ष्य लिएका छन् । त्यसअनुसार मेलौली नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ, सीप विकास तथा सामाजिक रूपान्तरणको केन्द्रका रूपमा विकास गर्ने नीति अवलम्बन गरेको छ ।

### ३.५.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार मेलौली नगरपालिकाको ६ वर्षभन्दा माथिको साक्षरता दर ७९.३ प्रतिशत तथा १५ वर्षभन्दा माथिको साक्षरता दर ७३.३ प्रतिशत रहेको छ । पुरुषको तुलनामा महिलाको साक्षरता दर उल्लेखनीय रूपमा कम रहेको छ भने केही वडाहरूमा साक्षरताको अवस्था अझै कमजोर रहेको छ ।

नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, निरन्तर शिक्षा तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन हुने गरे पनि ती कार्यक्रमहरू नियमित, व्यवस्थित तथा आवश्यकतामा आधारित रूपमा सञ्चालन हुन सकेका छैनन् । डिजिटल साक्षरता, वित्तीय साक्षरता, उद्यमशीलता, कृषि तथा जीवनोपयोगी सीपसम्बन्धी कार्यक्रमहरू सीमित छन् ।

महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विद्यालय छोडेका युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षा तथा सीप विकास कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ । सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता, स्रोत-साधन तथा प्रविधिमैत्री सेवा विस्तारमा समेत थप सुधार आवश्यक छ ।

### ३.५.३ उद्देश्य

८. सबै नागरिकका लागि जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षाको अवसर विस्तार गर्नु,
९. निरक्षरता न्यूनीकरण गरी साक्षरता तथा कार्यात्मक साक्षरता अभिवृद्धि गर्नु,
१०. सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ तथा सीप विकासको प्रभावकारी केन्द्रका रूपमा विकास गर्नु,
११. डिजिटल, वित्तीय, उद्यमशीलता तथा जीवनोपयोगी सीप विकास कार्यक्रम विस्तार गर्नु।

### ३.५.४ रणनीतिहरू

१. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ तथा संस्थागत विकास गर्ने।
२. महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका लागि लक्षित साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
३. डिजिटल, वित्तीय तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
४. सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय आर्थिक विकास तथा उद्यमशीलतासँग आबद्ध गर्ने।
५. स्थानीय सरकार, विद्यालय, स्वास्थ्य संस्था, सहकारी तथा विकास साझेदारबीच सहकार्य विस्तार गर्ने।
६. आजीवन सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
७. आवश्यकतामा आधारित तथा परिणाममुखी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

### ३.५.५ कार्यनीतिहरू

१. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ।
२. आधारभूत साक्षरता, निरन्तर शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम नियमित सञ्चालन गरिनेछ।
३. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विद्यालय छोडेका युवाका लागि लक्षित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
४. डिजिटल साक्षरता, वित्तीय साक्षरता, उद्यमशीलता तथा जीवनोपयोगी सीपसम्बन्धी तालिम सञ्चालन गरिनेछ।
५. कृषि, पशुपालन, पर्यटन तथा स्थानीय उद्यमसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरिनेछ।
७. स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था, सहकारी तथा विकास साझेदारसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।
८. सामुदायिक सिकाइ केन्द्रको नियमित अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन समीक्षा गरिनेछ।

### ३.५.६ अपेक्षित उपलब्धि

१. नगरपालिकामा निरक्षरता उल्लेखनीय रूपमा न्यूनीकरण भएको हुनेछ।
२. महिला तथा सीमान्तकृत समुदायको साक्षरता दरमा उल्लेखनीय सुधार भएको हुनेछ।
३. सामुदायिक सिकाइ केन्द्र प्रभावकारी आजीवन सिकाइ केन्द्रका रूपमा विकास भएका हुनेछन्।
४. डिजिटल, वित्तीय तथा जीवनोपयोगी सीप भएका नागरिकको संख्या वृद्धि भएको हुनेछ।
५. तालिम प्राप्त नागरिकमध्ये उल्लेखनीय संख्या स्वरोजगार तथा आयआर्जनमा आबद्ध भएका हुनेछन्।

६. सामुदायिक सिकाइ केन्द्रमार्फत स्थानीय आर्थिक विकास तथा सामाजिक रूपान्तरणमा योगदान पुगेको हुनेछ ।
७. अनौपचारिक शिक्षा कार्यक्रमहरू आवश्यकता-आधारित, गुणस्तरीय तथा परिणाममुखी रूपमा सञ्चालन भएका हुनेछन् ।

### ३.५.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | १५ वर्षभन्दा माथिको साक्षरता दर (%) | ७३.२९ | ७७ | ८८ | ९५ |
| २ | ६ वर्षभन्दा माथिको साक्षरता दर (%) | ७९.१६ | ८५ | ९२ | ९७ |
| ३ | सामुदायिक सिकाइ केन्द्रबाट वार्षिक लाभान्वित व्यक्ति (संख्या) | ० | १०० | २०० | ३०० |
| ४ | डिजिटल साक्षरता तालिम प्राप्त व्यक्ति (संख्या) | ० | १०० | २०० | ३०० |
| ५ | वित्तीय तथा उद्यमशीलता तालिम प्राप्त व्यक्ति (संख्या) | ० | १०० | १५० | २०० |
| ६ | कार्यात्मक साक्षरता प्राप्त महिला (%) | ० | २० | ४० | ६० |
| ७ | नियमित कार्यक्रम सञ्चालन गर्ने सामुदायिक सिकाइ केन्द्र (%) | ० | ५० | १०० | १०० |
| ८ | तालिमपछि आयआर्जन वा स्वरोजगारमा आबद्ध सहभागी (%) | ० | ५० | ६० | ७५ |

### ३.५.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको संस्थागत सुदृढीकरण | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ३ | महिला तथा लक्षित समूहका लागि कार्यात्मक साक्षरता कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | डिजिटल, वित्तीय तथा जीवनोपयोगी सीप विकास तालिम | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ५ | उद्यमशीलता तथा आयआर्जनसम्बन्धी तालिम | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा ICT तथा सिकाइ सामग्री व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | सरोकारवालासँग समन्वय तथा जनचेतनामूलक कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | अनुगमन, सुपरिवेक्षण तथा कार्यक्रम मूल्याङ्कन | १ | १ | १ | १ | १ | ५ | १० |
| **जम्मा** | | **१८** | **१८** | **१८** | **१८** | **१८** | **८०** | **१७०** |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

पाठ्यक्रम र मूल्याङ्कन विद्यालय शिक्षाको गुणस्तर निर्धारण गर्ने प्रमुख आधारहरू हुन् । पाठ्यक्रमले विद्यार्थीमा आवश्यक ज्ञान, सीप, मूल्य, व्यवहार तथा दक्षताको विकास गर्ने दिशानिर्देश प्रदान गर्दछ भने मूल्याङ्कनले सिकाइ उपलब्धिको मापन, सुधार तथा निरन्तर सिकाइलाई सहजीकरण गर्दछ । आधुनिक शिक्षामा पाठ्यक्रमलाई केवल विषयवस्तुमा सीमित नराखी जीवनोपयोगी सीप, डिजिटल साक्षरता, आलोचनात्मक सोच, सिर्जनशीलता, समस्या समाधान, उद्यमशीलता, वातावरण संरक्षण तथा नागरिक उत्तरदायित्वसँग आबद्ध गरिन्छ।

नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, उद्देश्य (SESP 2022-2032) तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय आवश्यकता, समावेशिता, दक्षतामा आधारित सिकाइ तथा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्राथमिकता दिएका छन् । यसै अनुरूप मेलौली नगरपालिकाले राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँगै स्थानीय पाठ्यक्रम विकास, मातृभाषा, स्थानीय इतिहास, संस्कृति, जैविक विविधता, कृषि, पर्यटन तथा स्थानीय सीप र ज्ञानलाई शिक्षासँग आबद्ध गर्ने नीति अवलम्बन गरेको छ।

#### ४.१.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका सबै विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रमअनुसार शिक्षण-सिकाइ सञ्चालन भइरहेको छ। सबै विद्यालयहरूले स्थानीय पाठ्यक्रम तथा स्थानीय विषयवस्तु समावेश गरी पठनपाठन प्रारम्भ गरेका छन् भने अधिकांश विद्यालयमा स्थानीय पाठ्यक्रमको विकास तथा प्रभावकारी कार्यान्वयन अझै हुन बाँकी छ।

विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन (Continuous Assessment System-CAS) कार्यान्वयन भइरहेको भए पनि यसको प्रभावकारी प्रयोग सबै विद्यालयमा समान रूपमा हुन सकेको छैन। सिकाइ उपलब्धिको विश्लेषण, उपचारात्मक शिक्षण (Remedial Teaching), परियोजनामा आधारित मूल्याङ्कन, प्रयोगात्मक मूल्याङ्कन तथा सूचना प्रविधिमा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग अझै सीमित छ।

शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन, सिकाइ उपलब्धिमा आधारित योजना निर्माण, दक्षतामा आधारित मूल्याङ्कन तथा प्रश्न निर्माण क्षमतामा थप अभिवृद्धि आवश्यक देखिन्छ । साथै स्थानीय पाठ्यक्रम विकास, शैक्षिक सामग्री उत्पादन तथा मूल्याङ्कन प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ।

#### ४.१.३ उद्देश्य

१. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु,
२. दक्षतामा आधारित, विद्यार्थीकेन्द्रित तथा समावेशी शिक्षण-सिकाइ र मूल्याङ्कन प्रणाली सुदृढ गर्नु,
३. स्थानीय ज्ञान, संस्कृति, भाषा, कृषि, पर्यटन तथा वातावरणलाई पाठ्यक्रममा समावेश गरी स्थानीयकरण प्रवर्द्धन गर्नु,

४. सिकाइ उपलब्धिमा आधारित योजना, उपचारात्मक शिक्षण तथा निरन्तर सुधारको प्रणाली विकास गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

२. स्थानीय पाठ्यक्रम तथा स्थानीय विषयवस्तुको विकास र विस्तार गर्ने ।

३. दक्षतामा आधारित तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुदृढ गर्ने ।

४. शिक्षकको पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन क्षमता विकास गर्ने ।

५. सूचना प्रविधिमा आधारित शिक्षण तथा मूल्याङ्कन प्रणाली विस्तार गर्ने ।

६. सिकाइ उपलब्धिको नियमित विश्लेषण तथा उपचारात्मक शिक्षण प्रणाली लागू गर्ने ।

७. स्थानीय सरकार, विद्यालय तथा सरोकारवालाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

### ४.१.५ कार्यनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिनेछ ।

२. स्थानीय इतिहास, संस्कृति, भाषा, कृषि, जैविक विविधता, पर्यटन तथा स्थानीय ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ ।

३. शिक्षकहरूलाई पाठ्यक्रम कार्यान्वयन, प्रश्न निर्माण, निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उपचारात्मक शिक्षणसम्बन्धी नियमित तालिम प्रदान गरिनेछ ।

४. विद्यालयहरूमा परियोजना कार्य, प्रयोगात्मक मूल्याङ्कन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

५. सूचना प्रविधिमा आधारित शिक्षण तथा डिजिटल मूल्याङ्कनका अभ्यास विस्तार गरिनेछ ।

६. विद्यालयको वार्षिक सिकाइ उपलब्धि विश्लेषण गरी सुधार योजना कार्यान्वयन गरिनेछ ।

७. स्थानीय तह, विद्यालय तथा अभिभावकबीच पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी नियमित अन्तरक्रिया सञ्चालन गरिनेछ ।

८. पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन प्रणालीको नियमित अनुगमन, सुपरिवेक्षण तथा समीक्षा गरिनेछ ।

### ४.१.६ अपेक्षित उपलब्धि

१. सबै विद्यालयमा राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

२. स्थानीय आवश्यकता, संस्कृति तथा स्रोत-साधनमा आधारित स्थानीय पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ ।

३. दक्षतामा आधारित, विद्यार्थीकेन्द्रित तथा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी भएको हुनेछ ।

४. शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन क्षमता अभिवृद्धि भएको हुनेछ ।

५. सिकाइ उपलब्धिमा सुधार भई उपचारात्मक शिक्षण प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।

६. सूचना प्रविधिमा आधारित शिक्षण तथा मूल्याङ्कन प्रणालीको प्रयोग वृद्धि भएको हुनेछ ।

७. विद्यार्थीको सिकाइ उपलब्धि, सिर्जनशीलता तथा जीवनोपयोगी सीपमा उल्लेखनीय सुधार भएको हुनेछ।

### ४.१.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालय (%) | १०० | १०० | १०० | १०० |
| २ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विद्यालय (%) | ६० | ७५ | ९० | १०० |
| ३ | पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम प्राप्त शिक्षक (%) | ५० | ७० | ९० | १०० |
| ४ | सिकाइ उपलब्धि विश्लेषण गरी सुधार योजना लागू गर्ने विद्यालय (%) | ४० | ७० | ९० | १०० |
| ५ | ICT मा आधारित मूल्याङ्कन प्रणाली प्रयोग गर्ने विद्यालय (%) | २० | ५० | ८० | १०० |
| ६ | उपचारात्मक शिक्षण कार्यक्रम सञ्चालन गर्ने विद्यालय (%) | ५० | ७० | ९० | १०० |
| ७ | स्थानीय शैक्षिक सामग्री विकास गर्ने विद्यालय (%) | ३० | ६० | ८० | १०० |
| ८ | नगरस्तरीय सिकाइ उपलब्धि मूल्याङ्कन सञ्चालन (पटक) | ० | १ | २ | ३ |

### ४.१.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम विकास, | ५ | ५ | ३ | ३ | ३ | ६ | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिमार्जन तथा कार्यान्वयन | | | | | | | |
| २ | शिक्षकलाई पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास | ४ | ४ | ४ | ४ | ४ | १० | ३० |
| ३ | स्थानीय शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री विकास | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उपचारात्मक शिक्षण कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ५ | नगरस्तरीय सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | ICT आधारित शिक्षण तथा डिजिटल मूल्याङ्कन प्रणाली विकास | ४ | ४ | ४ | ४ | ४ | १० | ३० |
| ७ | पाठ्यक्रम कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण तथा समीक्षा | २ | २ | २ | २ | २ | ५ | १५ |
| **जम्मा** | | **२३** | **२३** | **२१** | **२१** | **२१** | **६१** | **१७०** |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय

शिक्षक विद्यालय शिक्षाको गुणस्तर निर्धारण गर्ने सबैभन्दा महत्वपूर्ण पक्ष हो । दक्ष, उत्प्रेरित, पेशागत रूपमा सक्षम तथा उत्तरदायी शिक्षकबाट मात्र गुणस्तरीय शिक्षण-सिकाइ सुनिश्चित गर्न सकिन्छ । शिक्षक व्यवस्थापनमा शिक्षकको दरबन्दी मिलान, नियुक्ति, पदस्थापन, सरुवा, कार्यसम्पादन मूल्याङ्कन, क्षमता विकास, पेशागत सहयोग तथा उत्प्रेरणा समावेश हुन्छ ।

नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, उद्देश्य (SESP 2022-2032) तथा शिक्षक पेशागत मापदण्डले दक्ष, समावेशी, प्रविधिमैत्री तथा विद्यार्थीकेन्द्रित शिक्षक विकासलाई जोड दिएका छन् । मेलौली

नगरपालिकाले शिक्षक व्यवस्थापनलाई वैज्ञानिक, पारदर्शी र आवश्यकता-आधारित बनाउँदै शिक्षकको निरन्तर पेशागत विकासलाई प्राथमिकतामा राखेको छ।

### ४.२.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका सामुदायिक विद्यालयहरूमा विभिन्न तह र विषयका गरी आवश्यक संख्यामा शिक्षक कार्यरत छन् । अधिकांश विद्यालयमा न्यूनतम शिक्षक व्यवस्थापन भए पनि केही विद्यालयमा विषयगत शिक्षकको अभाव तथा केही विद्यालयमा शिक्षकको असमान वितरण रहेको अवस्था छ।

शिक्षकहरूका लागि विद्यालय तथा पालिकास्तरमा तालिम, कार्यशाला, विषयगत छलफल तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन हुँदै आएका छन्। तर दक्षतामा आधारित शिक्षण, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समावेशी शिक्षा, STEM आधारित शिक्षण, अनुसन्धानमूलक सिकाइ तथा उपचारात्मक शिक्षणसम्बन्धी क्षमता विकास कार्यक्रम अझै पर्याप्त छैनन्।

शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, मेन्टोरिङ, सहपाठी सिकाइ (Peer Learning), विषयगत पेशागत सिकाइ समूह (Professional Learning Community-PLC) तथा कार्यसम्पादनमा आधारित उत्प्रेरणा प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

### ४.२.३ उद्देश्य

१. आवश्यकता-आधारित, पारदर्शी तथा प्रभावकारी शिक्षक व्यवस्थापन प्रणाली विकास गर्नु,
२. शिक्षकको विषयगत, पेशागत तथा प्रविधिमैत्री क्षमता अभिवृद्धि गर्नु,
३. शिक्षकको कार्यसम्पादन, उत्तरदायित्व तथा पेशागत आचरण सुदृढ गर्नु,
४. गुणस्तरीय शिक्षण-सिकाइका लागि शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउनु।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक दरबन्दी तथा विषयगत व्यवस्थापनलाई आवश्यकता अनुसार व्यवस्थित गर्ने।
२. शिक्षकको निरन्तर पेशागत विकास प्रणाली सुदृढ गर्ने।
३. सूचना प्रविधि, STEM, समावेशी शिक्षा तथा आधुनिक शिक्षण विधिमा शिक्षकको क्षमता अभिवृद्धि गर्ने।
४. कार्यसम्पादनमा आधारित अनुगमन, मूल्याङ्कन तथा उत्प्रेरणा प्रणाली विकास गर्ने।
५. विद्यालयमा पेशागत सिकाइ समूह (PLC) तथा मेन्टोरिङ प्रणाली विस्तार गर्ने।
६. शिक्षक, प्रधानाध्यापक तथा शिक्षा शाखाबीच समन्वय र अनुभव आदानप्रदान सुदृढ गर्ने।

### ४.२.५ कार्यनीतिहरू

१. शिक्षक दरबन्दी मिलान तथा विषयगत आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ।
२. शिक्षकहरूलाई विषयगत, ICT, समावेशी शिक्षा, STEM तथा जीवनोपयोगी सीपसम्बन्धी नियमित तालिम प्रदान गरिनेछ।
३. प्रत्येक विद्यालयमा पेशागत सिकाइ समूह (PLC) गठन तथा सञ्चालन गरिनेछ।

४. शिक्षकको नियमित कक्षा अवलोकन, मेन्टोरिङ तथा पृष्ठपोषण (Feedback) प्रणाली कार्यान्वयन गरिनेछ ।
५. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
६. शिक्षक कार्यसम्पादन मूल्याङ्कनलाई विद्यालय सुधार योजनासँग आबद्ध गरिनेछ ।
७. अनलाइन तथा मिश्रित (Blended) शिक्षणसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
८. शिक्षक व्यवस्थापन तथा क्षमता विकास कार्यक्रमको नियमित अनुगमन तथा समीक्षा गरिनेछ ।

### ४.२.६ अपेक्षित उपलब्धि

१. विद्यालयहरूमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्थापन भएको हुनेछ ।
२. सबै शिक्षकले नियमित पेशागत विकास कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् ।
३. शिक्षकको ICT, STEM तथा आधुनिक शिक्षण विधिमा दक्षता अभिवृद्धि भएको हुनेछ ।
४. शिक्षकको कार्यसम्पादन, उत्तरदायित्व तथा पेशागत आचरणमा सुधार भएको हुनेछ ।
५. विद्यालयहरूमा PLC तथा मेन्टोरिङ प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।
६. विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ ।
७. शिक्षक व्यवस्थापन प्रणाली पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनेको हुनेछ।

### ४.२.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | विषयगत शिक्षक पर्याप्त भएका विद्यालय (%) | ६५ | ७५ | ९० | १०० |
| २ | वार्षिक पेशागत विकास तालिम प्राप्त शिक्षक (%) | ६० | ८० | ९५ | १०० |
| ३ | ICT तथा डिजिटल शिक्षणमा दक्ष शिक्षक (%) | ४५ | ७० | ९० | १०० |
| ४ | PLC नियमित सञ्चालन गर्ने विद्यालय (%) | ४० | ७० | ९० | १०० |
| ५ | नियमित कक्षा अवलोकन तथा मेन्टोरिङ हुने विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ६ | कार्यसम्पादन मूल्याङ्कन प्रणाली पूर्ण कार्यान्वयन भएका विद्यालय (%) | ५० | ७० | ९० | १०० |
| ७ | STEM तथा समावेशी शिक्षणसम्बन्धी तालिम प्राप्त | ३० | ६० | ८५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षक (%) | | | | |
| ८ | शिक्षक सन्तुष्टि दर (%) | ७० | ७८ | ८८ | ९५ |

**४.२.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)**

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** | **बाँकी ५ वर्ष (एकमुष्ट)** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक क्षमता विकास तथा विषयगत तालिम | ६ | ६ | ६ | ६ | ६ | १५ | ४५ |
| २ | ICT, STEM तथा डिजिटल शिक्षण तालिम | ४ | ४ | ४ | ४ | ४ | १० | ३० |
| ३ | PLC, मेन्टोरिङ तथा कक्षा अवलोकन कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ४ | शिक्षक कार्यसम्पादन मूल्याङ्कन तथा पृष्ठपोषण | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | उत्कृष्ट शिक्षक सम्मान तथा उत्प्रेरणा कार्यक्रम | २ | २ | २ | २ | २ | ५ | १५ |
| ६ | विषयगत शिक्षक व्यवस्थापन तथा दरबन्दी विश्लेषण | २ | २ | २ | २ | २ | ५ | १५ |
| ७ | शिक्षक व्यवस्थापनको अनुगमन तथा समीक्षा | १ | १ | १ | १ | १ | ५ | १० |
| **जम्मा** | | **२०** | **२०** | **२०** | **२०** | **२०** | **६०** | १६० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

शैक्षिक समता र समावेशीकरण (Educational Equity and Inclusion) ले सबै बालबालिका तथा नागरिकलाई जात, जातीयता, लिङ्ग, भाषा, धर्म, भौगोलिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता वा अन्य कुनै पनि आधारमा विभेद नगरी गुणस्तरीय शिक्षामा समान अवसर सुनिश्चित गर्ने अवधारणालाई जनाउँछ । समावेशी शिक्षाले प्रत्येक विद्यार्थीको विविध आवश्यकता, क्षमता तथा सिकाइ शैलीलाई सम्मान गर्दै सबैका लागि पहुँचयोग्य, सुरक्षित र सहयोगी सिकाइ वातावरण निर्माण गर्न जोड दिन्छ ।

नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, उद्देश्य (SESP 2022-2032), अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ तथा दिगो विकास लक्ष्य (SDG-4) ले समतामूलक, समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य निर्धारण गरेका छन् । यसै अनुरूप मेलौली नगरपालिकाले सबै बालबालिका तथा शिक्षार्थीका लागि भेदभावरहित, समावेशी तथा समान अवसरयुक्त शिक्षा प्रणाली विकास गर्ने नीति अवलम्बन गरेको छ ।

### ४.३.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका अधिकांश विद्यालयमा छात्रा, दलित, आर्थिक रूपमा विपन्न तथा अन्य लक्षित समूहका विद्यार्थीहरूको सहभागिता सन्तोषजनक रूपमा रहेको भए पनि केही समुदायमा विद्यालय पहुँच, नियमित उपस्थिति तथा सिकाइ उपलब्धिमा अझै असमानता देखिन्छ ।

नगरपालिकामा अपाङ्गता भएका बालबालिकाको पहिचान, आवश्यक सहयोग तथा समावेशी सिकाइ वातावरण विकास गर्ने प्रयासहरू भइरहेका छन् । तथापि सबै विद्यालयमा अपाङ्गतामैत्री भौतिक संरचना, सहायक शिक्षण सामग्री, सहायक प्रविधि तथा आवश्यकता अनुसार विशेष सहयोगको पर्याप्त व्यवस्था हुन सकेको छैन ।

विद्यालयबाहिर रहेका बालबालिका, गरिबी, दुर्गम बस्ती, मौसमी बसाइँसराइ तथा सामाजिक कारणले शिक्षाबाट वञ्चित हुने जोखिम अझै विद्यमान छ । लैङ्गिक समानता, बाल संरक्षण, छात्रवृत्ति तथा समावेशी शिक्षण अभ्यासलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

### ४.३.३ उद्देश्य

१. सबै बालबालिकाको समतामूलक, समावेशी तथा गुणस्तरीय शिक्षामा पहुँच, सहभागिता र सिकाइ सुनिश्चित गर्नु,
२. विद्यालयबाहिर रहेका, अपाङ्गता भएका, दलित, विपन्न तथा अन्य सीमान्तकृत समूहका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउनु,
३. विद्यालयहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा समावेशी बनाउनु,
४. समावेशी शिक्षण अभ्यास तथा आवश्यक सहयोग प्रणाली सुदृढ गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. सबै बालबालिकाका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्ने ।
२. विद्यालयबाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको खोजी, भर्ना तथा टिकाइ कार्यक्रम सञ्चालन गर्ने ।
३. अपाङ्गतामैत्री तथा समावेशी विद्यालय वातावरण विकास गर्ने ।
४. छात्रवृत्ति, शैक्षिक सहयोग तथा सामाजिक संरक्षण कार्यक्रम प्रभावकारी बनाउने ।
५. समावेशी शिक्षण तथा विभेदरहित व्यवहारका लागि शिक्षकको क्षमता विकास गर्ने ।
६. अभिभावक, समुदाय तथा सरोकारवालाको सहभागिता अभिवृद्धि गर्ने ।
७. समावेशी शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने ।

### ४.३.५ कार्यनीतिहरू

१. विद्यालयबाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको नियमित पहिचान, भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गरिनेछ ।
२. अपाङ्गता भएका विद्यार्थीका लागि आवश्यक सहायक सामग्री, सिकाइ सहयोग तथा उपयुक्त वातावरण उपलब्ध गराइनेछ ।
३. विद्यालयका भवन, शौचालय, खानेपानी तथा अन्य पूर्वाधारलाई क्रमशः अपाङ्गतामैत्री बनाइनेछ ।
४. लक्षित समूहका विद्यार्थीलाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
५. शिक्षकहरूलाई समावेशी शिक्षण, बहुभाषिक सिकाइ, बाल संरक्षण तथा लैङ्गिक समानतासम्बन्धी नियमित तालिम प्रदान गरिनेछ .
६. विद्यालयमा बाल संरक्षण, लैङ्गिक समानता तथा विभेदविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
७. समावेशी शिक्षाको कार्यान्वयनका लागि अभिभावक, समुदाय, स्वास्थ्य संस्था तथा सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
८. समावेशी शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार योजना कार्यान्वयन गरिनेछ ।

### ४.३.६ अपेक्षित उपलब्धि

१. सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. विद्यालयबाहिर रहेका बालबालिकाको संख्या न्यूनतम भएको हुनेछ ।
३. सबै विद्यालयमा समावेशी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री वातावरण विकास भएको हुनेछ ।
४. अपाङ्गता भएका तथा अन्य लक्षित समूहका विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालय टिकाउ दरमा सुधार भएको हुनेछ ।
५. शिक्षकहरूमा समावेशी शिक्षण तथा बाल संरक्षणसम्बन्धी क्षमता अभिवृद्धि भएको हुनेछ ।
६. छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन् ।
७. विद्यालयमा विभेदरहित, सुरक्षित तथा सम्मानजनक सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।

**४.३.७ लक्ष्य निर्धारण (१० वर्ष)**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | विद्यालयबाहिर रहेका बालबालिका (संख्या) | १८६ | १०० | ३० | ० |
| २ | अपाङ्गतामैत्री पूर्वाधार भएका विद्यालय (%) | १९ | ३० | ४१ | ५२ |
| ३ | समावेशी शिक्षासम्बन्धी तालिम प्राप्त शिक्षक (%) | ४० | ६५ | ९० | १०० |
| ४ | छात्रवृत्ति तथा लक्षित सहयोग प्राप्त विद्यार्थी (%) | ७० | ८५ | ९५ | १०० |
| ५ | बालमैत्री तथा लैङ्गिकमैत्री विद्यालय (%) | ५० | ७० | ९० | १०० |
| ६ | नियमित बाल संरक्षण तथा समावेशी शिक्षा कार्यक्रम सञ्चालन गर्ने विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ७ | अपाङ्गता भएका विद्यार्थीका लागि आवश्यक सहयोग उपलब्ध भएका विद्यालय (%) | ४० | ६० | ८५ | १०० |
| ८ | समता तथा समावेशीकरणसम्बन्धी वार्षिक समीक्षा गर्ने विद्यालय (%) | ३० | ६० | ८५ | १०० |

**४.३.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयबाहिर रहेका बालबालिकाको खोजी, भर्ना तथा टिकाइ कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| २ | अपाङ्गतामैत्री पूर्वाधार तथा सहायक सामग्री व्यवस्थापन | ५ | ५ | ५ | ५ | ५ | १५ | ४० |
| ३ | छात्रवृत्ति तथा लक्षित | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक सहयोग कार्यक्रम | | | | | | | |
| ४ | समावेशी शिक्षा, बाल संरक्षण तथा लैङ्गिक समानतासम्बन्धी शिक्षक तालिम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ५ | अभिभावक तथा समुदाय सचेतना कार्यक्रम | २ | २ | २ | २ | २ | ५ | १५ |
| ६ | समावेशी शिक्षण सामग्री तथा सहायक प्रविधि व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ७ | समावेशी शिक्षा कार्यक्रमको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन | २ | २ | २ | २ | २ | ५ | १५ |
| **जम्मा** | | **२१** | **२१** | **२१** | **२१** | **२१** | **६५** | १७० |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाई कार्यक्रम (School Meals, Health, Nutrition and WASH) गुणस्तरीय शिक्षाका लागि आवश्यक अन्तरसम्बन्धित विषय क्षेत्र हो। स्वस्थ, पोषित तथा सुरक्षित वातावरणमा अध्ययन गर्ने बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि, विद्यालयमा टिकाइ तथा समग्र शारीरिक र मानसिक विकासमा सकारात्मक प्रभाव पर्दछ। विद्यालय दिवाखाजा कार्यक्रमले विशेष गरी आधारभूत तहका विद्यार्थीको पोषण सुधार, विद्यालय आकर्षण तथा विद्यालय छोड्ने दर न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

नेपालको संविधान, २०७२, उद्देश्य (SESP 2022-2032), राष्ट्रिय विद्यालय स्वास्थ्य तथा पोषण रणनीति, दिगो विकास लक्ष्य (SDG-2, SDG-3 र SDG-4) तथा विद्यालय क्षेत्र विकासका राष्ट्रिय नीतिहरूले विद्यालय स्वास्थ्य, पोषण, सुरक्षित खानेपानी, सरसफाई तथा दिवाखाजा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा स्वीकार गरेका छन्।

मेलौली नगरपालिकाले विद्यालय दिवाखाजा, स्वास्थ्य परीक्षण, पोषण सुधार, सुरक्षित खानेपानी, सरसफाइ तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी बालबालिकाको समग्र विकास तथा सिकाइ उपलब्धि अभिवृद्धि गर्ने नीति अवलम्बन गरेको छ ।

### ४.४.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका सबै सामुदायिक आधारभूत विद्यालयहरूमा नेपाल सरकारको मापदण्डअनुसार विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमले विद्यार्थीको विद्यालय उपस्थितिमा सुधार ल्याएको भए पनि सबै विद्यालयमा पोषणयुक्त, स्थानीय उत्पादनमा आधारित तथा विविधतायुक्त दिवाखाजा व्यवस्थापन अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

अधिकांश विद्यालयमा खानेपानी, शौचालय तथा हात धुने सुविधा उपलब्ध भए पनि केही विद्यालयमा खानेपानीको नियमितता, शौचालयको मर्मतसम्भार, महिनावारी स्वच्छता व्यवस्थापन (Menstrual Hygiene Management), फोहोर व्यवस्थापन तथा सरसफाइको अवस्था सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

विद्यालय स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, खोप, आँखा तथा दाँत परीक्षण, पोषण परामर्श, किशोरकिशोरी स्वास्थ्य शिक्षा तथा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थासँगको समन्वयमा सञ्चालन हुँदै आएका छन् । तर सबै विद्यालयमा नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य अभिलेख व्यवस्थापन प्रभावकारी रूपमा हुन सकेको छैन ।

विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी व्यवहार परिवर्तन, अभिभावक सहभागिता तथा स्थानीय उत्पादनको उपयोगलाई अझ प्रभावकारी बनाउने आवश्यकता देखिन्छ ।

### ४.४.३ उद्देश्य

१. सबै विद्यालयमा सुरक्षित, पोषणयुक्त तथा गुणस्तरीय विद्यालय दिवाखाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु,
२. विद्यालयमा स्वास्थ्य, पोषण, सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्नु,
३. विद्यार्थीको स्वास्थ्य अवस्था, पोषण स्तर तथा व्यक्तिगत सरसफाइ व्यवहारमा सुधार ल्याउनु,
४. विद्यालय, स्वास्थ्य संस्था, अभिभावक तथा समुदायबीच स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी सहकार्य सुदृढ गर्नु ।

### ४.४.४ रणनीतिहरू

१. विद्यालय दिवाखाजा कार्यक्रमलाई पोषणयुक्त, स्थानीय उत्पादनमा आधारित तथा गुणस्तरीय बनाउने ।
२. विद्यालय स्वास्थ्य परीक्षण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम नियमित सञ्चालन गर्ने ।
३. सुरक्षित खानेपानी, सरसफाइ तथा महिनावारी स्वच्छता व्यवस्थापन सुदृढ गर्ने ।
४. पोषण, स्वास्थ्य तथा सरसफाइसम्बन्धी व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गर्ने ।
५. विद्यालय, स्वास्थ्य संस्था तथा स्थानीय सरकारबीच समन्वय र साझेदारी विस्तार गर्ने ।
६. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

### ४.४.५ कार्यनीतिहरू

१. नेपाल सरकारको मापदण्डअनुसार पोषणयुक्त तथा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन गरिनेछ।
२. प्रत्येक विद्यालयमा वार्षिक रूपमा नियमित स्वास्थ्य परीक्षण, वृद्धि अनुगमन तथा स्वास्थ्य अभिलेख व्यवस्थापन गरिनेछ।
३. विद्यालयमा सुरक्षित खानेपानी, हात धुने स्थान, बालमैत्री तथा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन तथा मर्मत गरिनेछ।
४. किशोरकिशोरी स्वास्थ्य, महिनावारी स्वच्छता व्यवस्थापन, पोषण तथा व्यक्तिगत सरसफाइसम्बन्धी शिक्षा नियमित सञ्चालन गरिनेछ।
५. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनमा स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा अभिभावकको सहभागिता सुनिश्चित गरिनेछ।
६. विद्यालय परिसरलाई स्वच्छ, हरियालीयुक्त तथा वातावरणमैत्री बनाइनेछ।
७. विद्यालयमा फोहोर व्यवस्थापन, प्लास्टिक न्यूनीकरण तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
८. विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजा कार्यक्रमको नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर मूल्याङ्कन गरिनेछ।

### ४.४.६ अपेक्षित उपलब्धि

१. सबै सामुदायिक विद्यालयमा गुणस्तरीय तथा पोषणयुक्त दिवाखाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
२. विद्यार्थीको स्वास्थ्य अवस्था, पोषण स्तर तथा नियमित उपस्थितिमा उल्लेखनीय सुधार भएको हुनेछ।
३. सबै विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा महिनावारी स्वच्छता व्यवस्थापनको सुविधा सुनिश्चित भएको हुनेछ।
४. विद्यालय स्वास्थ्य परीक्षण तथा स्वास्थ्य अभिलेख प्रणाली नियमित सञ्चालन भएको हुनेछ।
५. विद्यार्थीमा व्यक्तिगत सरसफाइ, पोषण तथा स्वस्थ जीवनशैलीसम्बन्धी सकारात्मक व्यवहार विकास भएको हुनेछ।
६. विद्यालय, स्वास्थ्य संस्था तथा समुदायबीच स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी समन्वय स्थापित भएको हुनेछ।
७. विद्यालय परिसर स्वच्छ, सुरक्षित, हरित तथा स्वास्थ्य प्रवर्द्धन गर्ने वातावरणका रूपमा विकास भएको हुनेछ।

### ४.४.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | पोषण मापदण्डअनुसार दिवाखाजा सञ्चालन गर्ने | ६० | ७५ | ९० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय (%) | | | | |
| २ | वार्षिक स्वास्थ्य परीक्षण हुने विद्यालय (%) | ६५ | ८० | ९५ | १०० |
| ३ | सुरक्षित खानेपानी सुविधा भएका विद्यालय (%) | ९० | ९३ | ९६ | १०० |
| ४ | हात धुने सुविधा तथा साबुनको नियमित व्यवस्था भएका विद्यालय (%) | ७० | ८५ | ९५ | १०० |
| ५ | लैङ्गिकमैत्री तथा महिनावारी स्वच्छता व्यवस्थापन सुविधा भएका विद्यालय (%) | ९० | ९३ | ९६ | १०० |
| ६ | विद्यालय स्वास्थ्य तथा पोषण अभिलेख अद्यावधिक गर्ने विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ७ | स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ८ | स्थानीय उत्पादनमा आधारित दिवाखाजा सञ्चालन गर्ने विद्यालय (%) | ४० | ६० | ८५ | १०० |

**४.४.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष)(रकम रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पोषणयुक्त विद्यालय दिवाखाजा व्यवस्थापन तथा गुणस्तर सुधार | ५ | ५ | ५ | ५ | ५ | २० | ४५ |
| २ | नियमित स्वास्थ्य परीक्षण, वृद्धि अनुगमन तथा स्वास्थ्य अभिलेख व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ३ | सुरक्षित खानेपानी, शौचालय, हात धुने तथा | ६ | ६ | ६ | ६ | ६ | २० | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | MHM सुविधा सुधार | | | | | | | |
| ४ | स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी जनचेतना कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | विद्यालय स्वास्थ्य क्लब तथा हरित विद्यालय कार्यक्रम | २ | २ | २ | २ | २ | ५ | १५ |
| ६ | स्थानीय उत्पादनमा आधारित विद्यालय बगैँचा तथा पोषण शिक्षा कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ७ | विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | २ | २ | २ | २ | २ | १० | २० |
| **जम्मा** | | **२३** | **२३** | **२३** | **२३** | **२३** | **८५** | **२००** |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा (Education in Emergencies)

### ४.५.१ परिचय

आपतकालीन अवस्थामा शिक्षा (Education in Emergencies-EiE) गुणस्तरीय, समावेशी तथा दिगो शिक्षा प्रणालीको महत्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्र हो। प्राकृतिक विपद्, महामारी, जलवायुजन्य प्रकोप, आगलागी, भूकम्प, बाढी, पहिरो, डढेलो, चट्याङ तथा अन्य मानवीय संकटका कारण विद्यालय शिक्षा अवरुद्ध हुन सक्ने भएकाले यस्ता अवस्थामा पनि सबै बालबालिकाको सुरक्षित, समावेशी तथा निरन्तर शिक्षामा पहुँच सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ । आपतकालीन अवस्थामा शिक्षा केवल सिकाइ निरन्तरता मात्र नभई बाल संरक्षण, मनोसामाजिक सहयोग, सुरक्षित सिकाइ वातावरण तथा पुनःसिकाइ (Learning Recovery) सँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित छ ।

नेपालको संविधान, २०७२, उद्देश्य (SESP 2022-2032), व्यापक विद्यालय सुरक्षा रूपरेखा (Comprehensive School Safety Framework), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा दिगो विकास लक्ष्य (SDG–4 र SDG–13) ले सुरक्षित विद्यालय, विपद् पूर्वतयारी तथा आपतकालीन अवस्थामा शिक्षा निरन्तरतामा विशेष जोड दिएका छन् ।

मेलौली नगरपालिकाले विद्यालयलाई विपद् प्रतिरोधी, सुरक्षित तथा लचिलो (Resilient) बनाउँदै आपतकालीन अवस्थामा पनि सबै बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्न विद्यालय विपद् व्यवस्थापन योजना, वैकल्पिक सिकाइ प्रणाली, सुरक्षित विद्यालय पूर्वाधार, मनोसामाजिक सहयोग तथा सम्बन्धित निकायहरूसँगको समन्वयलाई सुदृढ गर्ने नीति अवलम्बन गरेको छ।

**४.५.२ वर्तमान अवस्था**

मेलौली नगरपालिकाका विद्यालयहरू भौगोलिक विकटता तथा प्राकृतिक विपद्का कारण समय-समयमा प्रभावित हुने गरेका छन्। विशेष गरी बाढी, पहिरो, चट्याङ, डढेलो, महामारी तथा सडक अवरोधका कारण विद्यालय सञ्चालन तथा विद्यार्थीको नियमित उपस्थितिमा असर पर्ने गरेको छ।

अधिकांश विद्यालयमा विद्यालयस्तरीय विपद् व्यवस्थापन योजना तयार भए पनि नियमित अद्यावधिक, विपद् पूर्वतयारी अभ्यास (Mock Drill), जोखिम मूल्याङ्कन तथा आपतकालीन प्रतिकार्य प्रणाली प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। केही विद्यालय भवन तथा शैक्षिक पूर्वाधार अझै पनि पूर्ण रूपमा विपद् प्रतिरोधी बन्न बाँकी रहेका छन्।

कोभिड-१९ महामारीको अनुभवले वैकल्पिक सिकाइ प्रणालीको आवश्यकता स्पष्ट गरेको भए पनि सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ, स्वअध्ययन सामग्री तथा शिक्षकको आपतकालीन शिक्षण क्षमता पर्याप्त विकास हुन सकेको छैन। विपदबाट प्रभावित विद्यार्थीका लागि मनोसामाजिक परामर्श तथा सिकाइ पुनःस्थापना कार्यक्रमलाई अझ व्यवस्थित बनाउन आवश्यक देखिएको छ।

**४.५.३ उद्देश्य**

१. सबै बालबालिकाका लागि आपतकालीन अवस्थामा पनि सुरक्षित तथा निरन्तर शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. विद्यालय तथा शिक्षा प्रणालीको विपद् प्रतिरोधी क्षमता अभिवृद्धि गर्नु,
३. विद्यालयमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनालाई संस्थागत गर्नु,
४. आपतकालीन अवस्थामा मनोसामाजिक सहयोग, बाल संरक्षण तथा सिकाइ पुनःस्थापना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु।

**४.५.४ रणनीतिहरू**

१. विद्यालय विपद् व्यवस्थापन योजना तथा सुरक्षित विद्यालय अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
२. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइ प्रणाली तथा सिकाइ निरन्तरता योजना विकास गर्ने।
३. शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।
४. मनोसामाजिक सहयोग, बाल संरक्षण तथा सिकाइ पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था तथा सुरक्षा निकायबीच समन्वय सुदृढ गर्ने।

६. विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षा कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

### ४.५.५ कार्यनीतिहरू

१. प्रत्येक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन योजना तयार, अद्यावधिक तथा कार्यान्वयन गरिनेछ।
२. विद्यालयमा वार्षिक रूपमा विपद् पूर्वतयारी अभ्यास (Mock Drill), जोखिम मूल्याङ्कन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
३. सुरक्षित विद्यालय मापदण्डअनुसार विद्यालय भवन तथा पूर्वाधारको सुधार र मर्मत गरिनेछ।
४. आपतकालीन अवस्थामा रेडियो, अनलाइन, अफलाइन तथा स्वअध्ययन सामग्रीमार्फत वैकल्पिक सिकाइ सञ्चालन गरिनेछ।
५. शिक्षकहरूलाई आपतकालीन शिक्षण, मनोसामाजिक सहयोग तथा बाल संरक्षणसम्बन्धी तालिम प्रदान गरिनेछ।
६. विपदबाट प्रभावित विद्यार्थीका लागि मनोसामाजिक परामर्श तथा सिकाइ पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
७. स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था, सुरक्षा निकाय तथा समुदायसँग समन्वय गरी आपतकालीन प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ।
८. विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षा कार्यक्रमको नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर मूल्याङ्कन गरिनेछ।

### ४.५.६ अपेक्षित उपलब्धि

१. सबै विद्यालयमा विद्यालय विपद् व्यवस्थापन योजना प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
२. विद्यालयहरू सुरक्षित तथा विपद् प्रतिरोधी शिक्षण वातावरणका रूपमा विकास भएका हुनेछन्।
३. आपतकालीन अवस्थामा पनि अधिकांश विद्यार्थीको सिकाइ निरन्तर रहनेछ।
४. सबै विद्यालयमा नियमित विपद् पूर्वतयारी अभ्यास तथा सुरक्षा सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ।
५. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ।
६. विपदबाट प्रभावित विद्यार्थीले मनोसामाजिक सहयोग तथा सिकाइ पुनःस्थापना सेवा समयमै प्राप्त गर्नेछन्।
७. विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायबीच आपतकालीन शिक्षा व्यवस्थापनको प्रभावकारी समन्वय स्थापित भएको हुनेछ।

### ४.५.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | विद्यालय विपद् व्यवस्थापन योजना कार्यान्वयन गर्ने | ५० | ७५ | ९० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय (%) | | | | |
| २ | वार्षिक Mock Drill सञ्चालन गर्ने विद्यालय (%) | ४० | ७० | ९० | १०० |
| ३ | सुरक्षित विद्यालय मापदण्ड पूरा गरेका विद्यालय (%) | ४५ | ७० | ९० | १०० |
| ४ | वैकल्पिक सिकाइ सञ्चालन गर्न सक्षम विद्यालय (%) | ३० | ६० | ८५ | १०० |
| ५ | आपतकालीन शिक्षा तथा विपद् व्यवस्थापन तालिम प्राप्त शिक्षक (%) | ४० | ७० | ९० | १०० |
| ६ | मनोसामाजिक सहयोग तथा सिकाइ पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने विद्यालय (%) | ३० | ६० | ८५ | १०० |
| ७ | विद्यालय सुरक्षा अनुगमन तथा जोखिम मूल्याङ्कन गर्ने विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ८ | आपतकालीन अवस्थामा शिक्षा निरन्तरता योजना कार्यान्वयन गर्ने विद्यालय (%) | ३० | ६० | ८५ | १०० |

**४.५.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय विपद् व्यवस्थापन योजना निर्माण, अद्यावधिक तथा कार्यान्वयन | २ | २ | २ | २ | २ | १० | २० |
| २ | विपद् पूर्वतयारी अभ्यास, जोखिम मूल्याङ्कन तथा सचेतना कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |
| ३ | सुरक्षित विद्यालय पूर्वाधार सुधार तथा सुरक्षा सामग्री व्यवस्थापन | ८ | ८ | ८ | ८ | ८ | ३० | ७० |
| ४ | वैकल्पिक सिकाइ सामग्री | ३ | ३ | ३ | ३ | ३ | १० | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा आपतकालीन शिक्षा प्रणाली विकास | | | | | | | |
| ५ | शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन तालिम | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | मनोसामाजिक सहयोग तथा सिकाइ पुनःस्थापना कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | आपतकालीन शिक्षा कार्यक्रमको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन | २ | २ | २ | २ | २ | ९ | १९ |
| **जम्मा** | | **२२** | **२२** | **२२** | **२२** | **२२** | **८९** | **१९९** |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालय भौतिक पूर्वाधार गुणस्तरीय, सुरक्षित, समावेशी तथा बालमैत्री शिक्षाको आधारभूत पूर्वशर्त हो । सुरक्षित तथा सुविधा सम्पन्न विद्यालय वातावरणले विद्यार्थीको सिकाइ उपलब्धि, नियमित उपस्थिति, स्वास्थ्य, सुरक्षा तथा समग्र विकासमा सकारात्मक प्रभाव पार्दछ । विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि (ICT), खानेपानी, शौचालय, खेलमैदान, घेराबार, फर्निचर तथा अन्य शैक्षिक पूर्वाधारको गुणस्तरले शिक्षाको प्रभावकारितामा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ ।

नेपालको संविधान, २०७२, उद्देश्य (SESP 2022-2032), व्यापक विद्यालय सुरक्षा रूपरेखा (Comprehensive School Safety Framework), राष्ट्रिय भवन संहिता तथा दिगो विकास लक्ष्य (SDG-4) ले सुरक्षित, समावेशी, अपाङ्गतामैत्री तथा वातावरणमैत्री विद्यालय पूर्वाधार निर्माणमा विशेष जोड दिएका छन् ।

मेलौली नगरपालिकाले सबै विद्यालयमा सुरक्षित, विपद् प्रतिरोधी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधारको विकास गर्दै गुणस्तरीय शिक्षाका लागि आवश्यक न्यूनतम पूर्वाधार सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका अधिकांश विद्यालयमा आधारभूत भौतिक पूर्वाधार उपलब्ध भए पनि सबै विद्यालयमा समान स्तरको सुविधा उपलब्ध छैन । केही विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, घेराबार तथा खेलमैदानको अवस्था सन्तोषजनक रहे पनि दुर्गम तथा स्रोत अभाव भएका विद्यालयमा आवश्यक पूर्वाधार अझै अपुग रहेको छ।

कतिपय विद्यालय भवन पुराना तथा मर्मत आवश्यक अवस्थामा रहेका छन् भने केही विद्यालयमा अपाङ्गतामैत्री संरचना, विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT कक्ष, स्मार्ट कक्षा तथा बालमैत्री सिकाइ वातावरणको अभाव रहेको छ । विद्यालयहरूको नियमित मर्मतसम्भार, वातावरणीय सौन्दर्यीकरण तथा हरित विद्यालय अवधारणालाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ।

आगामी अवधिमा विद्यालय पूर्वाधारको गुणस्तर सुधार, सुरक्षित विद्यालय मापदण्ड कार्यान्वयन तथा आधुनिक शिक्षण सिकाइका लागि आवश्यक भौतिक संरचनाको विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

### ४.६.३ उद्देश्य

१. सबै विद्यालयमा सुरक्षित, गुणस्तरीय तथा विपद् प्रतिरोधी भौतिक पूर्वाधारको विकास गर्नु,
२. बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री विद्यालय वातावरण सुनिश्चित गर्नु,
३. आधुनिक शिक्षण–सिकाइका लागि आवश्यक शैक्षिक पूर्वाधार तथा सूचना प्रविधि सुविधाको विस्तार गर्नु,
४. विद्यालय पूर्वाधारको दिगो व्यवस्थापन, संरक्षण तथा नियमित मर्मतसम्भार प्रणाली सुदृढ गर्नु।

### ४.६.४ रणनीतिहरू

१. विद्यालय भवन तथा अन्य पूर्वाधारलाई सुरक्षित, विपद् प्रतिरोधी तथा गुणस्तरीय बनाउने।
२. सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार मापदण्ड कार्यान्वयन गर्ने।
३. ICT, पुस्तकालय, प्रयोगशाला तथा स्मार्ट सिकाइ वातावरणको विस्तार गर्ने।
४. बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार विकासलाई प्राथमिकता दिने।
५. विद्यालय पूर्वाधारको नियमित मर्मतसम्भार तथा संरक्षण प्रणाली विकास गर्ने।
६. स्थानीय सरकार, समुदाय तथा विकास साझेदारसँग सहकार्य गरी पूर्वाधार विकासलाई दिगो बनाउने।

### ४.६.५ कार्यनीतिहरू

१. राष्ट्रिय मापदण्डअनुसार विद्यालय भवन निर्माण, पुनर्निर्माण तथा मर्मतसम्भार गरिनेछ।
२. सबै विद्यालयमा सुरक्षित, प्रशस्त उज्यालो तथा हावापानीयुक्त कक्षाकोठा विकास गरिनेछ।
३. अपाङ्गतामैत्री र्याम्प, रेलिङ, शौचालय तथा सहज पहुँचयुक्त पूर्वाधार निर्माण गरिनेछ।
४. विद्यालयमा सुरक्षित खानेपानी, लैङ्गिकमैत्री शौचालय, हात धुने स्थान तथा फोहोर व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ।
५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा स्मार्ट कक्षाको विस्तार गरिनेछ।

६. विद्यालयमा खेलमैदान, घेराबार, हरियाली तथा बालमैत्री वातावरण विकास गरिनेछ ।
७. विद्यालय फर्निचर, शैक्षिक सामग्री तथा ICT उपकरण आवश्यकताअनुसार उपलब्ध गराइनेछ ।
८. विद्यालय पूर्वाधारको नियमित निरीक्षण, मर्मतसम्भार तथा सम्पत्ति अभिलेख व्यवस्थापन प्रणाली कार्यान्वयन गरिनेछ ।

**४.६.६ अपेक्षित उपलब्धि**

१. सबै विद्यालयमा सुरक्षित, गुणस्तरीय तथा विपद् प्रतिरोधी भौतिक पूर्वाधार सुनिश्चित भएको हुनेछ ।
२. सबै विद्यालय बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री वातावरणयुक्त भएका हुनेछन् ।
३. विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, ICT तथा स्मार्ट कक्षा सुविधाको विस्तार भएको हुनेछ ।
४. विद्यालयमा सुरक्षित खानेपानी, शौचालय तथा सरसफाइ सुविधा पूर्ण रूपमा सुनिश्चित भएको हुनेछ ।
५. विद्यालयको नियमित मर्मतसम्भार तथा सम्पत्ति व्यवस्थापन प्रणाली प्रभावकारी भएको हुनेछ ।
६. विद्यालय परिसर स्वच्छ, हरित, सुरक्षित तथा सिकाइमैत्री वातावरणका रूपमा विकास भएको हुनेछ ।
७. विद्यालय पूर्वाधारले गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा प्रभावकारी योगदान पुऱ्याएको हुनेछ ।

**४.६.७ लक्ष्य निर्धारण (१० वर्ष)**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | सुरक्षित तथा मापदण्डअनुसार विद्यालय भवन भएका विद्यालय (%) | ६० | ७५ | ९० | १०० |
| २ | बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार भएका विद्यालय (%) | ४५ | ६५ | ८५ | १०० |
| ३ | पुस्तकालय सुविधा भएका विद्यालय (%) | ३९.१३ | ४५ | ५० | ५० |
| ४ | विज्ञान तथा कम्प्युटर प्रयोगशाला भएका विद्यालय (%) | ३९.१३ | ४५ | ५५ | ६५ |
| ५ | स्मार्ट कक्षा वा ICT आधारित सिकाइ सुविधा भएका विद्यालय (%) | ० | २० | ४० | ६० |
| ६ | घेराबार, खेलमैदान तथा हरित वातावरण भएका विद्यालय (%) | ५ | ३० | ४५ | ६० |
| ७ | नियमित मर्मतसम्भार योजना कार्यान्वयन गर्ने | ५० | ७५ | ९० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय (%) | | | | |
| ८ | न्यूनतम भौतिक पूर्वाधार मापदण्ड पूरा गरेका विद्यालय (%) | ५० | ७० | ९० | १०० |

### ४.६.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण, पुनर्निर्माण तथा मर्मतसम्भार | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० |
| २ | बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार विकास | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ३ | पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना तथा सुदृढीकरण | १० | १० | १० | १० | १० | ५० | १०० |
| ४ | स्मार्ट कक्षा तथा ICT पूर्वाधार विस्तार | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ५ | विद्यालय फर्निचर, खेलमैदान, घेराबार तथा हरियाली विकास | १० | १० | १० | १० | १० | ५० | १०० |
| ६ | सुरक्षित खानेपानी, शौचालय तथा सरसफाइ पूर्वाधार सुधार | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ७ | विद्यालय पूर्वाधारको अनुगमन, सम्पत्ति | ३ | ३ | ३ | ३ | ३ | २० | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा मर्मतसम्भार प्रणाली | | | | | | | |
| **जम्मा** | | ७७ | ७७ | ७७ | ७७ | ७७ | ३९० | ७७५ |

### ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology in School Education)

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) आधुनिक शिक्षाको महत्वपूर्ण आधार हो । शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी, सहभागितामूलक, विद्यार्थीकेन्द्रित तथा प्रविधिमैत्री बनाउन ICT को प्रयोग अपरिहार्य बन्दै गएको छ । कम्प्युटर, इन्टरनेट, स्मार्ट कक्षा, डिजिटल सिकाइ सामग्री, शैक्षिक सफ्टवेयर तथा अनलाइन सिकाइ प्रणालीको प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि, सिर्जनशीलता, समस्या समाधान क्षमता तथा डिजिटल साक्षरतामा सकारात्मक प्रभाव पार्दछ ।

नेपालको संविधान, २०७२, उद्देश्य (SESP 2022-2032), राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि नीति, डिजिटल नेपाल फ्रेमवर्क तथा दिगो विकास लक्ष्य (SDG–4) ले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रयोग विस्तार गरी गुणस्तरीय तथा समावेशी शिक्षा सुनिश्चित गर्न जोड दिएका छन् ।

मेलौली नगरपालिकाले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्दै डिजिटल सिकाइ वातावरणको विकास, शिक्षकको डिजिटल क्षमता अभिवृद्धि, विद्यार्थीको डिजिटल साक्षरता विकास तथा विद्यालय प्रशासनलाई प्रविधिमैत्री बनाउने नीति अवलम्बन गरेको छ ।

### ४.७.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाका केही विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा डिजिटल शिक्षण सामग्रीको प्रयोग सुरु भएको भए पनि सबै विद्यालयमा समान रूपमा ICT सुविधा उपलब्ध छैन । अधिकांश विद्यालयमा कम्प्युटर प्रयोगशाला, स्मार्ट बोर्ड, प्रोजेक्टर, भरपर्दो इन्टरनेट सेवा तथा पर्याप्त डिजिटल उपकरणको अभाव रहेको छ ।

शिक्षकहरूको ICT प्रयोगसम्बन्धी क्षमता क्रमशः विकास हुँदै गए पनि सबै शिक्षकले शिक्षण-सिकाइमा नियमित रूपमा डिजिटल प्रविधिको उपयोग गर्न सकेका छैनन् । विद्यालय व्यवस्थापन सूचना प्रणाली (EMIS), ई-हाजिरी, डिजिटल अभिलेख व्यवस्थापन तथा अनलाइन प्रतिवेदन प्रणालीको प्रयोग पनि अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ ।

कोभिड-१९ महामारीको अनुभवले वैकल्पिक तथा डिजिटल सिकाइको महत्व स्पष्ट गरेकाले आगामी दिनमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, उपयोग तथा व्यवस्थापनलाई थप सुदृढ गर्न आवश्यक देखिएको छ ।

### ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइको पहुँच र उपयोग विस्तार गर्नु,
२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता र ICT सीप अभिवृद्धि गर्नु,
३. विद्यालयमा आवश्यक ICT पूर्वाधार तथा डिजिटल शिक्षण सामग्रीको विकास र विस्तार गर्नु,
४. विद्यालय प्रशासन, अभिलेख व्यवस्थापन तथा शैक्षिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनु ।

### ४.७.४ रणनीतिहरू

१. विद्यालयमा ICT पूर्वाधार तथा डिजिटल सिकाइ वातावरणको विस्तार गर्ने ।
२. शिक्षक तथा विद्यार्थीको डिजिटल क्षमता अभिवृद्धि गर्ने ।
३. शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल सामग्री तथा प्रविधिको प्रभावकारी प्रयोग गर्ने ।
४. विद्यालय प्रशासन तथा शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई डिजिटल बनाउने ।
५. स्थानीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य गरी ICT विकासलाई प्रवर्द्धन गर्ने ।
६. ICT कार्यक्रमको नियमित अनुगमन, प्राविधिक सहयोग तथा मूल्याङ्कन गर्ने ।

### ४.७.५ कार्यनीतिहरू

१. विद्यालयमा कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट बोर्ड तथा अन्य आवश्यक ICT उपकरण उपलब्ध गराइनेछ ।
२. शिक्षकहरूलाई ICT आधारित शिक्षण, डिजिटल सामग्री निर्माण तथा अनलाइन सिकाइसम्बन्धी नियमित तालिम प्रदान गरिनेछ ।
३. विद्यालयमा डिजिटल पुस्तकालय, ई–सामग्री तथा शैक्षिक सफ्टवेयरको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
४. विद्यार्थीको डिजिटल साक्षरता तथा सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
५. विद्यालयमा EMIS, डिजिटल अभिलेख, ई–हाजिरी तथा अनलाइन प्रतिवेदन प्रणाली क्रमशः कार्यान्वयन गरिनेछ ।
६. प्रविधिमा पहुँच नभएका विद्यालयलाई प्राथमिकताका आधारमा ICT पूर्वाधार उपलब्ध गराइनेछ ।
७. ICT उपकरणको नियमित मर्मतसम्भार, प्राविधिक सहयोग तथा साइबर सुरक्षा सम्बन्धी व्यवस्था गरिनेछ ।
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोगको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरिनेछ ।

### ४.७.६ अपेक्षित उपलब्धि

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणाली क्रमशः विस्तार भएको हुनेछ ।

२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता र ICT प्रयोग क्षमता उल्लेखनीय रूपमा अभिवृद्धि भएको हुनेछ ।
३. अधिकांश विद्यालयमा कम्प्युटर, इन्टरनेट, स्मार्ट कक्षा तथा डिजिटल शिक्षण सामग्रीको प्रभावकारी उपयोग भएको हुनेछ ।
४. विद्यालय प्रशासन तथा अभिलेख व्यवस्थापन प्रणाली डिजिटल तथा व्यवस्थित भएको हुनेछ ।
५. विद्यालयमा डिजिटल सिकाइ संस्कृति विकास भई शिक्षण–सिकाइ थप प्रभावकारी भएको हुनेछ ।
६. ICT पूर्वाधारको दिगो व्यवस्थापन तथा नियमित प्राविधिक सहयोग सुनिश्चित भएको हुनेछ ।
७. डिजिटल प्रविधिको प्रयोगबाट गुणस्तरीय, समावेशी तथा नवप्रवर्तनमुखी शिक्षा प्रवर्द्धन भएको हुनेछ।

### ४.७.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट सुविधा भएका विद्यालय (%) | १७ | ३७ | ५७ | ७७ |
| २ | कम्प्युटर तथा ICT प्रयोगशाला भएका विद्यालय (%) | १७ | ३७ | ५७ | ७७ |
| ३ | ICT तालिम प्राप्त शिक्षक (%) | ५० | ७५ | ९० | १०० |
| ४ | नियमित डिजिटल शिक्षण सामग्री प्रयोग गर्ने विद्यालय (%) | ४० | ६५ | ८५ | १०० |
| ५ | EMIS तथा डिजिटल अभिलेख प्रणाली सञ्चालन गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ६ | डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने विद्यालय (%) | ५० | ७० | ९० | १०० |
| ७ | ICT उपकरणको नियमित मर्मतसम्भार गर्ने विद्यालय (%) | ४५ | ६५ | ८५ | १०० |

### ४.७.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कम्प्युटर, इन्टरनेट तथा ICT पूर्वाधार विस्तार | १० | १० | १० | १० | १० | ५० | १०० |
| २ | स्मार्ट कक्षा स्थापना तथा डिजिटल उपकरण व्यवस्थापन | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ३ | शिक्षकको ICT क्षमता विकास तथा डिजिटल शिक्षण तालिम | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ४ | डिजिटल शिक्षण सामग्री, ई–पुस्तकालय तथा शैक्षिक सफ्टवेयर विकास | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ५ | विद्यार्थी डिजिटल साक्षरता तथा सुरक्षित इन्टरनेट कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ६ | विद्यालय EMIS, ई–हाजिरी तथा डिजिटल प्रशासन प्रणाली सुदृढीकरण | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | ICT उपकरणको मर्मतसम्भार, प्राविधिक सहयोग तथा अनुगमन | २ | २ | २ | २ | २ | १४ | २४ |
| **जम्मा** | | **३४** | **३४** | **३४** | **३४** | **३४** | **१७४** | **३४४** |

## परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ । यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्यांकन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

स्थानीय उद्देश्यको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा क्षेत्रसँग सम्बन्धित सबै निकायहरूको संस्थागत क्षमता सुदृढ हुनु आवश्यक हुन्छ । सक्षम संस्थागत संरचना, दक्ष जनशक्ति, स्पष्ट कार्यविभाजन, प्रभावकारी समन्वय, पर्याप्त स्रोत–साधन तथा सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणालीले विद्यालय शिक्षामा सुशासन, पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्दछ ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उद्देश्य (SESP 2022-2032) तथा संघीय शासन व्यवस्थाले स्थानीय तहलाई विद्यालय शिक्षाको योजना, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमनको प्रमुख जिम्मेवारी प्रदान गरेको छ । यस जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न शिक्षा शाखा, विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विषयगत समितिहरू तथा सरोकारवाला निकायहरूको संस्थागत क्षमता अभिवृद्धि अपरिहार्य रहेको छ ।

मेलौली नगरपालिकाले शिक्षा प्रशासनलाई व्यावसायिक, प्रविधिमैत्री, उत्तरदायी तथा नतिजामुखी बनाउँदै संस्थागत क्षमता विकासमार्फत गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापन सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ ।

### ५.१.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय शिक्षाको योजना निर्माण, समन्वय, अनुगमन तथा व्यवस्थापन गर्दै आएको छ । विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाको सहभागितामा विद्यालय सञ्चालन भइरहे पनि संस्थागत क्षमता सबै विद्यालयमा समान रूपमा विकास हुन सकेको छैन ।

शिक्षा शाखाको जनशक्ति, प्राविधिक क्षमता, सूचना व्यवस्थापन प्रणाली, नियमित क्षमता विकास कार्यक्रम तथा तथ्याङ्कमा आधारित योजना निर्माण प्रक्रियालाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको छ । विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूलाई नेतृत्व विकास, शैक्षिक योजना, वित्तीय व्यवस्थापन, विद्यालय सुधार योजना, शैक्षिक सुशासन तथा सूचना प्रविधिको प्रयोगसम्बन्धी नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार तथा समुदायबीचको समन्वयलाई अझ प्रभावकारी बनाई संस्थागत क्षमता विकासलाई दीर्घकालीन रूपमा संस्थागत गर्न आवश्यक छ ।

### ५.१.३ उद्देश्य

१. शिक्षा क्षेत्रसँग सम्बन्धित संस्थाहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु,
२. शिक्षा शाखा, विद्यालय तथा विद्यालय व्यवस्थापन प्रणालीलाई प्रभावकारी, उत्तरदायी तथा प्रविधिमैत्री बनाउनु,
३. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा सरोकारवालाको नेतृत्व तथा व्यवस्थापन क्षमता विकास गर्नु,
४. तथ्याङ्कमा आधारित योजना, अनुगमन तथा निर्णय प्रणालीलाई संस्थागत गर्नु ।

### ५.१.४ रणनीतिहरू

१. शिक्षा शाखा तथा विद्यालयहरूको संस्थागत क्षमता सुदृढ गर्ने ।
२. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूको नेतृत्व र व्यवस्थापन क्षमता विकास गर्ने ।
३. सूचना प्रविधिमा आधारित शैक्षिक व्यवस्थापन तथा अभिलेख प्रणाली सुदृढ गर्ने ।
४. समन्वय, साझेदारी तथा अन्तरसंस्थागत सहकार्यलाई प्रभावकारी बनाउने ।
५. क्षमता विकास कार्यक्रमलाई आवश्यकता-आधारित, नियमित तथा नतिजामुखी बनाउने ।
६. संस्थागत कार्यसम्पादनको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार प्रणाली विकास गर्ने ।

### ५.१.५ कार्यनीतिहरू

१. शिक्षा शाखाका कर्मचारीहरूको योजना, व्यवस्थापन, वित्तीय प्रशासन, सूचना प्रविधि तथा शैक्षिक नेतृत्वसम्बन्धी क्षमता विकास गरिनेछ ।

२. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूका लागि नेतृत्व विकास, विद्यालय सुधार योजना, वित्तीय व्यवस्थापन, सुशासन तथा कानुनी व्यवस्थासम्बन्धी नियमित तालिम सञ्चालन गरिनेछ।
३. विद्यालय तथा शिक्षा शाखामा डिजिटल अभिलेख व्यवस्थापन, EMIS तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली कार्यान्वयन गरिनेछ।
४. विद्यालय स्वमूल्याङ्कन, संस्थागत कार्यसम्पादन मूल्याङ्कन तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
५. शिक्षा शाखा, विद्यालय, विषयगत समिति, अभिभावक तथा समुदायबीच नियमित समन्वय तथा अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
६. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।
७. शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको कार्यसम्पादन मूल्याङ्कन तथा क्षमता विकास योजनालाई संस्थागत गरिनेछ।
८. विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग आवश्यक सहकार्य गरी संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.१.६ अपेक्षित उपलब्धि

१. शिक्षा शाखा तथा विद्यालयहरूको संस्थागत क्षमता सुदृढ भएको हुनेछ।
२. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूको नेतृत्व तथा व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ।
३. विद्यालय प्रशासन, योजना, अनुगमन तथा अभिलेख व्यवस्थापन प्रणाली प्रविधिमैत्री र व्यवस्थित भएको हुनेछ।
४. तथ्याङ्कमा आधारित योजना निर्माण तथा निर्णय प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
५. शिक्षा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व तथा सुशासनको अभ्यास सुदृढ भएको हुनेछ।
६. संस्थागत समन्वय तथा साझेदारी प्रभावकारी भई सेवा प्रवाहको गुणस्तरमा सुधार भएको हुनेछ।
७. स्थानीय उद्देश्यको प्रभावकारी कार्यान्वयनका लागि सक्षम तथा उत्तरदायी संस्थागत संरचना विकास भएको हुनेछ।

### ५.१.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | क्षमता विकास तालिम प्राप्त शिक्षा शाखाका कर्मचारी (%) | ६० | ८० | ९५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | नेतृत्व तथा व्यवस्थापन तालिम प्राप्त प्रधानाध्यापक (%) | ५० | ७५ | ९० | १०० |
| ३ | क्षमता विकास तालिम प्राप्त विद्यालय व्यवस्थापन समिति (%) | ४५ | ७० | ९० | १०० |
| ४ | विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ५ | EMIS तथा डिजिटल अभिलेख प्रणाली नियमित प्रयोग गर्ने विद्यालय (%) | ६५ | ८५ | ९५ | १०० |
| ६ | संस्थागत स्वमूल्याङ्कन गर्ने विद्यालय (%) | ५० | ७५ | ९० | १०० |
| ७ | वार्षिक कार्यसम्पादन समीक्षा गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ८ | शिक्षा शाखा र विद्यालयबीच नियमित समन्वय बैठक सञ्चालन हुने (%) | ७० | ८५ | ९५ | १०० |

### ५.१.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा शाखाको संस्थागत क्षमता विकास तथा व्यवस्थापन सुदृढीकरण | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| २ | प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको नेतृत्व विकास तालिम | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ३ | विद्यालय सुधार योजना, संस्थागत स्वमूल्याङ्कन तथा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यसम्पादन व्यवस्थापन | | | | | | | |
| ४ | EMIS, डिजिटल अभिलेख तथा सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ५ | समन्वय, अनुभव आदान-प्रदान तथा अन्तरपालिका सिकाइ कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | अनुगमन, कार्यसम्पादन समीक्षा तथा संस्थागत मूल्याङ्कन | २ | २ | २ | २ | २ | ९ | १९ |
| **जम्मा** | | **१९** | **१९** | **१९** | **१९** | **१९** | **९४** | **१८९** |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

स्थानीय उद्देश्य (SESP) को सफल कार्यान्वयनले मात्र योजनाले परिकल्पना गरेका उद्देश्य, लक्ष्य तथा अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिन्छ। योजना कार्यान्वयन प्रभावकारी बनाउन स्पष्ट संस्थागत संरचना, जिम्मेवारी निर्धारण, पर्याप्त वित्तीय तथा प्राविधिक स्रोत, सक्षम जनशक्ति, प्रभावकारी समन्वय, नियमित अनुगमन तथा नतिजामा आधारित व्यवस्थापन प्रणाली आवश्यक पर्दछ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उद्देश्य (SESP 2022-2032), सोह्रौं योजना तथा शिक्षा सम्बन्धी प्रचलित कानुनले स्थानीय तहलाई विद्यालय शिक्षाको योजना निर्माण, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी प्रदान गरेका छन्। यस जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न स्थानीय तह, विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विकास साझेदार तथा समुदायबीचको सहकार्य र साझेदारीलाई सुदृढ बनाउनु आवश्यक छ।

मेलौली नगरपालिकाले शिक्षा योजनालाई वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग आबद्ध गर्दै नतिजामुखी, पारदर्शी, सहभागितामूलक तथा उत्तरदायी कार्यान्वयन प्रणाली विकास गरी गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ ।

### ५.२.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममार्फत विद्यालय शिक्षा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। शिक्षा, युवा तथा खेलकुद शाखाले योजना निर्माण, बजेट व्यवस्थापन, विद्यालय समन्वय, अनुगमन तथा प्राविधिक सहयोग प्रदान गर्ने कार्य गर्दै आएको छ। विद्यालयहरूले विद्यालय सुधार योजना (SIP) का आधारमा वार्षिक कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

यद्यपि स्थानीय शिक्षा योजना, वार्षिक कार्यक्रम तथा बजेटबीचको पूर्ण एकीकरण, परिणाममा आधारित कार्यान्वयन, नियमित प्रगति समीक्षा, कार्यसम्पादन मूल्याङ्कन, स्रोत परिचालन तथा अन्तरनिकाय समन्वय अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी प्रयोग, डिजिटल प्रतिवेदन प्रणाली, योजनाको नियमित समीक्षा तथा जिम्मेवारीमा आधारित कार्यसम्पादन संस्कृतिलाई अझ संस्थागत गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ उद्देश्य

१. स्थानीय उद्देश्यको प्रभावकारी, समन्वित तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु,
२. योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत, वित्तीय तथा प्राविधिक व्यवस्थापन प्रणाली सुदृढ गर्नु,
३. योजना कार्यान्वयनमा सम्बन्धित निकायहरूको समन्वय, साझेदारी, उत्तरदायित्व तथा जवाफदेहिता अभिवृद्धि गर्नु,
४. नियमित अनुगमन, समीक्षा तथा तथ्याङ्कमा आधारित निर्णय प्रणालीलाई संस्थागत गर्नु ।

### ५.२.४ रणनीतिहरू

१. शिक्षा योजनालाई वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग पूर्ण रूपमा एकीकृत गर्ने ।
२. योजना कार्यान्वयनका लागि स्पष्ट जिम्मेवारी, समन्वय तथा साझेदारी प्रणाली विकास गर्ने ।
३. आवश्यक वित्तीय, प्राविधिक तथा मानव स्रोतको प्रभावकारी परिचालन गर्ने ।
४. नियमित अनुगमन, समीक्षा, प्रतिवेदन तथा नतिजामा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने ।
५. सूचना प्रविधिमा आधारित योजना कार्यान्वयन तथा अनुगमन प्रणाली सुदृढ गर्ने ।
६. कार्यसम्पादनमा आधारित उत्तरदायित्व, प्रोत्साहन तथा सुधार प्रणाली विकास गर्ने ।

### ५.२.५ कार्यनीतिहरू

१. स्थानीय उद्देश्यलाई नगरपालिकाको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग एकीकृत गरी कार्यान्वयन गरिनेछ ।

२. प्रत्येक आर्थिक वर्षका लागि वार्षिक कार्ययोजना, कार्यतालिका, जिम्मेवारी तथा स्रोत व्यवस्थापन स्पष्ट रूपमा निर्धारण गरिनेछ।
३. शिक्षा, युवा तथा खेलकुद शाखालाई योजना कार्यान्वयनको समन्वयकारी निकायका रूपमा सुदृढ गरिनेछ।
४. विद्यालय सुधार योजना (SIP) लाई स्थानीय शिक्षा योजनासँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।
५. संघ, प्रदेश, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग आवश्यक सहकार्य तथा स्रोत साझेदारी गरिनेछ।
६. शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) तथा डिजिटल प्रतिवेदन प्रणालीमार्फत कार्यप्रगतिको नियमित अभिलेखीकरण गरिनेछ।
७. त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा तथा सार्वजनिक समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
८. कार्यसम्पादन सूचकका आधारमा विद्यालय, प्रधानाध्यापक तथा शिक्षा शाखाको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।
९. योजना कार्यान्वयनमा देखिएका समस्या तथा सिकाइका आधारमा आवश्यक सुधारात्मक कार्ययोजना लागू गरिनेछ।
१०. योजनाको मध्यावधि समीक्षा तथा अन्तिम मूल्याङ्कन गरी आवश्यक संशोधन तथा अद्यावधिक गरिनेछ।

### ५.२.६ अपेक्षित उपलब्धि

१. स्थानीय उद्देश्य प्रभावकारी तथा समयबद्ध रूपमा कार्यान्वयन भएको हुनेछ।
२. शिक्षा योजना, वार्षिक कार्यक्रम तथा बजेटबीच प्रभावकारी समन्वय कायम भएको हुनेछ।
३. योजना कार्यान्वयनमा शिक्षा शाखा, विद्यालय तथा सरोकारवालाको उत्तरदायित्व र जवाफदेहिता सुदृढ भएको हुनेछ।
४. नियमित अनुगमन, समीक्षा तथा प्रतिवेदन प्रणाली संस्थागत भएको हुनेछ।
५. EMIS तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
६. स्रोत परिचालन, वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता अभिवृद्धि भएको हुनेछ।
७. शिक्षा योजनाका लक्ष्य तथा सूचकहरू निर्धारित समयमै हासिल हुने आधार तयार भएको हुनेछ।

### ५.२.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | शिक्षा योजनासँग आबद्ध वार्षिक कार्यक्रम तथा बजेट (%) | ७० | ८५ | ९५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | त्रैमासिक प्रगति समीक्षा सम्पन्न हुने (%) | ६० | ८० | ९५ | १०० |
| ३ | वार्षिक शिक्षा प्रगति प्रतिवेदन प्रकाशन (%) | ५० | ७५ | ९० | १०० |
| ४ | विद्यालय सुधार योजना र SESP बीच एकीकरण भएका विद्यालय (%) | ६५ | ८५ | ९५ | १०० |
| ५ | EMIS मा नियमित तथ्याङ्क अद्यावधिक गर्ने विद्यालय (%) | ७० | ८५ | ९५ | १०० |
| ६ | वार्षिक कार्यसम्पादन मूल्याङ्कन सम्पन्न हुने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ७ | योजनाको मध्यावधि समीक्षा सम्पन्न | ० | ० | १ | १ |
| ८ | योजनाको अन्तिम मूल्याङ्कन सम्पन्न | ० | ० | ० | १ |

### ५.२.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय शिक्षा योजना कार्यान्वयन तथा अभिमुखीकरण कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| २ | वार्षिक कार्ययोजना, बजेट एकीकरण तथा कार्यक्रम समन्वय | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | EMIS तथा डिजिटल योजना कार्यान्वयन अनुगमन प्रणाली सुदृढीकरण | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय सुधार योजना समन्वय कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | योजना कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सहयोग | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | मध्यावधि समीक्षा, अन्तिम मूल्याङ्कन तथा योजना अद्यावधिक | ० | ० | ५ | ० | ० | १० | १५ |
| **जम्मा** | | **१४** | **१४** | **१९** | **१४** | **१४** | **८०** | **१५५** |

### ५.३ अनुगमन तथा मूल्याङ्कन

#### ५.३.१ परिचय

अनुगमन तथा मूल्याङ्कन स्थानीय उद्देश्य (SESP) को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने प्रमुख व्यवस्थापकीय प्रक्रिया हो । यस प्रक्रियाबाट योजनामा निर्धारित उद्देश्य, रणनीति, कार्यनीति तथा लक्ष्यहरूको प्रगति नियमित रूपमा मापन, विश्लेषण तथा समीक्षा गरी आवश्यक सुधारात्मक निर्णय लिन सहयोग पुग्दछ। प्रभावकारी अनुगमन तथा मूल्याङ्कनले योजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता तथा नतिजामुखी कार्यसंस्कृतिको विकास गर्दछ ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उद्देश्य (SESP 2022-2032) तथा शिक्षा सम्बन्धी प्रचलित कानुनले स्थानीय तहलाई विद्यालय शिक्षाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थापनको जिम्मेवारी प्रदान गरेका छन् । त्यसअनुसार मेलौली नगरपालिकाले तथ्याङ्कमा आधारित निर्णय प्रणाली, नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन प्रणालीलाई संस्थागत गर्दै शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ ।

#### ५.३.२ वर्तमान अवस्था

मेलौली नगरपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालयहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्रगति समीक्षा गर्दै आएको छ । विद्यालयहरूले विद्यालय सुधार योजना (SIP), वार्षिक कार्यक्रम तथा विद्यालयस्तरीय प्रतिवेदनका आधारमा कार्यसम्पादन समीक्षा गर्ने अभ्यास पनि विकसित हुँदै गएको छ ।

यद्यपि अनुगमनका लागि मापदण्डमा आधारित प्रणाली, डिजिटल तथ्याङ्क व्यवस्थापन, कार्यसम्पादन सूचकहरूको नियमित विश्लेषण, प्रतिफलमा आधारित मूल्याङ्कन तथा प्राप्त सुझावहरूको कार्यान्वयन पक्षलाई

अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ । साथै विद्यालय, शिक्षा शाखा तथा नगरस्तरीय समीक्षा प्रणालीलाई थप व्यवस्थित र संस्थागत गर्नुपर्ने देखिन्छ ।

### ५.३.३ उद्देश्य

१. स्थानीय उद्देश्यको नियमित, प्रभावकारी तथा नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु,
२. तथ्याङ्कमा आधारित निर्णय, योजना सुधार तथा कार्यसम्पादन उत्तरदायित्व सुनिश्चित गर्नु,
३. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी तथा सहभागितामूलक बनाउनु,
४. योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि, सिकाइ तथा सुधारका पक्षलाई संस्थागत गर्नु ।

### ५.३.४ रणनीतिहरू

१. नियमित अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गर्ने ।
२. सूचकमा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्ने ।
३. सूचना प्रविधिमा आधारित तथ्याङ्क तथा प्रतिवेदन व्यवस्थापन प्रणाली विकास गर्ने ।
४. अनुगमन तथा मूल्याङ्कनमा सरोकारवालाको सहभागिता तथा सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गर्ने ।
५. अनुगमनबाट प्राप्त सुझाव तथा सिकाइलाई योजना सुधारमा उपयोग गर्ने ।
६. मध्यावधि तथा अन्तिम मूल्याङ्कनलाई संस्थागत गर्ने ।

### ५.३.५ कार्यनीतिहरू

१. स्थानीय उद्देश्यका सबै सूचकहरूको नियमित अनुगमन तथा प्रगति समीक्षा गरिनेछ ।
२. विद्यालय अनुगमनका लागि मापदण्ड, चेकलिष्ट तथा कार्यसम्पादन सूचकहरू विकास गरी कार्यान्वयन गरिनेछ ।
३. शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) तथा अन्य डिजिटल प्रणालीमार्फत तथ्याङ्क अद्यावधिक र विश्लेषण गरिनेछ ।
४. प्रत्येक त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठक सञ्चालन गरी सुधारात्मक निर्णय गरिनेछ ।
५. विद्यालय, शिक्षा शाखा तथा नगरस्तरीय कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिनेछ ।
६. योजनाको मध्यावधि समीक्षा तथा अन्तिम मूल्याङ्कन गरी आवश्यक संशोधन र सुधार गरिनेछ ।
७. अनुगमन प्रतिवेदन सार्वजनिक गरी पारदर्शिता तथा सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गरिनेछ ।
८. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा सरोकारवालालाई प्रोत्साहन तथा सुधार आवश्यक क्षेत्रका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

### ५.३.६ अपेक्षित उपलब्धि

१. स्थानीय उद्देश्यको नियमित तथा प्रभावकारी अनुगमन प्रणाली विकास भएको हुनेछ ।
२. कार्यसम्पादन सूचकमा आधारित मूल्याङ्कन प्रणाली पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ ।
३. शिक्षा सम्बन्धी निर्णय प्रक्रिया तथ्याङ्क तथा प्रमाणमा आधारित भएको हुनेछ ।

४. विद्यालय तथा शिक्षा शाखाको उत्तरदायित्व, पारदर्शिता तथा कार्यसम्पादनमा सुधार भएको हुनेछ।
५. अनुगमनबाट प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
६. योजनाको मध्यावधि तथा अन्तिम मूल्याङ्कन सम्पन्न भई आवश्यक सुधारहरू कार्यान्वयन भएका हुनेछन्।
७. शिक्षा योजनाका लक्ष्य तथा उपलब्धिहरू नियमित रूपमा मापन, समीक्षा तथा सार्वजनिक हुने प्रणाली संस्थागत भएको हुनेछ।

### ५.३.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | वार्षिक कम्तीमा दुई पटक अनुगमन हुने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| २ | त्रैमासिक समीक्षा सम्पन्न हुने विद्यालय(%) | ६५ | ८५ | ९५ | १०० |
| ३ | वार्षिक कार्यसम्पादन मूल्याङ्कन सम्पन्न हुने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ४ | EMIS मा समयमै तथ्याङ्क अद्यावधिक गर्ने विद्यालय (%) | ७० | ८५ | ९५ | १०० |
| ५ | वार्षिक अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने (%) | ५० | ७५ | ९० | १०० |
| ६ | अनुगमनबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ७ | योजनाको मध्यावधि मूल्याङ्कन सम्पन्न | ० | ० | १ | १ |
| ८ | योजनाको अन्तिम मूल्याङ्कन सम्पन्न | ० | ० | ० | १ |

### ५.३.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) (रकम रु. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी ५ वर्ष (एकमुष्ट) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय अनुगमन तथा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुपरिवेक्षण कार्यक्रम | | | | | | | |
| २ | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | कार्यसम्पादन मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सुदृढीकरण | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | EMIS तथा अनुगमन सूचना प्रणाली सुदृढीकरण | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक प्रतिवेदन | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | मध्यावधि समीक्षा तथा अन्तिम मूल्याङ्कन | ० | ० | ४ | ० | ० | ८ | १२ |
| ७ | अनुगमन क्षमता विकास तथा मापदण्ड विकास | २ | २ | २ | २ | २ | १० | २० |
| **जम्मा** | | **१२** | **१२** | **१६** | **१२** | **१२** | **६८** | **१३२** |

### ५.४ विद्यालय सुशासन ढाँचा

विद्यालय शिक्षालाई प्रभावकारी, उत्तरदायी, पारदर्शी तथा नतिजामुखी बनाउन विद्यालय सुशासनलाई यस योजनाको आधारभूत स्तम्भका रूपमा अवलम्बन गरिनेछ। विद्यालय व्यवस्थापनमा सुशासनका सिद्धान्त, स्पष्ट जिम्मेवारी, सहभागितामूलक निर्णय प्रक्रिया, प्रमाणमा आधारित योजना तथा नियमित अनुगमन प्रणालीलाई संस्थागत गर्दै विद्यालयको समग्र कार्यसम्पादनमा सुधार गरिनेछ।

#### १. सुशासनका आधारभूत सिद्धान्त

- सुशासन, पारदर्शिता तथा जवाफदेहिता
- सहभागिता तथा साझेदारी
- समावेशिता, समानता तथा सामाजिक न्याय
- नतिजामुखी तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन

- तथ्य, प्रमाण तथा सूचना प्रविधिमा आधारित निर्णय प्रणाली
- कानूनी शासन, नैतिकता तथा इमानदारी
- दिगोपन, नवप्रवर्तन तथा निरन्तर सुधार

## २. संस्थागत संरचना तथा भूमिका

### नगर शिक्षा समितिको भूमिका

- स्थानीय शिक्षा नीति तथा रणनीतिक निर्देशन प्रदान गर्ने ।
- योजना, बजेट तथा वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- समग्र शैक्षिक उपलब्धिको समीक्षा तथा नीति सुधार गर्ने ।

### शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका

- उद्देश्यको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- विद्यालयलाई प्राविधिक सहयोग तथा क्षमता विकास उपलब्ध गराउने ।
- शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) अद्यावधिक गरी तथ्यमा आधारित निर्णय प्रक्रिया सुदृढ गर्ने ।

### विद्यालय व्यवस्थापन समितिको भूमिका

- विद्यालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयनको नेतृत्व गर्ने ।
- विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनमा उत्तरदायी रहने ।
- विद्यालयको पारदर्शिता, सामाजिक उत्तरदायित्व तथा समुदायसँगको सम्बन्ध सुदृढ गर्ने ।

### प्रधानाध्यापकको भूमिका

- विद्यालयको शैक्षिक नेतृत्व प्रदान गर्ने ।
- शिक्षक तथा कर्मचारी व्यवस्थापन, कार्यसम्पादन सुधार तथा सिकाइ उपलब्धि अभिवृद्धि गर्ने ।
- विद्यालय सुधार योजना, आन्तरिक मूल्याङ्कन तथा वित्तीय अनुशासनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।

### शिक्षकको भूमिका

- गुणस्तरीय, समावेशी तथा विद्यार्थीकेन्द्रित शिक्षण-सिकाइ सुनिश्चित गर्ने ।
- निरन्तर पेशागत विकासमा सहभागी हुने ।
- विद्यार्थी मूल्याङ्कन तथा सिकाइ सुधारमा उत्तरदायी रहने ।

### शिक्षक अभिभावक संघ को भूमिका

- विद्यालय र अभिभावकबीच प्रभावकारी समन्वय तथा सहकार्य गर्ने ।

- विद्यार्थीको नियमितता, सिकाइ तथा विद्यालय सुधारमा सहयोग गर्ने।
- सामाजिक उत्तरदायित्व तथा जनसहभागिता प्रवर्द्धन गर्ने।

**विद्यार्थी तथा बाल क्लबको भूमिका**

- विद्यार्थी नेतृत्व, सहभागिता तथा उत्तरदायित्व अभिवृद्धि गर्ने।
- बाल अधिकार, बाल संरक्षण तथा विद्यालय सुधार गतिविधिमा सहकार्य गर्ने।

**३. विद्यालय सुशासनका प्रमुख आयाम**

**(क) शैक्षिक सुशासन**

- गुणस्तरीय शिक्षण-सिकाइ
- नियमित शैक्षिक सुपरिवेक्षण
- सिकाइ उपलब्धिको मूल्याङ्कन
- शिक्षक पेशागत विकास

**(ख) प्रशासनिक सुशासन**

- स्पष्ट जिम्मेवारी तथा कार्यविभाजन
- सेवा प्रवाहमा दक्षता
- अभिलेख तथा सूचना व्यवस्थापन
- डिजिटल प्रशासन प्रणाली

**(ग) वित्तीय सुशासन**

- पारदर्शी बजेट तथा खर्च प्रणाली
- सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण
- आन्तरिक नियन्त्रण तथा नियमित लेखापरीक्षण
- नतिजामुखी स्रोत परिचालन

**(घ) सामाजिक सुशासन**

- समुदाय तथा अभिभावकको सहभागिता
- लैङ्गिक समानता तथा सामाजिक समावेशिता
- बाल संरक्षण तथा सुरक्षित विद्यालय
- सार्वजनिक सुनुवाइ तथा सामाजिक उत्तरदायित्व

**४. निर्णय तथा जवाफदेहिता प्रणाली**

- तथ्य तथा प्रमाणमा आधारित निर्णय प्रणाली अवलम्बन गरिनेछ।

- विद्यालय सुधार योजना, वार्षिक कार्ययोजना तथा बजेटलाई कार्यसम्पादनसँग आबद्ध गरिनेछ।
- नियमित अनुगमन, सुपरिवेक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा वार्षिक समीक्षा अनिवार्य गरिनेछ।
- कार्यसम्पादन सूचकका आधारमा विद्यालय तथा प्रधानाध्यापकको मूल्याङ्कन गरिनेछ।

**५. पारदर्शिता तथा उत्तरदायित्व संयन्त्र**

- विद्यालयको वार्षिक योजना, बजेट तथा प्रगति विवरण सार्वजनिक गरिनेछ।
- विद्यालयको वित्तीय तथा शैक्षिक विवरण नियमित रूपमा सार्वजनिक गरिनेछ।
- गुनासो सुनुवाइ तथा सुझाव व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ।
- सूचना प्रविधिमा आधारित शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी प्रयोग गरिनेछ।

**६. क्षमता विकास**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ, बाल क्लब तथा शिक्षा शाखाका कर्मचारीको नेतृत्व, योजना, वित्तीय व्यवस्थापन, डिजिटल प्रणाली, शैक्षिक नेतृत्व, अनुगमन तथा सुशासन सम्बन्धी क्षमता निरन्तर अभिवृद्धि गरिनेछ।

**७. अनुगमन तथा कार्यसम्पादन समीक्षा**

विद्यालय सुशासनको प्रभावकारिता मापन गर्न वार्षिक कार्यसम्पादन सूचक (Key Performance Indicators) निर्धारण गरिनेछ। विद्यालय सुधार योजना, सिकाइ उपलब्धि, वित्तीय अनुशासन, समुदायको सहभागिता, सेवा प्रवाह तथा संस्थागत विकासका आधारमा नियमित अनुगमन, अर्धवार्षिक समीक्षा तथा वार्षिक मूल्याङ्कन गरी प्राप्त निष्कर्षलाई आगामी योजना तथा बजेट निर्माणमा उपयोग गरिनेछ।

## परिच्छेद ६

## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

गुणस्तरीय, समतामूलक तथा समावेशी विद्यालय शिक्षा सुनिश्चित गर्न पर्याप्त, दिगो तथा प्रभावकारी लगानी अपरिहार्य हुन्छ । नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको योजना निर्माण, कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा नियमन सम्बन्धी जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ ।

मेलौली नगरपालिकाको उद्देश्य (२०८३–२०९२) कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको यथार्थपरक अनुमान, स्रोतको विविधीकरण, प्रभावकारी परिचालन तथा पारदर्शी वित्तीय व्यवस्थापन यस परिच्छेदको मुख्य उद्देश्य हो । शिक्षा क्षेत्रमा गरिने लगानीलाई खर्चको रूपमा नभई मानव पूँजी विकास तथा दिगो सामाजिक-आर्थिक विकासको आधारका रूपमा लिइएको छ ।

विद्यालय शिक्षा क्षेत्रमा प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, समावेशी शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, शिक्षक तथा कर्मचारी क्षमता विकास, विद्यालय सुशासन, विद्यार्थी सिकाइ उपलब्धि तथा आपतकालीन अवस्थामा शिक्षा लगायतका क्षेत्रमा पर्याप्त स्रोत परिचालन आवश्यक हुन्छ । त्यसका लागि संघ, प्रदेश र स्थानीय सरकारबीचको वित्तीय साझेदारी, विकास साझेदार, निजी क्षेत्र, समुदाय तथा विद्यालयको आन्तरिक स्रोत परिचालनलाई समेत योजनाबद्ध रूपमा परिचालन गरिनेछ ।

नगरपालिकाले शिक्षा क्षेत्रमा विनियोजन हुने स्रोतको प्रभावकारी, मितव्ययी, पारदर्शी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्दै वित्तीय सुशासनलाई संस्थागत गर्ने नीति अवलम्बन गर्नेछ । साथै योजनाका प्राथमिकता, आवश्यकता, कार्यसम्पादन तथा उपलब्धिका आधारमा स्रोत विनियोजन गर्ने प्रणालीलाई क्रमशः सुदृढ गरिनेछ ।

### ६.२ वर्तमान अवस्था

मेलौली नगरपालिकामा विद्यालय शिक्षा सञ्चालनका लागि आवश्यक वित्तीय स्रोत मुख्य रूपमा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन हुँदै आएको छ । यसका अतिरिक्त विकास साझेदार संस्था, गैरसरकारी संस्था, समुदाय तथा अभिभावकबाट समेत सीमित रूपमा सहयोग प्राप्त हुने गरेको छ ।

हाल शिक्षा क्षेत्रमा प्राप्त सशर्त अनुदानको ठूलो हिस्सा शिक्षक तथा कर्मचारीको तलब-भत्ता, छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, विद्यालय सञ्चालन तथा भौतिक पूर्वाधार निर्माणमा खर्च हुने गरेको छ । स्थानीय स्रोतबाट विद्यालयको गुणस्तर सुधार, सूचना प्रविधि विस्तार, शिक्षक क्षमता विकास, नवप्रवर्तन, शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यद्यपि

नगरपालिकाको सीमित आन्तरिक आयका कारण दीर्घकालीन पूर्वाधार विकास, आधुनिक शैक्षिक प्रविधि विस्तार, प्रयोगशाला तथा पुस्तकालय सुदृढीकरण, विपद्-उत्थानशील विद्यालय निर्माण तथा नवप्रवर्तनात्मक कार्यक्रमहरूमा अपेक्षित लगानी गर्न चुनौती रहेको छ।

शिक्षा क्षेत्रमा समुदायको आर्थिक सहभागिता विगतको तुलनामा केही घट्दो क्रममा देखिए पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय समुदायको श्रमदान, सहयोग तथा सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत विद्यालय विकासमा उल्लेखनीय योगदान रहेको छ। आगामी योजना अवधिमा संघ, प्रदेश तथा स्थानीय सरकारबीचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै विकास साझेदार, निजी क्षेत्र, पूर्वविद्यार्थी, सामाजिक संस्थाहरू तथा समुदायसँग साझेदारी विस्तार गरी शिक्षा क्षेत्रमा थप लगानी परिचालन गरिनेछ।

यस योजनाको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन यथार्थपरक वित्तीय प्रक्षेपणका आधारमा गरिनेछ । स्रोत विनियोजन गर्दा विद्यालयको आवश्यकता, विद्यार्थी संख्या, भौगोलिक अवस्था, शैक्षिक उपलब्धि, समावेशीकरण, कार्यसम्पादन तथा नतिजालाई प्रमुख आधार बनाइनेछ । नियमित अनुदानका अतिरिक्त कार्यसम्पादनमा आधारित प्रोत्साहन, नवप्रवर्तन कार्यक्रम, विशेष आवश्यकता भएका विद्यालय तथा विपन्न र दुर्गम क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकताका साथ स्रोत उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ।

नगरपालिकाले शिक्षा क्षेत्रमा हुने सम्पूर्ण वित्तीय कारोबारलाई सार्वजनिक वित्तीय व्यवस्थापनका सिद्धान्तअनुसार पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउँदै आन्तरिक नियन्त्रण प्रणाली, नियमित लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक प्रतिवेदन प्रणालीलाई थप सुदृढ गर्नेछ। यसबाट विद्यालय शिक्षा क्षेत्रमा हुने लगानीको प्रभावकारिता वृद्धि भई योजनाले परिकल्पना गरेका लक्ष्यहरू हासिल गर्न आवश्यक वित्तीय आधार सुदृढ हुने अपेक्षा गरिएको छ।

### ६.३ उद्देश्य

१. स्थानीय उद्देश्यको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा अन्य स्रोतहरूको दिगो, पर्याप्त र पूर्वानुमानयोग्य व्यवस्था गर्नु,
२. संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबीचको सहकार्य र साझेदारीमार्फत शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्नु,
३. शिक्षा क्षेत्रमा उपलब्ध स्रोतहरूको समतामूलक, पारदर्शी, मितव्ययी तथा नतिजामूलक परिचालन सुनिश्चित गर्नु,
४. विद्यालयको आवश्यकता, कार्यसम्पादन तथा शैक्षिक उपलब्धिका आधारमा स्रोत विनियोजन प्रणालीलाई संस्थागत गर्नु,
५. वित्तीय सुशासन, उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहितालाई सुदृढ गर्नु।

### ६.४ रणनीतिहरू

१. शिक्षा क्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारबाट हुने लगानी क्रमशः वृद्धि गर्ने।
२. आन्तरिक तथा बाह्य स्रोत परिचालनका माध्यमहरू विस्तार गरी स्रोतको विविधीकरण गर्ने।
३. विद्यालयको आवश्यकता, समावेशिता, कार्यसम्पादन तथा नतिजाका आधारमा स्रोत विनियोजन गर्ने।

४. र्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री बनाउने ।
५. विकास साझेदार, निजी क्षेत्र, पूर्वविद्यार्थी, समुदाय तथा सामाजिक संस्थासँग साझेदारी विस्तार गर्ने ।
६. वित्तीय जोखिम व्यवस्थापन, नियमित लेखापरीक्षण तथा सामाजिक परीक्षणलाई संस्थागत गर्ने ।

## ६.५ कार्यनीतिहरू

१. स्थानीय उद्देश्यको कार्यान्वयनका लागि आवश्यक बजेट वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत सुनिश्चित गरिनेछ ।
२. संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरूको प्रभावकारी परिचालन गरिनेछ ।
३. नगरपालिकाको आन्तरिक आयबाट शिक्षा क्षेत्रमा हुने लगानी क्रमशः वृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
४. विकास साझेदार संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, पूर्वविद्यार्थी तथा समुदायसँग साझेदारी गरी अतिरिक्त स्रोत परिचालन गरिनेछ ।
५. विद्यालयको विद्यार्थी संख्या, भौगोलिक अवस्था, समावेशीकरण, सिकाइ उपलब्धि तथा कार्यसम्पादनका आधारमा स्रोत विनियोजन गरिनेछ ।
६. विद्यालय विकास, सूचना प्रविधि, प्रयोगशाला, पुस्तकालय, खेलकुद, विपद् व्यवस्थापन तथा समावेशी शिक्षाका लागि आवश्यक विशेष अनुदान व्यवस्था गरिनेछ ।
७. कार्यसम्पादनमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहनमूलक अनुदान उपलब्ध गराइनेछ ।
८. विद्यालयको आन्तरिक स्रोत परिचालन, आयमूलक कार्यक्रम तथा स्थानीय स्रोतको उपयोगलाई प्रोत्साहन गरिनेछ ।
९. सबै वित्तीय कारोबार सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक खरिद ऐन तथा प्रचलित कानुनबमोजिम सञ्चालन गरिनेछ ।
१०. नियमित आन्तरिक तथा अन्तिम लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक प्रतिवेदन प्रणाली कार्यान्वयन गरिनेछ ।
११. शिक्षा क्षेत्रमा भएको लगानीको प्रभावकारिता मापन गरी नतिजाका आधारमा आगामी बजेट तथा कार्यक्रम निर्धारण गरिनेछ ।

## ६.६ अपेक्षित उपलब्धि

१. उद्देश्यको कार्यान्वयनका लागि पर्याप्त तथा दिगो वित्तीय स्रोत सुनिश्चित भएको हुनेछ ।
२. शिक्षा क्षेत्रमा संघ, प्रदेश, स्थानीय सरकार तथा विकास साझेदारबीच प्रभावकारी वित्तीय साझेदारी स्थापित भएको हुनेछ ।
३. विद्यालयको आवश्यकता तथा कार्यसम्पादनका आधारमा स्रोत विनियोजन प्रणाली पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ ।
४. शिक्षा क्षेत्रमा हुने लगानी पारदर्शी, उत्तरदायी तथा नतिजामुखी भएको हुनेछ ।

५. विद्यालयहरूको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय विकासका लागि आवश्यक स्रोत समयमै उपलब्ध हुने व्यवस्था स्थापित भएको हुनेछ।
६. समुदाय तथा निजी क्षेत्रको शिक्षा क्षेत्रमा सहभागिता तथा लगानी वृद्धि भएको हुनेछ।
७. वित्तीय अनुशासन, लेखापरीक्षण तथा सार्वजनिक उत्तरदायित्व सुदृढ भएको हुनेछ।

### ६.७ लक्ष्य निर्धारण (१० वर्ष)

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रमा नगरपालिकाको कुल बजेटको हिस्सा (%) | १६ | १८ | २० | २२ |
| २ | कार्यसम्पादनमा आधारित अनुदान प्राप्त विद्यालय (%) | २० | ५० | ७५ | १०० |
| ३ | नियमित सामाजिक परीक्षण गर्ने विद्यालय (%) | ६० | ८० | ९५ | १०० |
| ४ | समयमै लेखापरीक्षण सम्पन्न गर्ने विद्यालय (%) | ७५ | ९० | १०० | १०० |
| ५ | विकास साझेदारसँग साझेदारी भएका कार्यक्रम (संख्या) | ३ | ५ | ८ | १० |
| ६ | विद्यालयको आन्तरिक स्रोत परिचालन योजना भएका विद्यालय (%) | ३० | ६० | ८५ | १०० |
| ७ | वार्षिक वित्तीय प्रतिवेदन सार्वजनिक गर्ने विद्यालय (%) | ७० | ८५ | ९५ | १०० |
| ८ | शिक्षा योजनाअनुसार बजेट कार्यान्वयन (%) | ७५ | ९० | ९५ | १०० |

### ६.८ प्रमुख क्रियाकलाप तथा अनुमानित बजेट (१० वर्ष) *(रकम रु. लाखमा)*

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | बाँकी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ५ वर्ष | |
| १ | शिक्षा क्षेत्रको वित्तीय योजना तथा स्रोत प्रक्षेपण | २ | २ | २ | २ | २ | १० | २० |
| २ | स्रोत परिचालन तथा विकास साझेदारी कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | विद्यालय वित्तीय व्यवस्थापन क्षमता विकास | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ४ | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा वित्तीय पारदर्शिता कार्यक्रम | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | वित्तीय अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा विशेष अनुदान | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ७ | स्रोत परिचालन तथा वित्तीय व्यवस्थापनको मध्यावधि र अन्तिम समीक्षा | ० | ० | ३ | ० | ० | ७ | १० |
| **जम्मा** | | **१५** | **१५** | **१८** | **१५** | **१५** | **८२** | **१६०** |

### ६.९ योजना कार्यान्वयनका सम्भावित वित्तीय स्रोत

यस योजनाको उद्देश्य कार्यान्वयनका लागि निम्न स्रोतहरूबाट वित्तीय व्यवस्थापन गरिनेछः

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट (रु लाखमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल सरकारबाट प्राप्त सशर्त, समानीकरण, समपूरक तथा विशेष अनुदान | ८१५ | ४१.०३ | |
| २ | सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान | २२७ | ११.४२ | |

| | | | | |
|---|---|---|---|---|
| | तथा विशेष कार्यक्रम | | | |
| ३ | मेलौली नगरपालिकाको आन्तरिक राजस्व तथा वार्षिक बजेट | ३४५ | १७.३६ | |
| ४ | विकास साझेदार संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र नागरिक समाज | २४५ | १२.३३ | |
| ५ | निजी क्षेत्र, सहकारी संस्था तथा सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रम | ५५ | २.७७ | |
| ६ | विद्यालयको आन्तरिक आय तथा पूर्व-विद्यार्थीहरूको योगदान | १०० | ५.०३ | |
| ७ | अभिभावक तथा स्थानीय समुदायको श्रमदान, नगद तथा जिन्सी सहयोग | १०० | ५.०३ | |
| ८ | स्थानीय दाता तथा अन्य कानुनसम्मत स्रोतहरू | १०० | ५.०३ | |
| | **जम्मा** | **१९८७** | **१००** | |

**६.१० विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण (रकम रु. लाखमा)**

| क्र.सं. | शिक्षाका उप-क्षेत्रहरू | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ४० | ४० | ४० | ४० | ४० | २०० | ८० | २० | १०० |
| २ | आधारभूत शिक्षा | ६० | ६० | ६० | ६० | ६० | ३०० | १२० | ३० | १५० |
| ३ | माध्यमिक शिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | १२० | ३० | १०० |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १५ | १५ | १५ | १५ | १५ | ७५ | २५ | १० | ४० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | १० | १० | १० | १० | १० | ५० | १० | १० | ३० |
| ६ | शिक्षक व्यवस्थापन तथा विकास | २० | २० | २० | २० | २० | १०० | २० | १० | ७० |
| ७ | शैक्षिक समता तथा | १५ | १५ | १५ | १५ | १५ | ७५ | २५ | १० | ४० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समावेशीकरण | | | | | | | | | |
| ८ | अन्तरसम्बन्धित विषय क्षेत्र | २५ | २५ | २५ | २५ | २५ | १२५ | ४० | १५ | ७० |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ८० | २० | ७५ |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | ७७ | ७७ | ७७ | ७७ | ७७ | ३८५ | २३० | ४० | ११५ |
| ११ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | १० | ५ | १० |
| १२ | विद्यालय सुरक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | १० | ५ | १० |
| १३ | संस्थागत क्षमता विकास | २० | २० | २० | २० | २० | १०० | २५ | १० | ६५ |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १० | १० | १० | १० | १० | ५० | १० | ५ | ३५ |
| १५ | योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | १० | १० | १२ | १० | १० | ५२ | १० | ७ | ३५ |
| **जम्म** | | **३९७** | **३९७** | **३९९** | **३९७** | **३९७** | १९८७ | ८१५ | २२७ | ९४५ |

## ६.११ वित्तीय रणनीति

उद्देश्यको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको सुनिश्चितता, प्रभावकारी उपयोग तथा दीगो व्यवस्थापन गरिनेछ । संविधान, विद्यालय शिक्षा सम्बन्धी कानुनी व्यवस्था, राष्ट्रिय शिक्षा नीति, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तहको आवधिक योजना अनुरूप बहुस्रोतमा आधारित वित्तीय रणनीति अवलम्बन गरिनेछ ।

### वित्तीय रणनीतिहरू

१. स्थानीय तहको वार्षिक बजेटमा विद्यालय शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता प्रदान गर्दै क्रमशः लगानी वृद्धि गर्ने ।
२. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदानको अधिकतम उपयोग गर्ने ।

३. उद्देश्य र वार्षिक कार्यक्रमबीच पूर्ण तादात्म्यता कायम गरी आवश्यकता आधारित बजेट विनियोजन गर्ने ।
४. शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार, सिकाइ सुधार, समावेशी शिक्षा, सूचना प्रविधि तथा विपद् व्यवस्थापन जस्ता प्राथमिकताका क्षेत्रमा पर्याप्त लगानी सुनिश्चित गर्ने ।
५. विद्यालयको कार्यसम्पादन, नतिजा तथा आवश्यकताका आधारमा स्रोत वितरण प्रणालीलाई क्रमशः प्रभावकारी बनाउने ।
६. सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउने ।
७. बाह्य विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायबाट प्राप्त हुने सहयोगलाई स्थानीय प्राथमिकतासँग एकीकृत गरी परिचालन गर्ने ।
८. उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारी तथा नतिजामुखी उपयोग सुनिश्चित गर्दै नियमित वित्तीय अनुगमन तथा लेखापरीक्षण प्रणालीलाई सुदृढ गर्ने ।

**६.१२ स्रोत परिचालन योजना**

उद्देश्यको कार्यान्वयनका लागि आवश्यक वित्तीय, प्राविधिक, भौतिक तथा मानवीय स्रोतहरू बहुआयामिक रूपमा परिचालन गरिनेछ । स्रोत परिचालनका प्रमुख आधारहरू निम्नानुसार रहनेछन् ।

**१. आन्तरिक स्रोत**

१. स्थानीय तहको आन्तरिक राजस्व
२. शिक्षा शीर्षक अन्तर्गतको वार्षिक बजेट
३. स्थानीय शिक्षा कोष तथा विशेष शिक्षा कोष
४. विद्यालयको आन्तरिक आय तथा वैधानिक स्रोत
५. समुदाय, अभिभावक तथा पूर्वविद्यार्थीहरूको स्वैच्छिक सहयोग

**२. बाह्य स्रोत**

१. संघीय सरकारका विभिन्न शिक्षा कार्यक्रम तथा अनुदान
२. प्रदेश सरकारबाट प्राप्त अनुदान तथा विशेष कार्यक्रम
३. विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय सहयोग
४. गैरसरकारी संस्था (NGO/INGO)
५. निजी क्षेत्र तथा सामाजिक उत्तरदायित्व कार्यक्रम
६. विश्वविद्यालय, प्राविधिक संस्था तथा अनुसन्धान निकायसँगको सहकार्य

**३. स्रोत परिचालनका रणनीतिहरू**

१. उद्देश्य अनुरूप वार्षिक स्रोत परिचालन योजना तयार गर्ने ।
२. संघ, प्रदेश तथा विकास साझेदारसमक्ष परियोजना प्रस्ताव तयार गरी अतिरिक्त स्रोत आकर्षित गर्ने ।
३. स्थानीय उद्योग, व्यवसायी, सहकारी तथा बैंकिङ संस्थासँग सहकार्य विस्तार गर्ने ।

४. विद्यालय सुधार, पुस्तकालय, प्रयोगशाला, ICT, खेलकुद तथा समावेशी शिक्षाका लागि लक्षित स्रोत परिचालन गर्ने ।
५. सामुदायिक सहभागिता, श्रमदान, स्थानीय सामग्री तथा सामाजिक योगदानलाई प्रोत्साहन गर्ने ।
६. प्राप्त सबै स्रोतको पारदर्शी अभिलेखीकरण, सार्वजनिक परीक्षण तथा नियमित प्रतिवेदन प्रणाली लागू गर्ने ।

**अपेक्षित परिणाम**

१. विद्यालय शिक्षा क्षेत्रमा आवश्यक वित्तीय स्रोतको दिगो उपलब्धता सुनिश्चित हुनेछ ।
२. बाह्य तथा आन्तरिक स्रोतको प्रभावकारी समन्वय हुनेछ ।
३. प्राथमिकताका कार्यक्रमहरू समयमै कार्यान्वयन हुनेछन् ।
४. वित्तीय पारदर्शिता, जवाफदेहिता तथा नतिजामुखी खर्च प्रणाली सुदृढ हुनेछ ।

## ६.१३ साझेदारी ढाँचा

उद्देश्यको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाबीच सहकार्य, समन्वय तथा साझा उत्तरदायित्वको सिद्धान्तमा आधारित साझेदारी ढाँचा अवलम्बन गरिनेछ ।

**साझेदार निकाय तथा भूमिका**

| **साझेदार निकाय** | **प्रमुख भूमिका** |
|---|---|
| स्थानीय सरकार | नीति निर्माण, योजना, बजेट, समन्वय, अनुगमन तथा समग्र नेतृत्व |
| संघीय सरकार | नीति, मापदण्ड, अनुदान, प्राविधिक सहयोग तथा क्षमता विकास |
| प्रदेश सरकार | प्राविधिक सहयोग, अनुदान, क्षमता विकास तथा अनुगमन |
| विद्यालय व्यवस्थापन समिति | विद्यालय सञ्चालन, स्थानीय स्रोत परिचालन तथा सामाजिक उत्तरदायित्व |
| प्रधानाध्यापक तथा शिक्षक | गुणस्तरीय शिक्षण, सिकाइ सुधार तथा विद्यालय सुधार योजना कार्यान्वयन |
| अभिभावक तथा समुदाय | विद्यार्थी सहयोग, विद्यालय अनुगमन, सामाजिक सहभागिता तथा स्थानीय सहयोग |
| विकास साझेदार संस्था | प्राविधिक सहायता, नवप्रवर्तन, क्षमता विकास तथा वित्तीय सहयोग |
| गैरसरकारी संस्था | लक्षित कार्यक्रम कार्यान्वयन, समावेशी शिक्षा तथा समुदाय परिचालन |

| | |
|---|---|
| निजी क्षेत्र तथा सहकारी संस्था | सामाजिक उत्तरदायित्व कार्यक्रम, छात्रवृत्ति, पूर्वाधार विकास, डिजिटल शिक्षा तथा सीप विकासमा सहयोग |
| युवा क्लब, महिला समूह तथा नागरिक समाज | जनचेतना, सामाजिक निगरानी तथा समुदाय परिचालन |

**साझेदारी कार्यान्वयनका सिद्धान्तहरू**

१. साझा योजना, साझा लगानी तथा साझा उत्तरदायित्व
२. स्थानीय आवश्यकता तथा प्राथमिकतामा आधारित साझेदारी
३. पारदर्शिता, समावेशिता, उत्तरदायित्व तथा सुशासन
४. नियमित समन्वय बैठक, संयुक्त समीक्षा तथा प्रगति मूल्याङ्कन
५. दोहोरो लगानी न्यूनीकरण गर्दै स्रोतको प्रभावकारी उपयोग
६. लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा बालअधिकारको सुनिश्चितता
७. विपद् तथा आपतकालीन अवस्थाका लागि बहुपक्षीय सहकार्य संयन्त्रको विकास

**अपेक्षित उपलब्धि**

१. शिक्षा क्षेत्रमा सबै सरोकारवालाबीच प्रभावकारी समन्वय तथा सहकार्य स्थापित हुनेछ।
२. अतिरिक्त वित्तीय तथा प्राविधिक स्रोत परिचालनमा वृद्धि हुनेछ।
३. उद्देश्यको कार्यान्वयन प्रभावकारी, दिगो तथा परिणाममुखी हुनेछ।
४. स्थानीय सरकारको नेतृत्वमा साझेदारीमा आधारित शिक्षा प्रणाली सुदृढ हुनेछ।

परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

नगर शिक्षा क्षेत्र योजना (२०८३-२०९२) को प्रभावकारी कार्यान्वयनबाट मात्र योजनाले परिकल्पना गरेका उद्देश्य, लक्ष्य तथा अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिन्छ। योजना कार्यान्वयनलाई नतिजामुखी, पारदर्शी, उत्तरदायी तथा दिगो बनाउन स्पष्ट संस्थागत व्यवस्था, प्रभावकारी समन्वय, नियमित अनुगमन, वस्तुगत मूल्याङ्कन तथा निरन्तर सहजीकरण आवश्यक हुन्छ । योजना कार्यान्वयनका क्रममा स्थानीय सरकार, विद्यालय, समुदाय, अभिभावक, शिक्षक, विद्यार्थी, सङ्घ तथा प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र तथा नागरिक समाजबीच सहकार्य र साझेदारीलाई विशेष महत्व दिइनेछ।

यस योजनाको कार्यान्वयन वार्षिक कार्ययोजना, बजेट तथा कार्यक्रममार्फत चरणबद्ध रूपमा गरिनेछ। योजनाको प्रगति मापनका लागि नतिजामा आधारित कार्यसम्पादन सूचक (Key Performance Indicators) प्रयोग गरिनेछ । साथै, सूचना व्यवस्थापन प्रणाली (EMIS/IEMIS), विद्यालय अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा वार्षिक समीक्षा प्रक्रियामार्फत योजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। प्राप्त सिकाइ, अनुभव तथा चुनौतीका आधारमा आवश्यकता अनुसार योजनालाई समयानुकूल परिमार्जन तथा अद्यावधिक गरिने व्यवस्था गरिनेछ।

### ७.२ उद्देश्य

१. नगर शिक्षा योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु,
२. शिक्षा क्षेत्रका कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्नु,
३. शिक्षा क्षेत्रका सबै सरोकारवालाबीच प्रभावकारी समन्वय, सहकार्य तथा सहजीकरण अभिवृद्धि गर्नु,
४. तथ्यमा आधारित निर्णय प्रणाली विकास गरी योजनाको उपलब्धि तथा प्रभावकारिता सुनिश्चित गर्नु।

### ७.३ रणनीतिहरू

१. वार्षिक कार्ययोजना तथा बजेटका आधारमा योजना कार्यान्वयन गर्ने।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने।
३. EMIS/IEMIS लगायतका सूचना प्रणालीलाई प्रभावकारी रूपमा प्रयोग गर्ने।
४. विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण तथा शैक्षिक सहजीकरण गर्ने।
५. वार्षिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्ने।
६. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सामाजिक उत्तरदायित्वका अभ्यासहरू प्रवर्द्धन गर्ने।
७. सङ्घ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारबीच समन्वय र सहकार्य सुदृढ गर्ने।
८. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने।
९. अनुगमनबाट प्राप्त सुझावका आधारमा सुधारात्मक कार्ययोजना कार्यान्वयन गर्ने।

### ७.४ कार्यनीतिहरू

१. नगर शिक्षा योजनाअनुसार प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्ययोजना तथा बजेट तयार गरी कार्यान्वयन गरिनेछ।
२. प्रत्येक विद्यालयले विद्यालय सुधार योजना (SIP) लाई नगर शिक्षा योजनासँग आबद्ध गरी कार्यान्वयन गर्नेछ।
३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित विद्यालय अनुगमन तथा शैक्षिक सुपरिवेक्षण गरिनेछ।
४. विद्यालयको कार्यसम्पादन, सिकाइ उपलब्धि तथा वित्तीय व्यवस्थापनको नियमित समीक्षा गरिनेछ।
५. विद्यालय तथा नगरस्तरमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण सञ्चालन गरिनेछ।
६. शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS/IEMIS) का तथ्याङ्क नियमित अद्यावधिक गरी योजना निर्माण तथा निर्णय प्रक्रियामा प्रयोग गरिनेछ।
७. नगर शिक्षा समितिको नियमित बैठकमार्फत योजना कार्यान्वयनको समीक्षा गरिनेछ।
८. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाका लागि आवश्यक प्राविधिक सहजीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
९. वार्षिक प्रगति प्रतिवेदन तयार गरी नगर कार्यपालिका तथा सम्बन्धित निकायमा पेश गरिनेछ।
१०. योजना कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती समाधानका लागि सुधारात्मक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
११. योजनाको पाँचौं वर्षमा मध्यावधि मूल्याङ्कन तथा दशौं वर्षमा अन्तिम मूल्याङ्कन गरिनेछ।

### ७.५ कार्यान्वयनको संस्थागत व्यवस्था

यस नगर शिक्षा योजनाको समग्र नेतृत्व नगर कार्यपालिकाले गर्नेछ। योजना कार्यान्वयनको मुख्य जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ। विद्यालयस्तरमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूले वार्षिक कार्यक्रम कार्यान्वयन गर्नेछन्। वडा कार्यालयहरूले स्थानीय स्तरमा समन्वय, अनुगमन तथा सहजीकरण गर्नेछन्। आवश्यकताअनुसार सङ्घ तथा प्रदेश सरकार, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ।

### ७.६ अनुगमन तथा मूल्याङ्कन व्यवस्था

योजना कार्यान्वयनको प्रगति निम्न तहमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

| तह | अनुगमन अवधि | जिम्मेवार निकाय |
|---|---|---|
| विद्यालयस्तर | मासिक | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक सङ्घ |
| वडा स्तर | त्रैमासिक | वडा कार्यालय/वडा समिति |
| नगर स्तर | अर्धवार्षिक | शिक्षा, युवा तथा खेलकुद शाखा/ नगर शिक्षा समिति |

| | | |
|---|---|---|
| | वार्षिक | नगर कार्यपालिका/नगर शिक्षा समिति/शिक्षा शाखा |
| मध्यावधि समीक्षा | पाँच वर्ष | नगर कार्यपालिका/नगर शिक्षा समिति/शिक्षा शाखा |
| अन्तिम मूल्याङ्कन | दश वर्ष | स्वतन्त्र मूल्याङ्कन टोली/ नगर कार्यपालिका |

अनुगमनका क्रममा निम्न पक्षहरूलाई विशेष प्राथमिकता दिइनेछः

१. वार्षिक लक्ष्य तथा सूचकहरूको प्रगति
२. बजेट कार्यान्वयनको अवस्था
३. सिकाइ उपलब्धि तथा विद्यार्थीको प्रगति
४. विद्यालय भर्ना, टिकाइ तथा समावेशीकरण
५. शिक्षक व्यवस्थापन तथा क्षमता विकास
६. विद्यालय पूर्वाधार तथा ICT प्रयोग
७. विद्यालय सुशासन तथा वित्तीय पारदर्शिता
८. GESI तथा बालमैत्री मापदण्डको कार्यान्वयन

### ७.७ समन्वय तथा सहजीकरण

नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायबीच नियमित समन्वय तथा सहकार्य गरिनेछ।

१. नगर कार्यपालिका, नगर शिक्षा समिति तथा शिक्षा शाखाबीच नियमित समन्वय गरिनेछ।
२. वडा कार्यालय, विद्यालय तथा समुदायबीच निरन्तर सहकार्य गरिनेछ।
३. सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक नीति, कार्यक्रम तथा स्रोत व्यवस्थापनमा समन्वय गरिनेछ।
४. विकास साझेदार तथा गैरसरकारी संस्थासँग प्राथमिकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।
५. विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक तथा विद्यार्थीबीच सहभागितामूलक योजना कार्यान्वयन गरिनेछ।
६. निजी क्षेत्र, सामुदायिक सिकाइ केन्द्र तथा स्थानीय संघसंस्थासँग सहकार्य विस्तार गरिनेछ।
७. शिक्षा क्षेत्रमा प्राप्त उत्कृष्ट अभ्यास, नवप्रवर्तन तथा सफल अनुभवहरूको आदान–प्रदान गरिनेछ।

### ७.८ अपेक्षित उपलब्धि

१. नगर शिक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
२. वार्षिक लक्ष्य तथा सूचकहरूको नियमित अनुगमन र मूल्याङ्कन हुने व्यवस्था स्थापित भएको हुनेछ।

३. शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS/IEMIS) तथ्यमा आधारित निर्णय प्रक्रियाको आधार बनेको हुनेछ ।
४. विद्यालयको कार्यसम्पादन, सुशासन तथा उत्तरदायित्वमा उल्लेखनीय सुधार आएको हुनेछ ।
५. शिक्षा क्षेत्रमा सङ्घ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारबीच प्रभावकारी समन्वय स्थापित भएको हुनेछ ।
६. विद्यालय, अभिभावक तथा समुदायको सहभागिता र स्वामित्व अभिवृद्धि भएको हुनेछ ।
७. अनुगमनबाट प्राप्त सुझावका आधारमा निरन्तर सुधार गर्ने संस्थागत अभ्यास विकास भएको हुनेछ ।
८. नगरपालिकाको शिक्षा प्रणाली थप पारदर्शी, उत्तरदायी, परिणाममुखी तथा दिगो बनेको हुनेछ ।

## ७.७ परिणाममुखी अनुगमन तथा मूल्याङ्कन रूपरेखा

**तालिका ७.७.१ परिणाममुखी अनुगमन तथा मूल्याङ्कन रूपरेखा**

| क्र.सं. | उद्देश्य | अपेक्षित उपलब्धि | प्रमुख कार्यसम्पादन सूचक | आधार अवस्था (२०८२) | लक्ष्य (२०९२) | प्रमाणीकरणका स्रोत | अनुगमन आवृत्ति | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने | विद्यालय उमेरका सबै बालबालिका शिक्षामा आबद्ध हुने | खुद भर्ना दर , विद्यालयबाहिर रहेका बालबालिकाको संख्या, टिकाउ दर | विद्यालयबाहिर १८६ जना, खुद भर्नादर ९५. प्रतिशत | NER ९९+%, विद्यालयबाहिर ० | EMIS/IEMIS, विद्यालय अभिलेख | वार्षिक | शिक्षा शाखा, विद्यालय |
| २ | शिक्षण–सिकाइको गुणस्तर सुधार गर्ने | सिकाइ उपलब्धि र परीक्षा नतिजामा सुधार | सिकाइ उपलब्धि, SEE उत्तीर्ण प्रतिशत, शिक्षक तालिम प्राप्त दर | आधार तथ्याङ्क | वार्षिक वृद्धि | परीक्षा नतिजा, CEHRD, विद्यालय | वार्षिक | शिक्षा शाखा |
| ३ | जीवनोपयोगी तथा सीपमूलक शिक्षा विस्तार गर्ने | विद्यार्थीमा सीप तथा उद्यमशीलता विकास | स्थानीय पाठ्यक्रम लागू भएका विद्यालय, TVET कार्यक्रममा आबद्ध विद्यार्थी | आधार तथ्याङ्क | सबै माध्यमिक विद्यालय | विद्यालय प्रतिवेदन | वार्षिक | शिक्षा शाखा |

| ७ | ६ | ५ | ४ |
|---|---|---|---|
| आजीवन सिकाइ तथा साक्षरता विस्तार गर्ने | स्रोत परिचालन र वित्तीय व्यवस्थापन सुदृढ गर्ने | विद्यालय सुशासन सुदृढ गर्ने | समावेशी, सुरक्षित र बालमैत्री विद्यालय विकास गर्ने |
| सामुदायिक सिकाइ केन्द्र प्रभावकारी हुने | शिक्षा क्षेत्रमा दिगो वित्तीय व्यवस्था हुने | विद्यालय व्यवस्थापन र उत्तरदायित्वमा सुधार | सबै विद्यालय न्यूनतम मापदण्डअनुसार सञ्चालन हुने |
| सञ्चालनमा रहेका सिकाइ केन्द्र, साक्षर बनेका वयस्क, सीप तालिम प्राप्त संख्या | शिक्षा बजेट वृद्धि, बाह्य स्रोत परिचालन, बजेट खर्च प्रतिशत | SIP अद्यावधिक भएका विद्यालय, सामाजिक परीक्षण, नियमित अनुगमन | सुरक्षित भवन, अपाङ्गतामैत्री संरचना, WASH, बालमैत्री विद्यालय संख्या |
| आधार तथ्याङ्क | आधार तथ्याङ्क | आधार तथ्याङ्क | आधार तथ्याङ्क |
| वार्षिक वृद्धि | वार्षिक वृद्धि | १००विद्यालय % | १००विद्यालय % |
| CLC प्रतिवेदन | पालिका बजेट, लेखा प्रतिवेदन | SIP, अनुगमन प्रतिवेदन | विद्यालय निरीक्षण प्रतिवेदन |
| वार्षिक | वार्षिक | अर्धवार्षिक | अर्धवार्षिक |
| शिक्षा शाखा | पालिका | शिक्षा शाखा | पालिका, विद्यालय |

**तालिका ७.२: परिणाम शृङ्खला (Results Chain)**

| लगानी | क्रियाकलाप | प्रतिफल | परिणाम | प्रभाव |
|---|---|---|---|---|
| बजेट, शिक्षक, पूर्वाधार, ICT, साझेदारी | भर्ना अभियान, शिक्षक तालिम, ICT विस्तार, पूर्वाधार निर्माण, अनुगमन | प्रशिक्षित शिक्षक, स्मार्ट कक्षा, सुरक्षित विद्यालय, भर्ना भएका विद्यार्थी | सिकाइ उपलब्धिमा सुधार, टिकाउ दर वृद्धि, समावेशी र समतामूलक पहुँच | गुणस्तरीय, समावेशी, जीवनोपयोगी शिक्षा मार्फत उद्यमशील तथा सक्षम नागरिक निर्माण |

**तालिका ७.३: अनुगमन तथा मूल्याङ्कन कार्यतालिका**

| अनुगमन विषय | सूचक | आवृत्ति | जिम्मेवार |
|---|---|---|---|
| विद्यार्थी भर्ना तथा नियमितता | भर्ना, उपस्थिती, विद्यालयबाहिर बालबालिका | त्रैमासिक | विद्यालय, शिक्षा शाखा |
| शिक्षण-सिकाइ | कक्षा अवलोकन, सिकाइ उपलब्धि | अर्धवार्षिक | शिक्षा शाखा |
| शिक्षक व्यवस्थापन | तालिम, कार्यसम्पादन | वार्षिक | पालिका |
| विद्यालय पूर्वाधार | भवन, WASH, ICT | अर्धवार्षिक | प्राविधिक शाखा |
| वित्तीय व्यवस्थापन | बजेट खर्च, लेखापरीक्षण | वार्षिक | आर्थिक प्रशासन शाखा |
| योजना कार्यान्वयन | क्रियाकलाप प्रगति | चौमासिक | शिक्षा शाखा |

**तालिका ७.४: जोखिम न्यूनीकरण योजना (Risk Management Matrix)**

| सम्भावित जोखिम | प्रभाव | न्यूनीकरण उपाय |
|---|---|---|
| विद्यार्थी संख्या घट्दै जानु | विद्यालय सञ्चालन प्रभावित | विद्यालय समायोजन, आकर्षक कार्यक्रम |
| बसाइँसराइ | भर्ना र टिकाउ दर घट्ने | विद्यार्थी ट्र्याकिङ र पुनःभर्ना |
| सीमित बजेट | योजना कार्यान्वयन | सङ्घ, प्रदेश, विकास साझेदार तथा स्थानीय स्रोत |

| | प्रभावित | परिचालन |
|---|---|---|
| प्राकृतिक विपद् | सिकाइ अवरुद्ध | विद्यालय सुरक्षा योजना र वैकल्पिक सिकाइ व्यवस्था |
| ICT पूर्वाधार अभाव | डिजिटल शिक्षामा असर | चरणबद्ध ICT विस्तार |

## अनुसूचीहरु

**अनुसूची १: शिक्षा क्षेत्रको समस्या वृक्ष (Problem Tree)**

**प्रभाव (Effects)**

१. माध्यमिक तहमा विद्यार्थी टिकाउ दर घट्नु
२. विद्यालयबाहिर बालबालिकाको संख्या कायम रहनु
३. सिकाइ उपलब्धि कमजोर हुनु
४. दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादनमा कमी
५. स्थानीय सामाजिक तथा आर्थिक विकासमा असर
६. SDG तथा SESP का लक्ष्य हासिल गर्न कठिनाइ

**मुख्य समस्या (Core Problem)**

**"समतामूलक, गुणस्तरीय, समावेशी तथा दिगो विद्यालय शिक्षा सुनिश्चित हुन नसक्नु"**

**प्रत्यक्ष कारण (Immediate Causes)**

१. माध्यमिक तहमा न्यून भर्ना तथा टिकाउ दर
२. विद्यालयबाहिर बालबालिकाको संख्या
३. कमजोर सिकाइ उपलब्धी
४. शिक्षक व्यवस्थापनमा समस्या
५. समावेशी शिक्षा कमजोर
६. ICT तथा पूर्वाधारको कमी
७. सुशासन तथा स्रोत व्यवस्थापन कमजोर

मूल कारण (Root Causes)

१. अपर्याप्त लगानी तथा वित्तीय स्रोत
२. शिक्षा नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु
३. विषयगत जनशक्ति तथा प्राविधिक क्षमता कमजोर हुनु
४. शिक्षा क्षेत्रमा कमजोर समन्वय र साझेदारी
५. पालिकाको भौगोलिक विकटता तथा प्राकृतिक विपद् जोखिम
६. पालिकामा रहेको गरिबी, अशिक्षा तथा सामाजिक कुरीति
७. सूचना व्यवस्थापन तथा अनुसन्धान प्रणाली कमजोर